# कुमाल जातिको चिनारी

डा. कृष्णराज सर्वहारी
नविन मुखिया कुमाल
तिलकबहादुर कुमाल

प्रकाशक
नेपाल सरकार
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर

# कुमाल जातिको चिनारी

**लेखकहरू** : डा. कृष्णराज सर्वहारी, नविन मुखिया कुमाल, तिलकबहादुर कुमाल
**प्रबन्ध सम्पादक** : सरीना गुरुङ
**भाषा सम्पादक** : पदम राई

**प्रकाशक** : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर, नेपाल
फोन नं. +९७७-०१-५१८३२५२/५१८३१७४
Email: mail@nfdin.gov.np
URL: www.nfdin.gov.np

**सर्वाधिकार** : प्रकाशक
**प्रकाशन प्रति** : ३००
**संस्करण** : प्रथम, वि.सं. २०८१ (सन् २०२४)

**मुद्रण** : क्लासिक प्रिन्टिङ सर्भिस
अनामनगर, काठमाडौं, नेपाल
फोनः +९७७-०१-४१०२६०२

**ISBN:** : 978-9937-961028

---

**Kumal Introduction**, researched and written by **Dr. Krishna Raj Sarbahari, Navin Mukhiya Kumal & Tilak Bahadur Kumal** in 2024.
प्रकाशकको स्वीकृति नलिई समीक्षा र अन्य अनुसन्धानात्मक उद्धरणबाहेक यस पुस्तकको कुनै पनि अंश पुनः मुद्रण गर्न पाइने छैन ।

नेपाल सरकार

# आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

सानेपा, ललितपुर

## उपाध्यक्षको मन्तव्य

नेपालका आदिवासी जनजातिहरूका मातृभाषा, लिपि, संस्कार-संस्कृति प्रकाशन गर्ने सिलसिलामा '**कुमाल जातिको चिनारी**' नामक कृति प्रकाशन गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ।

नेपालको अमूल्य सम्पत्तिका रूपमा रहेका बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक सामाजिक विशेषतहरु हाम्रो देशको विशिष्ट परिचयहरू हुन् । यी अमूल्य निधिहरूका विकास, संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मार्फत ५९ समुदायलाई आदिवासी जनजातिको रूपमा सूचीकृत गरिएको छ। यसै संयन्त्रमार्फत आदिवासी जनजातिसँग सम्बन्धित जाति, भाषा, धर्म, संस्कार-संस्कृति, इतिहास र मातृभाषा साहित्यका अध्ययन-अनुसन्धानदेखि प्रकाशनमा प्रतिष्ठानले सहयोग गर्दै आएको छ। '**कुमाल जातिको चिनारी**' त्यहीँ श्रृङ्खलाको निरन्तरतास्वरूप प्रकाशन गरिएको हो।

प्रस्तुत कृतिले **कुमाल** समुदायका भाषिक, सांस्कृतिक, धार्मिक राजनैतिक, आर्थिक र शैक्षिक अवस्थाको उजागर गरी यस क्षेत्रमा अध्ययन-अनुसन्धान गर्न चाहने अध्येताका लागि महत्वपूर्ण सन्दर्भ सामग्री बन्ने कुरामा कुनै द्विविधा छैन।

अन्त्यमा, अनुसन्धाता तथा लेखक **डा. कृष्णराज सर्वहारी, नविन मुखिया कुमाल, तिलकबहादुर कुमाल**का लेखन कार्य अझ निखारिदै आदिवासी जनजातिहरूको भाषा, धर्म, संस्कति, संस्कार परम्परागत ज्ञान/शीप प्रतिको चासो अझ प्रगाध हुदै जानेछ भन्ने विश्वासका साथ यस कृतिको अनुसन्धान, लेखन, सम्पादन, विश्लेषणात्मक टिप्पणी र प्रकाशनमा संलग्न सम्बन्धित सबैलाई धन्यवाद दिन चाहन्छु।



..............................

**गोकुलप्रसाद घर्ती**

(उपाध्यक्ष)

नेपाल सरकार
# आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
## सानेपा, ललितपुर

## प्रकाशकीय

जातिशास्त्रीय चिनारी श्रृङ्खला- ३० मा **कुमाल चिनारी**लाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र **कुमाल समाज नेपाल केन्द्रीय समिति**को संयुक्त प्रयासबाट प्रकाशनमा आउन सफल भएको हो ।

नेपालका आदिवासी जनजातिहरूका जातीय, भाषिक, धार्मिक, सांस्कृतिकजस्ता विविध विषयहरूमा सहयोग गर्न **आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**को स्थापना भएको हो । वि.सं. २०४६ सालको राजनैतिक परिवर्तनपछि नेपालमा **राष्ट्रिय विकास समिति**मार्फत आदिवासी जनजातिहरूलाई सहयोग भइरहेको थियो । वि.सं. २०५८ सालमा ऐनमार्फत **आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**को स्थापना र समायोजन भई आदिवासी जनजातिहरूका हितमा वृहत्तर र प्रभावकारी रूपमा यी समुदायका लागि काम गरिरहेको छ ।

पिछडिएका यी समुदायलाई देशको मूल प्रवाहमा ल्याउनको लागि वर्षेनी विभिन्न कार्यक्रम र परियोजनाहरूमार्फत सहयोग भइरहेको छ । आदिवासी जनजातिका बारेमा लेखिएका ऐतिहासिक दस्तावेज, जातीय, भाषिक, सांस्कृतिक, सामाजिक, आर्थिक, धार्मिक, आदि विविध आयामका दस्तावेजहरूलाई प्रतिष्ठानले कुनै सिधै त कुनै अध्ययन-अनुसन्धान गराई कृतिको रूपमा प्रकाशन गर्दै पाठकसामु ल्याउने काम गर्दै आइरहेको छ । यसैको निरन्तरतास्वरूप '**कुमाल जातिको चिनारी**' प्रकाशित गरिएको हो ।

प्रतिष्ठानले सूचीकृत आदिवासी जनजाति समूहका जातीय चिनारी (इथ्नोग्राफिक प्रोफाइल) तयार पार्ने क्रममा अनुसन्धानदातात्रय **डा. कृष्णराज सर्वहारी**, **नविन मुखिया कुमाल, तिलकबहादुर कुमाल**ले आ.व. २०६६/२०६७ मा **कुमाल जातिको चिनारी**को अध्ययन-अनुसन्धान गर्नुभएको थियो । सो अध्ययन र लेखन प्रक्रियामा वैज्ञानिक पद्दति, मार्गनिर्देशन, सुपरीवेक्षण कार्य डा. लाल श्याँकारेलु रापचाले र सहप्राध्यापक जनक राईले विश्लेषणात्मक टिप्पणी गर्नुभएको हो । **कुमाल** जातिको बारेमा यस कृतिले धेरै हदसम्म जान्न र बुझ्नलाई सहयोग पुग्ने छ भन्ने अपेक्षा गरिएको छ । यस प्रकाशित पुस्तकमा व्यक्त विचारहरू लेखकका निजी हुन् ।

अन्तमा अध्ययन-अनुसन्धानदेखि प्रकाशनसम्मको कार्यमा लेखक, '**कुमाल समाज नेपाल, केन्द्रीय समिति**'को सहकार्य, यो कार्यमा सहयोग गर्नुहुने सहभागीहरू, भाषा सम्पादन गर्नुहुने पदम राई साथै यो पुस्तक प्रकाशनसँग प्रत्यक्ष-परोक्ष रूपमा जोडिनुभएका महानुभावहरूलाई एकमुष्ट धन्यवाद व्यक्त गर्दछु ।

**सरीना गुरुङ**
निमित्त प्रमुख
प्राज्ञिक तथा अनुसन्धान महाशाखा

स.क.प.आ.न. १३९०४
का.जि.प्र.का.द.नं. १७१/०५९/०६०

# कुमाल समाज नेपाल

**केन्द्रीय समिति, काठमाण्डौ**

**२०५०**

प.सं. ०८०-०८१-२३
च.नं.

मिति : २०८०-१२-१९

!! अध्यक्ष शुभकामना !!

**आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान द्वारा** नेपालका सिमान्तकृत आदिवासी जनजाति अर्न्तगत शुचिकृत "**कुमाल जातिको**" बारेमा '**कुमाल चिनारी**' नामक (इथ्नोग्राफिक प्रोफाइल) कृति प्रकाशन गर्न लागेको विषय मलाई अत्यन्तै खुसी लागेको छ।
नेपालको ५९ सुचिकृत आदिवासी जनजाति मध्ये कुमाल जातिको पनि आफनो मैलिक, भाषा, धर्म, भेषभुषा, संस्कार र विशिष्ट सामाजिक तथा सास्कृतिक पहिचान छ। राज्यको विभेदकारी नितिका कारण यो समुदायको पहिचानको न्यायोचित सम्वोधन, संरक्षण, र प्रवर्द्धन अझै पनि हुन नसक्नु अत्यान्तै दुखत कुरा हो। तथापि, देशका मुख्यतया पहाड र भित्रि मधेशका जंगल, नदि किनार र समथर उर्भर भूमिको सेरोफेरोमा बसोवास गर्ने कुमाल जातिको बारेमा अध्यन अनुसन्धान गर्ने कुरा आफैमा प्रशंसनिय छ।

आदिमकाल देखि यो भुमिमा बसोबास गर्दै आइरहेको कुमाल समुदाय मुलुको ऐतिहासिक महत्वपूर्ण र पहिचान बोकेको छ। नेपालमा माटोको भाँडा बनाउँने इतिहास २६०० वर्ष पुरानो माटोको भाँडाका अवशेष नेपालको लुम्बिनिमा भेटिएको तथ्य प्रमाण, सिन्धुघाँटी सभ्यतासंगको सम्बन्ध, जस्ता विषयहरुको अन्तरकुन्जबाट कुमाल जातिको ईतिहास र महत्वले अध्यन अनुसन्धानको दायरालाई फराकिलो पार्दछ जस्को थप खोज अध्यन गर्न जरुरी छ।

अन्तमा, यो प्रकशनले कुमाल जातिको विषयममा महत्वपुर्ण दस्तावेजको रुपमा सहयोग पुऱ्याउने विश्वासका साथ यस अध्ययन-अनुसन्धानदेखि प्रकाशनसम्मको कार्यमा लेखकः **डा. कृष्णराज सर्वहारी**, नविन मुखिया कुमाल, तिलकबहादुर कुमाल, र प्रकाशकः **आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**,लाई कुमाल समाज नेपाल, केन्द्रीय समितिको कार्यवाहक अध्यक्षको तर्फबाट मेरो धन्यवाद र शुभकामना व्यक्त गर्दछु।

श्रुती कुमाल

कार्यवाहक अध्यक्ष

कुमाल समाज नेपाल, केन्द्रीय समिति

**मो. ९८५११७००१२ (अध्यक्ष), ९८४१७८०२४७ (महासचिव),**
Email: kumalsamaj2023@gmail.com Website: nepalkumalsamaj.org.np

# अनुसन्धान संयोजकको भनाइ

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले १४ वर्ष अगाडि सन् २०१० मा विभिन्न ३१ आदिवासी जनजातिको **जातिशास्त्रीय चिनारी** बनाउने क्रममा कुमाल जातिको पनि एक थियो । यस जातिको बारेमा प्रोफाइल बनाउने जिम्मेवारी मलाई प्राप्त भएको थियो । कुमालहरूका बारेमा लिखित सामग्री अत्यन्तै न्यून भएको तथा यसै समुदायका खोज, अनुसन्धानमा लाग्ने जानकार पनि थोरै भएकाले जातीय इतिहासबारे ठोस तथ्य जुटाउन सकिएन । त्यसैले स्थलगत अध्ययनबाट प्राप्त जानकारीलाई पहिलो प्राथमिकता दिई कुमाल जातिको जातीय प्रोफाइल तयार गरिएको छ ।

कुमाल जातिको चिनारी माटोको भाँडो बनाउने भनेर जानिन्छ । माटोको भाँडा बनाउने अद्भूत कला यो जातिको पुर्ख्यौली पेशा तथा मुख्य पहिचान हो । यसको अलावा खोला, नदी, तलाउबाट माछा मार्ने, खेतीपाती, पशुपालन गर्नेतर्फ पनि आर्कषित भएको पाइन्छ ।

विगत डेढ दशकदेखि गोरखापत्र दैनिकमा पाक्षिक (कहिलेकाही मासिक) रूपमा कुमाल भाषामा भाषिक पृष्ठ आउनुबाहेक कुमालको मातृभाषामा खास पुस्तक, पत्रिका अपवादको रूपमा मात्र प्रकाशनमा आएको छ । गोरखापत्र दैनिकको कुमाल भाषाको पहिलो पृष्ठ संयोजक विज्ञान कुमाल; जसले यो अनुसन्धानलाई स्थलगत गई पूरा गर्नमा र युवा अनुसन्धानकर्मी तथा पत्रकार देवेन्द्र कुमालले विभिन्न तथ्य तथ्याङ्कको अधुरो पाटोलाई पुर्न सघाए, उहाँहरूप्रति कृतज्ञ छु ।

२०६७ असार १५ मा यसको पहिलो मस्यौदा बुझाइएको थियो । पछि २०७६ वैशाखमा नवलपरासीका थप केही कुमाल गाउँमा अध्ययन गरी तथ्य तथ्याङ्क थप गरियो । सो मस्यौदालाई अक्षरस अध्ययन गरी सुझाव दिने तथा कुमाल जनप्रतिनिधिको नामावली (२०७६)

एवम् कुमालका सय शब्दको अर्थ खुट्याउन सहयोग गर्ने र कृषि गीतबारे सामग्री बटुल्ने हाल गोरखापत्र दैनिकको कुमाल भाषा पृष्ठ संयोजक तिलकबहादुर कुमालप्रति विशेष आभार व्यक्त गर्दछु । यसका साथै, यस अनुसन्धानलाई प्रकाशनमा लानुअघि थप अध्ययन गरी अक्षरस सुझाव र कुमाल जातिको पछिल्लो विभिन्न तथ्याङ्क सङ्कलन गरी आफनो महत्वपूर्ण सहयोगका लागि कुमाल विद्यार्थी समाज, केन्द्रीय अध्यक्ष नविन मुखिया कुमालप्रति विशेष आभार व्यक्त गर्दछु ।

नेपाल आदिवासी जनजाति महासंघ तथा कुमाल समाज नेपाल केन्द्रीय समिति, उपाध्यक्ष, इतिहास, भाषा, संस्कृति तथा अनुसन्धान विभाग संयोजक श्रृति कुमालले अपुरो रहेको यो अनुसन्धानलाई आफ्नो जातीय संस्थाको तर्फबाट प्रकाशन गर्ने भूमिका खेल्नुभएकोमा साधुवादको पात्र हुनुहुन्छ । यसै अनुसन्धानमा आफ्ना महत्वपूर्ण सल्लाह र सुझाव दिनुहुने कुमाल समाज नेपाल केन्द्रीय समिति महासचिव ई. गणेश कुमाल, नेपाल कुमाल समाज सुधार समितिका पूर्व अध्यक्ष केवल पाल्पालीलगायत प्रत्यक्ष अप्रत्यक्ष सहयोग, सुझाव दिने सबैप्रति आभारी छु ।

साथै, यो प्रोफाइललाई खँदिलो रूपमा ल्याउन कुनै झन्झट नमानी सल्लाह सुझाव दिनुहुने आदरणीय सहप्राध्यापक जनक राई तथा पाण्डुलिपि अध्ययन गरी रचनात्मक सुझाव दिनुहुने डा लाल-श्याँकारेलु रापचा तथा सरीना गुरुङप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

र, अन्त्यमा, पुस्तकमा उल्लेखित कतिपय जानकारी डेढ दशक पहिले लिइएकाले बासी पनि हुन सक्ला । यसका लागि क्षमाप्रार्थी छु । कुमाल समुदायको प्रोफाइल बनाउने जिम्मेवारी दिई कुमाल समुदायबारे गहिराइमा बुझ्ने जिम्मेवारी सुम्पने आदिवासी जनजाति

उत्थान राष्ट्रिय प्रतिष्ठान, प्राज्ञिक महाशाखा तथा तत्कालीन महाशाखा प्रमुख सुवर्णमान चौधरीप्रति पनि कृतज्ञता व्यक्त गर्दछु । लेखक समूहले सदैव तपाईंहरूसँग रचनात्मक सुझावको अपेक्षा राखेको छ ।

अनुसन्धान संयोजक
**डा. कृष्णराज सर्वहारी**
ksarbahari@gmail.com

# यस अनुसन्धानको बारेमा

नेपालका विभिन्न आदिवासी जनजातिहरूका पहिचान समेटिने खालको एथ्नोग्राफिक प्रोफाइल तयार हुन सकेको छैन । उनीहरूका पहिचान जोगाउने काममा लागी पर्ने सरकारी, गैरसरकारी निकायले पनि सामान्य जनचेतनामूलक कार्यक्रम गर्ने तर दस्तावेजीकरण गरेर प्रकाशन गर्ने कार्यको नितान्त अभाव देखिएको छ ।

विभिन्न आदिवासी जनजातिको एथ्नोग्राफिक प्रोफाइल बनाउने आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको अभियानअन्तर्गत कुमाल जातिको प्रोफाइल पनि एक हो । यो प्रोफाइल तयार पार्दा जातीय इतिहास, भूगोल, सामाजिक संरचना, धर्म, प्रमुख जीवनचक्र, अर्थ लगायतको अवस्था तथा राजनीति, भाषा, शिक्षा, स्वास्थ्य लगायतमा समावेशीकरण लगायतको अवस्था हेरिएको थियो । कुमालहरूका परम्परागत सांस्कृतिक पहिचान गरी छोटो समयमा सीमित जिल्लाका केही गाउँमा मात्रै २०६६/२०६७ सालमा अध्ययन भ्रमण गरिएको थियो । जस क्रममा गोरखा, तनहुँ, नवलपरासी, पाल्पा जिल्लाका केही गाउँमा केन्द्रित भई अध्ययन गरियो । पछि २०७६ वैशाखमा नवलपरासीका केही थप कुमाल गाउँमा अध्ययन गरिएको थियो । अध्ययन अपुरोजस्तो लागे पनि प्रस्तुत दस्तावेजले सरकारी तथा गैसस निकायलाई कुमालहरूका बारेमा मद्दत पुऱ्याउने खालको योजना बनाउन केही सहयोगी भूमिका खेल्न सक्छ भन्ने आशा गर्न सकिन्छ ।

कुमाल जातिको पहिचान माटोको भाँडा बनाउने नै हो । तर समयको बहावसँगै हाल यो पेशा अत्यन्त न्यूनले मात्रै थोरबहुत रूपमा अँगालेका छन् । त्यसैले, उनीहरूका सीप भावी पुस्तामा हस्तान्तरण नभई लोप हुने क्रममा छ । खेतीमा आश्रित भएका

कुमालहरू खास गरी भित्री तराईको टार, पहाडका खोला किनारका सम्म टार, बेसीमा बस्ने भएकाले सिँचाइयोग्य जमिन छैन । सन् १८५४ को मुलुकी ऐनले उनीहरूलाई मासिन्या मतवाली जातमा राखेको, राणाहरूले डोला बोकाउने काम आदिमा लगाएको देखिन्छ । बिस्तारै कुमाल अनुसन्धानकर्मी, सञ्चारकर्मीहरूको उदय हुँदैछ, जसले पिछडापन, दब्बुपनको कारण खोजीको उठान गर्न लागी परेका छन् । कुमाल गुरौ, धामीहरूसँग अझै पनि प्रशस्त मन्त्र, जडीबुटी ज्ञान छ । आफ्नो साधन र श्रोत उपर अधिकार दावी गर्नुपर्छ भन्ने सचेत भैसकेको तनहुँ खैरेनीटारका कुमाल महिलाहरूका छुट्टै सामुदायिक वन दर्ता अभियानले उदाहरणको रूपमा लिन सकिन्छ । गोरखापत्र दैनिकमा कुमाल भाषा पृष्ठ प्रकाशन, धादिङको एक एफ.एम.बाट कुमाल भाषामा समाचार वाचनजस्ता कार्यले भाषा जोगाउन केही सार्थक भूमिका खेलेका छन् । त्रिविको भाषाविज्ञान विभागबाट भीमलाल गौतमले कुमालहरूका व्याकरणगत विश्लेषण गरेका छन् ।

यस अनुसन्धानको लागि हीरामणि शर्मा पौड्यालको 'कुमाल भाषाको अध्ययन' (२०४३), सिनासको नेपालका केही पिछडिएका जातिहरूको सामाजिक-आर्थिक अध्ययनअन्तर्गत मदनकुमार रिमालको 'कुमाल जातिको अध्ययन खण्ड' (२०५६), कृष्णबहादुर कुमालको 'कुमाल जातिका पहिचान' (प्रकाशोन्मुख पुस्तक), 'कुमाल आवाज स्मारिका' (२०६५) लाई बढी उपयोग गरिएको छ ।

## विषय सूची


| | |
|---|---|
| १. सामान्य परिचय | १ |
| २. जनसङ्ख्या | २ |
| ३. जातीय इतिहास | १० |
| ३.१ पुर्ख्यौली थात्थलो | १२ |
| ४. सामाजिक संरचना र सम्बन्ध | १६ |
| ४.१ बासस्थानको प्रकार | १६ |
| ४.२ परिवार | १९ |
| ४.३ थर र उपथर | २० |
| ४.४ नाता कुटुम्ब, साइनो सम्बन्ध | २३ |
| ५. धर्म, धार्मिक परम्परा र चलन | २४ |
| ५.१ धामी झाँक्री परम्परा | २५ |
| ५.२ चाडपर्व तथा प्रमुख धार्मिक पूजाआजा | २७ |
| ६. प्रमुख जीवनचक्र संस्कारहरू | ३७ |
| ६.१ जन्म संस्कार | ३७ |
| ६.२ न्वारन संस्कार | ३७ |
| ६.३ पास्नी वा भात खुवाइ | ३८ |
| ६.४ ब्रतवन्ध वा छेवर | ३९ |
| ६.५ विवाह संस्कार | ३९ |
| ६.६ खानपान | ४४ |
| ६.७ मृत्यु संस्कार | ४५ |
| ७. आर्थिक पक्ष | ४७ |
| ७.१ माटाको भाँडा बनाउने काम | ४८ |
| ७.२ विदेश मोह | ५० |
| ७.३ आदिवासी अर्थतन्त्र र महिलाको भूमिका | ५१ |
| ८. लोकसंस्कृति | ५३ |

८.१ कृषि लोकगीत ५३
८.२ पाउँदुरे नाच ६३
८.३ घाटो नाच ६४
८.४ झाम्रे बस्ने चलन ६४
८.५ कौडा नाच ६४
८.६ हेम्फै नाच ६५
८.७ संरक्षणको लागि सङ्ग्रहालय ६७
८.८ भेषभूषा र गरगहना ६८
९. राजनीतिक प्रणाली ७०
९.१ परम्परागत संगठन प्रणाली ७०
९.२ नेपाल कुमाल समाज सुधार समिति ७०
९.३ कुमाल महिला समाज सुधार समिति ७५
९.४ कुमाल राष्ट्रिय मुक्ति मोर्चा ७५
९.५ लोकतान्त्रिक कुमाल संघ ७५
९.६ नेपाल कुमाल संघ ७६
९.७ कुमाल विद्यार्थी समाज ७६
९.८ राजनीतिक स्वायत्तता ७७
९.९ कुमाल जनप्रतिनिधि ७९
१०. मातृभाषा तथा भाषिक अवस्था ८६
१०.१ मातृभाषामा पुस्तक, पत्रिका ८९
११. शिक्षा ८२
१२. स्वास्थ्य ९४
१३. भूमिहरणको इतिहास ९६
१४. सहभागिता परामर्श ९९
१५. उपसंहार १०१
तालिका सूची

तालिका १: २०६८ सालको जनगणनाअनुसार कुमालहरूका जनसङ्ख्या/३
तालिका २: २०७८ सालको जनगणनाअनुसार कुमालहरूका जनसङ्ख्या/५
तालिका ३: २०७८ को जनगणनाको आधारमा कुमाल जातिको प्रदेशअनुसार जनसङ्ख्या/८
तालिका ४: २०६८ र २०७८ को जनगणना आँकडाको आधारमा कुमाल समुदायको जनसङ्ख्या अन्तर/९
तालिका ५: कुमाल समाज नेपालको सातौं महाधिवेशनबाट चुनिएका केन्द्रीय समितिको नामावली/७२
तालिका ६: हालसम्म गठित जिल्ला कार्यसमिति र जिल्ला अध्यक्षहरू/७४
तालिका ७: २०७४ सालको स्थानीय तहमा निर्वाचित कुमाल समुदायका जनप्रतिनिधिहरूका नामावली/७९
तालिका ८: २०७९ सालको स्थानीय तहमा निर्वाचित कुमाल समुदायका जनप्रतिनिधिहरूका नामावली/८२
तालिका ९: २०७९ सालको स्थानीय तह निर्वाचनमा कुन दलबाट कति कुमाल जनप्रतिनिधि ?/८५
तालिका १०: प्रदेशअनुसार कुमालभाषी जनसङ्ख्याको स्थिति/८७

# १. सामान्य परिचय

नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक, बहुजातीय तथा भौगोलिक विविधताले भरिपूर्ण देश हो । विश्वको ०.०३ र एसियाको ०.३ प्रतिशत क्षेत्रफल ओगटेको तथा १ लाख ४७ हजार १ सय ८१ वर्ग किलोमिटरमा नेपालको भूगोल फैलिएको छ। २०७८ को जनगणनाअनुसार यहाँ १ सय ४२ जातजाति रहेका छन् भने १ सय २४ भाषा रहेका देखाइएको छ। सरकारले ५९ थरीका आदिवासी जनजातिहरूका सूचीकरण गरेकोमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले सोही सूचीलाई आधार मानेर आदिवासी जनजातिहरूका प्रोफाइल बनाइरहेको छ ।[1]

जनगणना २०६८ अनुसार नेपालको कुल जनसङ्ख्यामध्ये ३७.१९ प्रतिशत आदिवासी जनजाति छन्। कुमाल जाति देशको कुल जनसङ्ख्याको ०.४४ प्रतिशत जनसङ्ख्या रहेको तथ्याङ्कले देखाएको छ । कुल जनजातिभित्र भने कुमालहरूका १.१७ प्रतिशत जनसङ्ख्या रहेको छ। कुमाल मातृभाषा बोल्ने जनसङ्ख्या १२ हजार २ सय २२ मात्रै देखिएको छ। त्यस्तै, २०७८ को जनगणनाको आधारमा कुमाल मातृभाषा बोल्ने जनसङ्ख्या १८ हजार ४ सय ३५ देखिएको छ । कुमाल आदिवासी जनजाति अन्तर्गतको एक सिमान्तीकृत समूहको आदिवासी जनजाति हो । राज्यको सम्पूर्ण क्षेत्रमा यिनीहरूका सहभागिता दयनीय छ ।

हिमाल, पहाड, तराई तथा भित्री तराई गरी चार समूहमा आदिवासी जनजातिलाई वर्गीकरण गरिएकोमा यी मध्ये कुमाललाई भित्री तराईमा बसोबास गर्ने भनिएको छ । तर उनीहरूका बसोबास तराईका जिल्लामा पनि प्रशस्त देखिन्छ *(हेर्नुहोस् तालिका १ र २)*।

---

१ डा. ओम गुरुङको संयोजकत्वमा बनेको आदिवासी जनजाति पुनः सूचीकरण उच्चस्तरीय कार्यदलले ८१ आदिवासी जनजातिको नाम वि.सं. २०६६ फागुनमा सिफारिस गरेको थियो । त्यसमध्ये २०७६ माघ २० को मन्त्रीपरिषद्को बैठकले कैलाली र कञ्चनपुर जिल्लामा मात्र बसोबास गर्ने राना थारूलाई छुट्टै आदिवासी जनजातिको सूचीकरणमा राख्ने सिफारिस गरेको थियो । २०६८ सालको जनगणनाअनुसार १ सय २५ जातजाति थिए । २०७८ को जनगणनामा १७ जातजाति थपिएका छन् । जसमा राना थारू, भूमिहार, वनकरिया, सुरेल, चुम्बा/नुब्री, फ्रि, मुगल/मुगुम, पुन, रौनियार, बनियाँ, गोंध/गोण्ड, कर्मारोङ, खटिक, बेलदार, चै/खुलौट, डोन, केवरत जातजाति रहेका छन् ।

ई. पू. सातौंदेखि आठौं शताव्दीतिर नै लुम्बिनी र कपिलवस्तुमा मृत्तिका कलाको विकास भइसकेकोले कुमाल पेशा अत्यन्तै प्राचीन पेशामा गणना गरिन्छ । यही मृत्तिका कलाको आधारमा यो जाति पनि प्राचीन आदिवासी जनजाति हो भन्ने अनुमान लगाउन सकिन्छ (पाण्डेय २०६३: ५) ।

जनसाङ्ख्यिक दृष्टिकोणले हेर्दा कुमालहरूका बसोबास नवलपरासी, चितवन, दाङ, रुपन्देही, गोरखा, लमजुङ, तनहुँ, स्याङ्जा, कास्की, गुल्मी, पाल्पा, अर्घाखाँची, धादिङमा बढी देखिन्छ। त्यस्तै, लुम्बिनी प्रदेशको प्यूठान र दाङदेउखुरीका साथै बाँकेमा पनि राम्रो उपस्थिति छ । कोशी प्रदेशको संखुवासभा, सुनसरी, मोरङ र झापामा तथा मधेश प्रदेशको सप्तरी, सिरहा, पर्सा, सर्लाही, महोत्तरी, धनुषासमेत यिनीहरूका केही निश्चित क्षेत्रमा सघन बसोबास छ। उता सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशमा भने कुमालहरूका उपस्थिति कम रहेको देखिन्छ।

नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत् शब्दकोशमा 'कुमाल' उल्लेख नभई 'कुमाले' शब्दको परिभाषा दिइएको छ । जसको परिभाषामा माटाको भाँडा बनाउने एक जाति कुम्भकार, कुम्हाल भनिएको छ (त्रिपाठी र दाहाल २०५५: २५०) । यद्यपि भोजपुरी र थारू भाषामा कुमाललाई 'कुम्हार' भनिन्छ। त्यस्तै संस्कृत भाषामा माटाको भाँडालाई 'कुम्भ' र त्यो बनाउनेलाई 'कुम्भकार' भनिन्छ। यसरी आम बुझाइमा माटोको भाँडाकुँडा बनाउने कुम्भकार अर्थात् शिल्पकार नै हालको कुमाल जाति हो भन्ने मान्यता पाइन्छ।

अध्ययनको क्रममा अधिकांश कुमालहरूले आफूहरूका वास्ताविक थर 'कुम्हाल' भएको तर पछि नागरिकता बनाउँदा प्रशासनका सरकारी अधिकारीहरूले शब्द बिगारी 'कुमाल' बनाई दिएको बताउँछन् । माछा मार्न रुचाउने कुमालहरू जाल बोक्ने भएकोले जाल बोक्नेहरू पछि कुमाल भएको किंवदन्ती पनि छ।

## २. जनसङ्ख्या

राष्ट्रिय जनगणना वि.सं. २०७८ अनुसार कुमाल जातिको कुल जनसङ्ख्या १ लाख २९ हजार ७ सय २ छ, जुन नेपालको कुल जनसङ्ख्याको ०.४४ प्रतिशत हो। जसमा महिलाको जनसङ्ख्या ६७ हजार

४ सय ४३ तथा पुरुषको जनसङ्ख्या ६२ हजार २ सय ५९ रहेको छ। २०६८ सालको जनगणनाअनुसार कुमालहरूका जनसङ्ख्या १ लाख २१ हजार १ सय ९६ रहेको थियो *(हेर्नुहोस् तालिका-१)*।

**तालिका १: २०६८ सालको जनगणनाअनुसार कुमालहरूका जनसङ्ख्या**

| जिल्ला | जनसङ्ख्या |
|---|---|
| नवलपरासी | १९३७६ |
| गोर्खा | १२१९७ |
| चितवन | ८१९६ |
| गुल्मी | १३४५६ |
| तनहुँ | ८९१५ |
| दाङ | ६६७४ |
| पाल्पा | ८०१३ |
| अर्घाखाँची | ८७८१ |
| धादिङ | ६१२२ |
| रुपन्देही | ४४७७ |
| प्युठान | ३७३९ |
| पर्सा | ३४०० |
| सर्लाही | ३२९४ |
| नुवाकोट | २००० |
| कास्की | २७६४ |
| झापा | २७३० |
| धनुषा | २१९१ |
| लमजुङ | ३७८९ |
| स्याङजा | १५०५ |
| बाँके | १३७५ |
| सप्तरी | १५६७ |
| महोत्तरी | १२०० |
| सुनसरी | ११९१ |
| संखुवासभा | ११७१ |
| कपिलवस्तु | ८४१ |
| सिरहा | ९८५ |
| बाग्लुङ | ७३० |
| मोरङ | ६५४ |
| बारा | ६४१ |
| इलाम | ६२९ |
| अछाम | ४५४ |
| कैलाली | ४४० |
| रौतहट | ४२८ |
| रामेछाप | ४०८ |
| काठमाडौं | ९११ |
| पर्वत | ३९० |
| बर्दिया | ३५४ |
| बाजुरा | २३३ |
| दैलेख | २६९ |
| भोजपुर | २०७ |
| कञ्चनपुर | १६२ |

| | | | | |
|---|---|---|---|---|
| सुर्खेत | १४९ | | सिन्धुली | १४ |
| सल्यान | ४५ | | सोलुखुम्बु | १३ |
| मकवानपुर | ६२ | | डोटी | १२ |
| उदयपुर | ६५ | | म्याग्दी | १० |
| हुम्ला | ४७ | | ताप्लेजुङ | ६ |
| खोटाङ | ४६ | | सिन्धुपाल्चोक | ५ |
| पाँचथर | ४१ | | मनाङ | ५ |
| दोलखा | ३३ | | जुम्ला | ४ |
| ललितपुर | ३३ | | काभ्रेपलान्चोक | ३ |
| डडेलधुरा | २८ | | रूकुम | ३ |
| धनकुटा | २३ | | मुगु | ३ |
| भक्तपुर | १९ | | कालीकोट | २ |
| रोल्पा | १६ | | बैतडी | २ |
| रसुवा | १५ | | ओखलढुंगा | १ |
| मुस्ताङ | १५ | | जम्मा | १२११९६ |

Source: Nepal Atlas of Ethnic and Caste Groups (2019) NEFDIN

कुमाल जातिको कुल बसोबास रहेको जिल्ला ६७ रहेको छ । यसरी जनसङ्ख्या सङ्ख्यागत रूपमा वृद्धि भएको देखिए पनि देशको जनसाङ्ख्यिक तुलनात्मक प्रतिशत भने २०६८ को भन्दा २०७८ मा घट्दो देखिन्छ *(हेर्नुहोस् तालिका २)* ।

**तालिका २: २०७८ सालको जनगणनाअनुसार कुमालहरूका जनसङ्ख्या**

| क्रं.स. | जिल्ला | जनसङ्ख्या |
|---|---|---|
| १ | नवलपरासी बर्दघाट सुस्ता पूर्व | १४३०८ |
| २ | चितवन | ११४०५ |
| ३ | दाङ | १०१२६ |
| ४ | गुल्मी | ८९५९ |
| ५ | तनहुँ | ८७२७ |
| ६ | गोरखा | ८४७३ |
| ७ | अर्घाखाँची | ७४९५ |
| ८ | पाल्पा | ७१०४ |
| ९ | रुपन्देही | ५७२८ |
| १० | धादिङ | ५४२८ |
| ११ | प्युठान | ३४७२ |
| १२ | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | ३२४२ |
| १३ | कास्की | ३०७६ |
| १४ | झापा | २७२१ |
| १५ | नुवाकोट | २५१४ |
| १६ | बाँके | २०४५ |
| १७ | काठमाडौं | १९०१ |
| १८ | बागलुङ | १७९२ |
| १९ | लमजुङ | १७८२ |
| २० | स्याङ्जा | १७५७ |
| २१ | बारा | १५४३ |
| २२ | कपिलवस्तु | १२९७ |
| २३ | पर्सा | ११८२ |

| | | |
|---|---|---|
| २४ | संखुवासभा | ११०७ |
| २५ | कैलाली | १०५५ |
| २६ | मोरङ | ९८२ |
| २७ | सुनसरी | ९७३ |
| २८ | कालिकोट | ८३७ |
| २९ | महोत्तरी | ६१२ |
| ३० | इलाम | ५९९ |
| ३१ | सप्तरी | ५८१ |
| ३२ | सर्लाही | ५४८ |
| ३३ | पर्वत | ५३१ |
| ३४ | सिरहा | ४९७ |
| ३५ | बर्दिया | ४७० |
| ३६ | ललितपुर | ४३७ |
| ३७ | बाजुरा | ४२५ |
| ३८ | भोजपुर | ३८३ |
| ३९ | रुकुम (पश्चिम) | ३४३ |
| ४० | कञ्चनपुर | ३४१ |
| ४१ | दैलेख | ३१० |
| ४२ | रौतहट | ३०९ |
| ४३ | डोटी | ३०९ |
| ४४ | सल्यान | २८७ |
| ४५ | सुर्खेत | २५७ |
| ४६ | मुगु | २४३ |
| ४७ | धनुषा | २१४ |
| ४८ | भक्तपुर | १८२ |

| | | |
|---|---|---|
| ४९ | मकवानपुर | १५३ |
| ५० | बैतडी | १०८ |
| ५१ | उदयपुर | ९५ |
| ५२ | काभ्रेपलाञ्चोक | ७२ |
| ५३ | रुकुम | ४६ |
| ५४ | अछाम | ४३ |
| ५५ | दोलखा | ४१ |
| ५६ | सिन्धुली | ३२ |
| ५७ | रोल्पा | २९ |
| ५८ | डडेलधुरा | २७ |
| ५९ | मुस्ताङ | २३ |
| ६० | खोटाङ | २१ |
| ६१ | सिन्धुपाल्चोक | १९ |
| ६२ | रामेछाप | १६ |
| ६३ | ओखलढुंगा | १५ |
| ६४ | म्याग्दी | १४ |
| ६५ | मनाङ | १४ |
| ६६ | रसुवा | १३ |
| ६७ | जाजरकोट | १२ |
| जम्मा | कुल जनसङ्ख्या | १,२९,७०२ |

*Table 2 Source: By Navin Mukhiya Kumal, https://censusnepal.cbs.gov.np/*


प्रदेशअनुसार २०७८ सालको जनगणनामा कुमालको सबैभन्दा बढी कुल जनसङ्ख्या लुम्बिनी प्रदेशमा ४९ हजार ९ सय ७१, दोस्रो स्थानमा गण्डकी प्रदेशमा ४० हजार ४ सय ९७ र तेश्रो स्थानमा बागमती प्रदेशमा २२ हजार २ सय १३ रहेको छ (हेर्नुहोस् तालिका ३) । अर्कोतर्फ, मधेस प्रदेशमा ५ हजार ४ सय ८६, सुदूरपश्चिम प्रदेशमा २ हजार ३ सय

१४ तथा कर्णाली प्रदेशमा सबैभन्दा कम २ हजार ३ सय १ जनसङ्ख्या रहेको छ । यो असमानताले नेपालका प्रदेशहरूमा विविधतापूर्ण जनसाङ्ख्यिकीय वितरणलाई जोड दिन्छ, जसले स्रोत बाँडफाँट र क्षेत्रीय विकास पहलहरूलाई असर गर्दछ ।

**तालिका: ३: २०७८ को जनगणनाको आधारमा कुमाल जातिको प्रदेशअनुसार जनसङ्ख्या**

| क्र.सं. | प्रदेश | कुल जनसङ्ख्या | पुरुष जनसङ्ख्या | महिला जनसङ्ख्या |
|---|---|---|---|---|
| १ | कोशी | ६९२० | ३४४३ | ३४७७ |
| २ | मधेश | ५४८६ | २८३५ | २६५१ |
| ३ | बागमती | २२२१३ | १०९५२ | ११२६१ |
| ४ | गण्डकी | ४०४९७ | १९१६८ | २१३२९ |
| ५ | लुम्बिनी | ४९९७१ | २३६८६ | २६२८५ |
| ६ | कर्णाली | २३०१ | १०८९ | १२१२ |
| ७ | सुदूरपश्चिम | २३१४ | १०८६ | १२२८ |
| | कुल जनसङ्ख्या | १२९७०२ | ६२२५९ | ६७४४३ |

*Table 3 Source: By Navin Mukhiya Kumal, https://censusnepal.cbs.gov.np/*




माथिको तथ्याङ्कले कुमालहरूका बसोबास ६७ जिल्लामा छरिएर रहेको देखिन्छ । तराईको नवलपरासी, चितवन, रुपन्देही, दाङमा सघन तथा

तराईकै सर्लाही, पर्सामा पनि ठीकै देखिन्छ। त्यस्तै, पहाडी क्षेत्रमा अर्घाखाँची, गुल्मी, पाल्पा, तनहुँ, गोरखा, धादिङमा सघन बसोबास देखिन्छ । जम्मा २५ जिल्लामा एक हजार माथि, ८ जिल्लामा पाँच सयदेखि एक हजारसम्म छ भने अन्य जिल्लामा पाँच सयभन्दा कमको सङ्ख्यामा कुमालहरूका बसोबास रहेको देखिन्छ ।

**तालिका ४: २०६८ र २०७८ को जनगणना आँकडाको आधारमा कुमाल समुदायको जनसङ्ख्या अन्तर**

| जिल्ला | २०६८ जनसङ्ख्या | २०७८ जनसङ्ख्या | जनसङ्ख्या अन्तर |
|---|---|---|---|
| नवलपरासी | १४३६७ | १४३०८ | -५९ |
| चितवन | ९३०२ | ११४०५ | २१०३ |
| गुल्मी | ८७३६ | १०१२६ | १३९० |
| दाङ | ८४४५ | ८९५९ | ५१४ |
| गोरखा | ८०२२ | ८४७३ | ४५१ |
| तनहुँ | ७९५५ | ८७२७ | ७७२ |
| पाल्पा | ६८०२ | ७४९५ | ६९३ |
| अर्घाखाँची | ६७६२ | ७१०४ | ३४२ |
| धादिङ | ४६२४ | ५७२८ | ११०४ |
| रुपन्देही | ३९५१ | ५४२८ | १४७७ |
| पर्सा | ३६५४ | ३२४२ | -४१२ |
| प्युठान | ३३११ | ३०७६ | -२३५ |
| बारा | ३१३४ | २७२१ | -४१३ |
| कास्की | २५३० | २५१४ | -१६ |
| नुवाकोट | २४२६ | २०४५ | -३८१ |
| झापा | २३७२ | १९०१ | -४७१ |
| सुनसरी | १८८१ | १७९२ | -८९ |
| लमजुङ | १६९९ | १७८२ | ८३ |
| बागलुङ | १६३० | १७५७ | १२७ |

| | | | |
|---|---|---|---|
| स्याङ्जा | १६२९ | १५४३ | -८६ |
| बाँके | १५८९ | १२९७ | -२९२ |
| काठमाडौं | १४६१ | ११८२ | -२७९ |
| महोत्तरी | १३६९ | ११०७ | -२६२ |
| मोरङ | १३०२ | १०५५ | -२४७ |
| धनुषा | ११८५ | ९८२ | -२०३ |
| सप्तरी | १०३२ | ९७३ | -५९ |
| कुल | १२११९६ | १२९७०२ | ८५०६ |

*Table 4 Source: By Navin Mukhiya Kumal, https://censusnepal.cbs.gov.np/*

२०६८ र २०७८ को मुख्य जिल्लाहरूमा जनसङ्ख्या र त्यसको अन्तर हेर्दा सबैभन्दा बढी जनसङ्ख्या रहेको नवलपरासी जिल्लामै केही घटेको देखिन्छ । त्यस्तै, पर्सा, प्युठान, बारा, कास्की, नुवाकोट, झापा, सुनसरी, स्याङ्जा, बाँके, काठमाडौं, महोत्तरी, मोरङ, धनुषा सप्तरीमा पनि जनसङ्ख्या घटेको देखिन्छ । सबैभन्दा बढी चितवनमा जनसङ्ख्या बढेको देखिन्छ ।

## ३. जातीय इतिहास

अध्येता हीरामणि पौड्यालका अनुसार पहाड क्षेत्रका कुमालहरू मगर, दरै, बोटे आदिसँग बढी घुलमिल गर्न रुचाउँछन् । तराई क्षेत्रका कुमालहरूका भने थारू जातिसँग हेलमेल बढी छ । भाषा, संस्कृति र धार्मिक परम्पराका आधारमा विचार गर्दा कुमालहरू तराईका आदिवासी मानिने थारू जातिकै संसर्गमा बस्ने जाति हो । उनीहरू तराईबाट बसाइँ सर्दै पहाडका कछार खण्डमा र त्यहाँबाट पुनः विस्थापित भई भित्री मधेशमा बसोबास गर्न आइपुगेको हुन सक्छन् (पौड्याल २०४३: ९) ।

कुमाल जाति अति सोझा र सरल इमान्दार भएबाट यिनीहरूलाई प्राचीन समयका शासकहरूले आफ्नो विभिन्न शुभकार्य विवाह, व्रतबन्ध, पास्नी, न्वारन आदि कार्यमा लगाउने गर्दथे । यसै क्रममा एकपटक राजाको बिहेमा जाँदा यी जातिले सामान बोक्दा कुममा हाली बोकेकाले त्यसै

समयबाट कुमाल कहलिन थालेको पनि भनाइ छ (कुमाल, २०७०: २७-२८) । अनुसन्धानकर्मी बाघवीर मुखिया कुमालका अनुसार पहिले कुमालहरूका तराईमा बसोबास नै थिएन । कुमालहरू पहाडबाट पछि मात्रै तराई सरेको हुन सक्छन् ।[२] त्यसैले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले उनीहरूलाई भित्री तराईमा बसोबास गर्ने जनजातिको श्रेणीमा राखेको छ ।

कुमाल जाति यतिउति हजार वर्ष पहिले फलाना ठाउँबाट आएको ठोस प्रमाण इतिहासकारहरूले भनेका छैनन् । केहीले भारतको कुमाउबाट आई कुमाल भएको हुन सक्ने बताउँछन् (पौडेल २०६७ : ४) । कुमाल नेपालको पुरानो आदिवासी जनजातिमध्ये एक हो भन्नेमा भने दुई मत छैन । यस जातिको आगमनबारे कुनै विद्वानले कुनै ग्रन्थमा ठोस रूपमा उल्लेख गरेको पाइदैन । मदनकुमार रिमालले 'कुमाल जातिको एक अध्ययनमा नेपालमा ई.पू. लगभग ८ सय वर्ष अघिदेखि कुमालको बसोबास रहेको हुन सक्ने औंल्याएका छन् । पुरातात्विक उत्खननबाट प्राप्त माटाको भाँडाको अवशेषबाट प्राप्त प्रमाणको आधारमा यस्तो दावी गरिएको छ ।

लिच्छविकालदेखि नै प्रसिद्ध रहेको हाल काठमाडौंको हाँडी गाउँ, धुम्बाराही क्षेत्रमा कुमाल जातिको मानिसहरूका बसोबास हुन सक्ने त्यस क्षेत्रबाट पाइएका माटाको भाँडाको टुक्राबाट अनुमान गर्न सकिन्छ (रिमाल, २०५६: १५०) । रिमालको तर्कलाई आधार मान्ने हो भने हाँडी गाउँ क्षेत्रमा बसोबास गर्ने कुमालहरू नेवार जातिको हालको प्रजापति थरका माटाको भाँडा बनाउने कुमालेहरू हुन सक्दछन् । रामचन्द्र पाण्डेले कुमालहरू बाँडाकै एक समूह भएको विचार राखेका छन् ।

*मल्लकालीन नेपालमा मल्लहरू भारतको कुशीनगरबाट नेपाल आउँदा 'कुम्हार' जातिलाई पनि सँगै लिएर आएका थिए । यी कुम्हार मध्येमा पनि जसले धातुका भाँडाकुँडा बनाउथे, तिनीहरूको राजकुलसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध रहने भएकोले पेशाको आधारमा तिनीहरूलाई*

---

२ कुराकानीमा आधारित ।

*'भाँडा' जाति भनिन थालियो । पछि 'भाँडा'बाट अप्रभंश हुँदै 'बाँडा'मा परिवर्तन भयो र आजकल यी जातिहरूलाई धातुको भाँडा बनाउने 'बाँडा' जाति भनिन्छ । अर्कोतर्फ भाँडा बनाउने कुम्हार जातिकै अर्को समूहले भाँडाकुँडा एवम् दैनिक जीवनमा प्रयोग हुने सस्तो सामग्रीहरू निर्माण गरी निरन्तरता दिन थाले (पाण्डेय २०६१: ७) ।*

## ३.१ पुर्ख्यौली थात्थलोः

कुमालहरूका पुर्ख्यौली वास्तविक थातथलोको यकिन भएको कुनै ठोस प्रमाण भेटिएको छैन । नेपाल कुमाल समाज सुधार समितिका पदाधिकारीहरूका अनुसार कुमाल जातिको उद्‌गमस्थल कहाँ भन्ने प्रसस्तै प्रमाणहरू नभए पनि पश्चिममा पाल्पाको कालीगण्डकी नदीको सेरोफेरो, गोरखा र पूर्वमा संखुवासभाको टुम्लिङटारलाई कुमाल जातिको उद्‌गमस्थल तथा पुर्ख्यौली थलो मानिन्छ ।

कुमालहरूका जनसङ्ख्याको हिसाबले सबैभन्दा घना बस्ती नवलपरासीको नयाँ बेलहानी र तमसरीया क्षेत्रमा भेटिन्छ । जिल्लागत रूपमा पनि नवलपरासीमा कुमालहरूका जनसङ्ख्या सबैभन्दा बेसी छ (हेर्नुहोस् तालिका- १ र २) । अनुसन्धानको क्रममा नवलपरासीलगायत तराई क्षेत्रमा बसोबास गर्ने अधिकांश कुमालले आफ्नो पुर्ख्यौली थलो स्याङ्जा, पाल्पा, गोरखा आदि जिल्ला रहेको बताउँछन् । यसरी कुमालहरूका बसोबास पहाडदेखि तराई तथा भित्री तराईसम्म फैलिएको देखिन्छ ।

नवलपरासीका शिक्षक विन्दुबहादुर कुमालले आफ्नो थर गरुङ्गे भएको र स्याङ्जाको कुनै समयको गरुङकोट गाउँ आफ्नो पुर्ख्यौली थातथलो भएको बताए । उसले सम्पूर्ण कुमालको पुर्ख्यौली थातथलो गरुङकोट हुन सक्ने जिकिर गरे । गरुङकोटमा कुमाल राजाले राज्य गरेको किंवदन्ती सुनेकाले उनले त्यसो जिकिर गरेका हुन् ।[३]

तारा कुमालले पनि आफ्नो लेखमा नेपालमा कुमाल जातिको मूलथलोको हिसाबले तनहुँको गह्रौकोट (गरुङकोट); जहाँ कुमाल जातिको आफ्नो

३ कुराकानीमा आधारित ।

पुरानो राज्य चलाएको कहावत पनि भेटिन्छ भन्ने उल्लेख गरेका छन् (कुमाल, २०६५: ३०) ।

तनहुँ र स्याङ्जा जिल्लाको सीमा नजिक हालको तनहुँ जिल्लामा कुमाल राज्य रहेको र त्यस क्रममा माटोकै पैसासमेत चलनचल्तीमा प्रयोग भएको कहावत रहेको पाइन्छ । यसरी नेपाल एकीकरण पूर्व तनहुँ जिल्लामा कुमालको पनि राज्य थियो रे भन्ने किंवदन्ती मात्रै सुनियो । यस विषयमा थप सोधखोज र अनुसन्धानको खाँचो देखिन्छ । कुमाल राजाले राज्य गरेको भनिने तनहुँको गह्रौकोट कुमालहरूका ऐतिहासिक थलो हुन सक्छ, तर हाल गरुङकोट गाउँको नामोनिशानसमेत भेटिँदैन ।

तनहुँको कलेस्ती कुमाल गाउँका वृद्ध दलबहादुर कुमालगायत अन्य बूढापाकाले कुमाल राज्यको नभई पहिलेको कुमाल रानीको बारेमा यसरी कथा सुनाए- बाइसे चौबिसे राज्यको पालामा तनहुँका एक राजा शिकार खेल्न जङ्गल जाँदा शिकार नपाएपछि थकित भए । प्यास मेटाउन जङ्गलभरी पानी खोज्दा नपाएपछि व्याकुल भएका राजा अकस्मात् वनबाट निस्केर कलेस्ती कुमाल गाउँ फेला पारे । एक घरमा गई ‘भित्र को हुनुहुन्छ ? म साह्रै तिर्खाएको छु । पानी ख्वाउनुहुन्छ कि ?’ भनेछन् । पानी दिन कुमाल युवती बाहिर निस्किइन् । युवती निकै सुन्दरी थिइन् । कुमालले उनलाई रानी बनाउन प्रस्ताव राखे । परिवारकाले खुशीसाथ विवाह गरेर पठाइदिए । पछि राजाले रानीलाई ‘तिम्रो माइतीमा के समस्या छ र के दिऊँ’ भनी सोध्दा रानीले ‘आफ्नो माइतीलाई खुर्सानी रोप्ने एक टुक्रा जमिन दिनू’ भनेपछि कुमालटार, पिपलटार खेतहरू कुमाललाई दिए । हाल आएर कुमालटारको नाम नौबिसे, माझफाँटले चिनिए पनि अड्डा अदालतमा भने कुमालटार नै उल्लेख छ । नौबिसे फाँटमा अहिले गाउँका मुखियाबाहेक अन्य कुमालहरूका जग्गा जमिन र बस्तीसमेत छैन ।

बूढापाकाको भनाइअनुसार कलेस्ती खोला अर्थात् कवती खोलामा सोराहे थाप्नलाई (खोलामा किला गाँडेर, ठाँटी बनाइ माछा मार्ने काम) ती रानीले खोला पनि कुमालकै अधिनमा दिएको भनिन्छ । कसैले माछा मार्न परेमा कुमालहरूका अनुमति लिनुपर्दथ्यो । यो चलन २०५० सालसम्म

कायमै थियो । हाल आएर यो चलन उल्लङ्घन भएको छ । २०६६ सालमा बाहिरका अन्य जातिले रातीको समयमा कलेस्ती खोलामा विष हालेर माछा मार्न लागेको थाहा पाई सम्पूर्ण गाउँले गई समातेर प्रहरी कार्यालयमा बुझाएका थिए । कुमालहरू अझै पनि रानीले दिएको कलेस्तीको बाह्र घाटको सोराएमा खोगा थाप्ने आफ्नै अधिकार भएको दावी गर्छन् । बैराठे थरका प्रत्येक घरका कुमालहरूले दशैंको टीकाको भोलिपल्ट कोसेलीस्वरूप राजा रानीलाई एक कचौरा मासु, एक सेर माछा, रोटी र रक्सी लैजाने गर्थे रे ।

लिम्बू, तामाङहरूले झैं कुमालहरूका पनि सामूहिक खेती लगाउने किपट जग्गा थियो । कास्कीको रिठ्ठेपानीमा किपट जग्गा रहेकोमा कुमालहरूले चर्चेका थिए । पोखरा उपमहानगरपालिका अन्तर्गत 'कुमाल गाउँ'को नजिक रहेको त्यो ठाउँलाई अझै पनि 'किपट' भनिन्छ । तर सो क्षेत्रलाई हाल जङ्गल क्षेत्रमा पारिएको छ (भुर्तेल र क्षेत्री सन् २००६: २१) । व्यक्तिगत तवरमा ठूल्ठूला टारलाई मलिलो बनाएका कुमालहरूका जग्गा टाठाबाठाले आफ्ना नाममा गराई अझ अनकण्टारमा धकेल्न बाध्य बनाएको कथा भने धेरैले भन्छन् । गोरखा, अढाई गाउँका १ सय १५ वर्षिय भूपू सैनिक मानबहादुर कुमाल आफ्नो गाउँको वरपर कुन्दुर क्षेत्रमा पहिले पूरै कुमाल बस्ती मात्रै रहेको, तर पक्की सडकको विस्तारपछि अन्य जाति आएको बताए ।[४]

हाल तनहुँको कुम्ले खोला पहिले कुम्हाले खोला रहेको भनाइ छ । मुगुमा एक गाउँको नाम कुमाल गाउँ रहेको छ । तर, त्यहाँ कुमाल समुदायको एउटा पनि घर छैन । त्यस्तै तनहुँको व्यास नगरपालिकामा कुमालटारी भन्ने ठाउँ अझै पनि छ । हाल सो ठाउँमा अपवादको रूपमा एक जना कुमालको खेतबारीबाहेक अन्य कुनै पनि कुमाल समुदायको बसोबास छैन । यद्यपि ती ठाउँमा पनि धेरै वर्ष पहिले कुमाल जातिको सघन बसोबास रहेको यकिन गर्न सकिन्छ ।

जल, जङ्गल, जमिनसँग कुमालहरूका नजिकको सम्बन्ध छ । माटाको

---

४ कुराकानीमा आधारित ।

भाँडा बनाई बेच्ने र खेती किसानी गर्ने गरी यिनीहरूको मुख्य दुई पेशा देखिन्छ । खोलामा माछा मार्न पनि यिनीहरू औधी रुचाउँछन् । त्यसैले, कुमालहरूका बसोबास प्रायः खोला किनार र जङ्गल वरिपरि देखिन्छ । पहाडी क्षेत्रमा बसे पनि भिरालोभन्दा टार (समथर) मा बस्न रुचाउने उनीहरूका अधिकांश गाउँको नाम पछाडि टार जोडिएकोले पनि देखाउँछ। जस्तै- तनहुँको खैरेनीटार, वनटार, नाङ्गेटार, धादिङको सल्यानटार, गोरखाको कुन्दुरटार, लमजुङको हाँडेटार, कर्पुटार, संखुवासभाको तुम्लिङटार, पर्वतको भेलटार आदि । यी टारमा कुमाल बस्ती सघन छ । बसाइँ सराइले होला, कुमालको पुरानो गाउँ तनहुँको कुमालटारीमा भने कुमालका खास घर छैनन् ।

नेपाल एकीकरणसँगै केन्द्रीकृत राज्य स्थापना भयो । खास गरी राज्यले एक भाषा, एक धर्म, एक संस्कृतिलाई काखी च्याप्यो । जसले गर्दा अन्य आदिवासी जनजातिहरूका भैंm कुमालहरूका भाषा, संस्कृति, धर्म पनि विस्तारै लोप हुँदै गए । कुमालहरू राणाकालमा अझ बढी शोषणको शिकार भए । खास गरी जंगबहादुर राणाले वि.सं. १९१० मा लागू गरेको मुलुकी ऐनले उनीहरूलाई मासिन्या मतवाली समूहमा राख्यो । सो समूहमा राखिएको हुनाले पाल्पालगायत ठाउँमा राणाहरू भ्रमण जाँदा उनीहरूलाई डोलामा बोक्ने जिम्मेवारी कुमालहरूमै आइपर्‍यो । कालान्तरमा डोला बोक्ने पनि कुमालहरूका एक पेशा हुन भयो । हालसम्म पनि विवाहमा डोला बोक्ने फाट्टफुट्ट काम उनीहरूले गरिरहेका छन् । शाह तथा राणा कालमा कुमाललाई बन्धकझैं बनाई हुलाक बोक्न लगाउने, बम, कोइला, बारुद बोकाउने काममा प्रयोग गरिएको भन्ने तथ्य वृद्धवृद्धाहरू सुनाउँछन् । हुलाक बोक्ने इतिहास कोट्याउँदा तनहुँको कलेस्ती कुमाल गाउँ र व्यास नगरपालिकाको सागेंका अधिकांश कुमालले अझै पनि हुलाकी डाक बोक्ने गर्छन् । पाल्पाको घोरबन्दामा एक वृद्धले आफ्ना पुर्खाले राणाको डोला बोकेको सगर्व साथ सुनाउँदै भने- 'हाम्रै जिजुबाजेहरू उपर राणाहरूका विश्वास थियो ।'

टारलाई हरियो भरियो बनाएका कुमालहरू कालान्तरमा रातारात भूमिहीन, सुकुम्वासी बनाइए, विस्थापित गरिए र उनीहरू छरिएर बस्न बाध्य भए । कुमालहरू टाठाबाठा थिएनन् । त्यसैले खास गरी दर्ता नगरिएका ऐलानी, पर्ती जमिनहरू गाउँका सामन्तहरूले आफ्नो नाममा दर्ता गरी हडप्ने र दर्ता गरेका पनि मुद्दा हालेर हडपी पुर्ख्यौली थातथलोबाट उनीहरूलाई विस्थापित गरे । यो क्रम वि.सं. २००७ सालपछि केही कम भए पनि ३० वर्षे पञ्चायत कालसम्म पनि जारी रह्यो (कुमाल: २०६५: २४) । छाङ- ३, थर्पु तनहुँका ७२ वर्षीय टोपबहादुर कुमालले पुराना दिन सम्झिँदै भने- 'थर्पु क्षेत्र पहिले सबै कुमालहरूका हो । गल्ती त केही हाम्रा कुमाल दाजुभाइको पनि छ । कोही मतवाली भएर जग्गा जमिन सके । तर लालपूर्जा नभएको, कुमालहरूले फाँडेको ठूल्ठूला टार नेता, पञ्च मिलेर आफ्ना र आफन्तको नाममा गराए । प्रहरी, प्रशासन उनीहरूकै हातमा थियो । हाम्रो अलि अलि विरोधको केही छेउटुप्पो लागेन । यस क्षेत्रमा मान्छे थुप्रिदा थुप्रिदा गाउँको नाम थर्पु भयो रे ।'[५]

हेर्दाहेर्दै थर्पु बजार पनि व्यवस्थित भएको छ । व्यावसाय गर्नेहरू प्राय: नेवार छन् । यहाँसम्म कि माटोको भाँडा बनाउने पनि नेवार नै रहेछन् । ती भाँडा बनाउने कुमाल भक्तपुरबाट सिजनमा आउँछन् ।

## ४. सामाजिक संरचना र सम्बन्ध

### ४.१ बासस्थानको प्रकार

गुजमुज्ज परेको घना बस्तीमा कुमालहरू बस्न रुचाउँछन् । पहिले कुमालहरूका गोलाकार घुमाउने घर हुन्थ्यो, जो माटोको सामान्य गाह्रो र खरको छानाले छाइएको हुन्थ्यो । यस्ता घर अपवादको रूपमा हाल कहीँकहीँ मात्रै देख्न पाइन्छ । पाल्पा, नवलपरासीमा टिनको छाना बढी, खरको छाना कम भएको घर देखिन्छन् । आर्थिक अवस्था कमजोर भए पनि टिन लगाउने चलन बढिरहेको उनीहरू बताउँछन् । गोरखा कुन्दुरटारस्थित प्राय: कुमालहरूका घरमा भने ढुंगाको छानो देख्न पाइन्छ ।

---

५ कुराकानीमा आधारित ।




*तस्बिर १ः कुमाल जातिको परम्परागत घुमाउने घर र आधुनिकता दिइएको परम्परागत घर*

अगाडि बरण्डाझैं बनाइएको प्रायः एक कोठाको सिंगो घर कुमालहरूको प्रचलनमा छ । अगाडिको बरण्डालाई पिढी भन्छन् । तर आधुनिक पक्की घर हुनेहरूले भने छिमेकी गाउँघरको देखासिकीमा घरको रूपरंगमा परिवर्तन गरेका छन् । घर बाहिर रातो कमेरो माटो वा सेतो चुनाले पोतेका हुन्छन् । माटोसँग नजिकको साइनो भएका कुमालहरूका घर छउमै रातो माटो प्रशस्त भएकोले घर राम्रो देखाउन रातो माटोले पोत्ने गरेका हुन् । लक्ष्मीको बास होस् भन्ने हेतुले पनि यसरी रातो माटोले पोतिन्छ । सेतो चुनाले पोत्ने चलन भने आधुनिक घर बन्दै गएपछि चलेको हो । दाङका कुमालहरू थारूहरूसँग निकटस्थ रहेकाले उनीहरूसँग मिल्दोजुल्दो घर बनाएका हुन्छन् । थारूहरूले झैं पिढीलाई 'बहरी', देवता कोठालाई 'डेहुरार' भन्छन् (देवकोटा २०५९ः ३१) ।

बीउबिजन राख्ने छुट्टै गाग्रो हुन्छ, जसलाई 'छेप्पा गाग्रो' भनिन्छ । यसलाई सुरक्षित साथ राखेका हुन्छन् । भान्सा कोठाकै पूर्व उत्तर कुनामा एउटा किला हुन्छ, जसलाई देवता मान्छन् । यसलाई घरमुलीबाहेक अरूले छुन हुँदैन । यहाँसम्म कि महिलाहरू घर बढार्ने बेलासमेत आफू त्यो किलामा नछोइयोस् भनेर सजग रहन्छन् । भान्सा कोठाकै पश्चिम दक्षिणपट्टि पूर्वतिर चुलो, कुलदेवताको थान, दक्षिण पश्चिमतिर पानी खाने गाग्री राख्ने, तलामाथिको पूर्वतिर धानलगायत अन्नको भकारी हुन्छ । कुमालहरू पूर्वको साइत राम्रो मान्छन् । त्यसैले घरको धुरी समेत पूर्वतर्फको अग्लो राख्ने परम्परा थियो, हाल त्यस्तो पाइँदैन ।

उत्तर वा दक्षिण मूलढोका राख्ने कुमालहरूका मूल घरको पूर्वतिर रहेको कुलको थानभित्र एउटा विशेष प्रकारको शिला हुन्छ । उक्त शिला पहिले पहिले नुन लिन जाँदा ११/१२ दिनसम्म हिँडेर भारतको ठोरी, सहपुरस्थित गंगा नदीबाट ल्याइन्थ्यो रे । त्यस थानभित्र खुँडा, तरबार, माटाको धूपौरा, माटाको पाला, बाँसको लिङ्गो, सल्लो, धूपी, बाँबियोको तोरण, पिपलको पात, बेलको पात आदि रहेको हुन्छ । उनीहरूले देवता अंकित शिलामा रङ्गाई फूल अक्षता राखी, निश्चित स्थानमा चामलले घेरी पूजा गर्ने गर्दछन् । साथै नयाँ अन्न खानु अघि घरको मूल खम्बामा देवता बसेको विश्वास गरी धान, मकै चढाउँछन् ।

पहिलेदेखि अग्लो घर बनाउन हुन्न भन्ने मान्यता कुमाल समुदायमा थियो । घरभित्र पस्दा निहुरिएर पस्नुपर्छ भन्ने मान्यताले ढोका पनि स्वतः होचा बनाइन्थे । पुराना परम्परागत घरमा यो अवस्था अझै छ । होचो भए पनि घरको दोश्रो तल्ला अनिवार्य बनाएका हुन्छन् । कारण तल्लो कोठामा खाना पकाउने चुल्हो, भाँडा आदि राखिएको हुन्छ । त्यसैले, माथिल्लो तल्ला (आँटी) मा सपरिवार लहरै सुत्ने गर्छन् । पाहुना या ज्वाइँ आएमा भान्सा कोठामा सुताउनुभन्दा बाहिर पिढीमा सुताउँछन् । ठाउँको अभावले अर्को विकल्प पनि हुँदैन ।



*तस्बिरः २ गोरखामा घर मर्मत गर्दै एक कुमाल परिवार*

घरको मूल ढोका पूर्व दिशामा बनाउने चलन भएको बताइए पनि जग्गाको अवस्थाअनुसार जुनसुकै दिशामा ढोका राखेको पाइन्छ । घरको एक मात्र कोठा भएको भान्सा कोठाबाटै माथिल्लो तल्लामा उक्लिने भऱ्याङ हुन्छ । माथिल्लो र तल्लो तल्लाको दुरी खासै नहुने भएकोले एउटै काठको बीच

बीचमा आधा खुट्टा राख्न मिल्ने खाल्टो बनाइ भऱ्याङ ठड्याइएको हुन्छ । यस्तो भऱ्याङलाई साँगो भनिन्छ। तर आधुनिक घरमा भने राम्रा फल्याकका मिस्त्रीबाट बनाइएका भऱ्याङ छन् । घरका झ्याल पनि निकै स-साना हुन्छन् । घरको बनावटको तुलनामा आँगन फराकिलो हुन्छ । बिहानै दैलो लिपपोत गरेर सफासुग्घर राख्छन् । साँगुरो ठाउँले गर्दा घरको भित्री भाग गज्याङमज्याङ देखिए पनि बाहिरी भाग चिरिच्याँट्ट पारेको देखिन्छ । घर छेउको बारीमा फलफूल, डाले घाँसको बोट आदि देख्न पाइन्छ ।

घर छेउमै गोठ हुन्छ । गाईवस्तु कम पाल्ने भएकोले गोठ पनि त्यत्ति ठूला हुँदैनन् । घर बनाउन इँटा आफै पार्छन् । माटाको भाँडा पकाउने सीपले इँटा पकाउने काम पनि सहज ठान्छन् । तर इँटा पकाउने दाउरा नपाउँदा कतिपयले काँचो इँटाकै घर बनाएका छन् ।

## ४.२ परिवार

कुमालहरू संयुक्त परिवारमा बस्न रुचाउँछन् । शहरीया वातावरणले अब भाइ-भाइ अंशवण्डा गरी छुट्टै भिन्नै घर बनाएर बस्ने चलन बढेको छ । परिवारको घरमूली हुँदासम्म भाइ-भाइ खासै छुट्टिदैनन् । घर छुट्टिए पनि गाउँ छाडेर, ठाउँ छाडेर जाने नभई दाजुभाइको घरसँगै जोडिएर बनेको पाइन्छ । घरमूली प्रायः पुरुष नै हुन्छन् । एकल परिवारको पुरुष विदेश गएर महिला नै पनि घरमूली भएको देखिन्छ । संयुक्त परिवार भएमा जेठो छोरो नै घरमूली हुन्छ । तर विदेशमा कमाउन जाने चलनले महिला, कान्छा छोरालगायत जो कोही पनि घरमूली सम्हालेको भेटिन्छ ।

पराम्परागत अवस्थादेखि नै कुमाल जाति एकै ठाउँमा गुजुमुज्ज घर बनाई बसोबास गर्छन् । घरपरिवारको पारिवारिक संरचनाको कुरा गर्दा प्रायः सगोलमा नै बसोबास गर्ने गरेको पाइन्छ । दाजुभाइहरू, बा आमा, बाजे बज्यै सबै एउटै झुण्ड र परिवारमा नै बसोबास गर्ने हुँदा उनीहरूमा यो मेरो, त्यो तेरो भन्ने नभई संयुक्त रूपमा नै हाम्रो सम्पत्ति हो भन्ने भावना विकसित भएको हुँदा जेठोले कम र कान्छो छोराले बढी पाउने भन्ने सवाल हुन्न । तर हाल आएर यस समुदायको पारिवारिक संरचनामा व्यापक फेरबदल आएको छ ।

पारिवारिक संरचनामा आएको फेरबदलले गर्दा दाजुभाइहरू एकापसमा

बुबा, आमा, हजुरबुबाबिच छुट्टिने चलनमा पनि तीव्रता आएको छ । नवलपरासीको मध्यविन्दु- ५ र ६ वडाका कुमाल बस्तीको गाउँमा अध्ययन गर्न जाँदा बुढ्यौलीमा छोराहरूसँग अलग छुट्टिएर बसेका वृद्ध कुमाल दम्पत्ति पनि भेटिए । वृद्धभत्ताले जीवन गुजारा गरिरहेको उनीहरूले बताए । भाइ-भाइ छुट्टिदा बुबा आमाहरू प्रायःजसो कान्छो छोरासँगै बस्ने गर्दछन् । यसरी छोराहरूबाट अलग हुँदा बुबाले आफ्नो भागमा केही सम्पत्ति पनि छुट्याएका हुन्छन् । यस्तो सम्पत्तिलाई जिम्नी भनिन्छ । सो जिम्नी जुन छोराले बुबा आमालाई पालनपोषण गर्छ, उसैले नै बुबा आमाको मृत्युपछि पाउँछ । केही वर्षदेखि कुमाल समुदायमा छोरीलाई छोरासरह अंश दिने चलन पनि बिस्तारै बढ्दै जान थालेको छ ।

श्रीमान् काममा गएमा श्रीमतीले खाना कुरेर बस्नुपर्दैन । यद्यपि परिवारका सदस्य साथै भएमा सँगै बसेर खाना खाने गर्दछन् । महिलाहरू घरभित्रको काम गर्छन् भने पुरुषहरू घर बाहिरको । तर पुरुष घरमूलीको निर्णय नै सर्वेसर्वा हुन्छ । बाबुपछि आमा, दाइ, भाउजूको स्थान सम्मानजनक हुन्छ । सासू, ससुरा तथा जेठाजुसँग बुहारीको घुम्टो प्रथा छैन । तर सम्धीका अगाडि सम्धिनीले घुम्टो ओढ्नुपर्ने चलन छ । खाना ख्वाउन सासू ससुरालाई प्राथमिकता दिन्छन् ।

कुमालहरू आफ्नै जातिमा मित लगाउँदैनन् । मगर र गुरुङसँग बढी मित लगाइएको पाइन्छ । बाहुन/क्षेत्रीसँग मित लगाउने चलन नभए पनि पछिल्लो समयमा क्षेत्रीसँग पनि मित साइनो गाँसेको पाइन्छ । मित लगाउँदा एउटै बार, अनुहार मिल्दा र साथीत्वको नातालाई अझ प्रगाढ बनाउन मितको साइनो जोड्ने गर्दछन् । मित लगाउँदा सानोतिनो भोजझैं तामझाम हुन्छ । मित मित दुवै जनाले रातो टीका, फूलपाती लगाइदिने, आफ्नो मितलाई कपडालगायत केही उपहार दिने, मितको उपहार स्वीकार्ने र जीवनभर दुःख सुखमा सदा सहयोग गर्ने वाचा गरिन्छ । यसरी मितलाई पनि परिवारकै अभिन्न सदस्यको रूपमा, इष्टमित्रको रूपमा मानिन्छ । चाडपर्व, बिहेभोज, मर्दापर्दामा मित साइनोहरू दोहोरो रूपमा आवतजावत गर्ने गरेको पाइन्छ ।

### ४.३ थर र उपथर

कुमालहरूका विभिन्न थर पाइएको छ । अधिकांश थर ठाउँ विशेषको

नामबाट आएको देखिन्छ । मौलिकता भेटिएको थरको नाम के कारणले परेको हो ? सोही थर भएका अधिकांशले भन्न सक्दैनन् । कुमालका विभिन्न थरको नामावली यसप्रकार रहेको छः

१) साखे २) पाल्पाली ३) चापकोटे ४) बाँझकोटे ५) गोरसोटे ६) राउँजे (राम्जे) ७) पर्वते ८) बसखोरे ९) सापकोटे १०) प्युठानी ११) गोर्खाली १२) मस्बे १३) अठभैया मसुके १४) लाहुरे खत्री १५) चितौने १६) पोखेली १७) बगाले १८) हर्देली १९) सबिङ्गे २०) पोस्थरे २१) सिखेली २२) बर्गेली २३) चैरन २४) मुखिया २५) तकुल्वा २६) बैरचीँ २७) चुडेली २८) पँडेली २९) पोलङ्गा ३०) ओभ्का ३१) पूर्विया ३२) अर्घौले ३३) गरुङ्गे ३४) हर्दिया ३५) मगराते ३६) पश्चिमा ३७) मरघरे ३८) राना ३९) सालुङ्गे ४०) खत्री ४१) थिनछिने खत्री ४२) स्याङ्जाली ४३) माउरे ४४) हलेदी ४५) ठाडा ४६) ठूल्बीसे ४७) डँरडगम ४८) डोटेली ४९) बैराठे ५०) सिरब्राली ५१) अर्घाली ५२) सप्लुङे ५३) निरन ५४) बढघरे ५५) रनगुजे ५६) बाङबोटे ५७) सवाङजे ५८) हलिदे ५९) चाप्कोटे ६०) थिमथिम ६१) नयाँ चउतारे ६२) चोल ६३) बोटे ६४) दूधपाउ ६५) हलिसे ६६) डले ६७) मुकुडे ६८) पाठक ६९) भट्टराई ७०) स्यान ७१) शान्था ७२) वर्मा ७३) मेसवि ।

*(स्रोतः कुमाल भाषाको अध्ययन (२०४३), कुमाल आवाज स्मारिका (२०६५), https://ne.wikipedia.org/wiki/ तथा स्थलगत अध्ययन, २०६६ र २०७६)*

चितवन, प्युठान, पाल्पा र नवलपरासीतिरका पहाडी कुमालहरू पूर्वीया सात थरे, पश्चिमा चौध थरे र तीन थरे गरी तीन भागमा विभक्त छन् (पाण्डेय २०६३ः ६) । यसरी कुमालका थरको सूची हेरेर सामान्यतया विशेषता केलाउँदा स्थानको नामबाट धेरै थरको नाम आएको देखिन्छ । जस्तै- नवलपरासीमा रहेको चापकोट गाउँको नामबाट चापकोटे थर भएको भनाइ छ । गोरखा जिल्लाबाट अन्यत्र बसाइँसराइ गरी गोर्खाली थर राख्नु एउटा कुरा हो । गोरखा जिल्लामै बसोबास गर्नेहरूले पनि गोर्खाली थर राखेको पाइन्छ । पाल्पाली, बाँझकोटे, पर्वते, प्युठानी, चितौने, गरुङ्गे, स्याङजाली, डोटेली आदि ठाउँकै नामबाट राखिएका थर हुन् । कतिपय कुमालहरू पश्चिमेली कुमालहरूका मूल थलो डोटी भएको बताउँछन् ।

त्यस्तै पूर्वबाट आएका पूर्वीया तथा पश्चिमबाट आएका पश्चिमा थर भएको स्वतः अनुमान गर्न सकिन्छ ।

कुमालहरू पहिले लाहुरे हुनलाई थरसमेत परिवर्तन गरेको बताउँछन् । लाहुरे खत्री त्यस्तै मध्येको थर हुन सक्छ । पूर्व भारतीय लाहुरे रहेका तनहुँ थर्पुका एक कुमाल वृद्धले आफू घर्ती थर लेखाएर भर्ति भएको सुनाए । हलेदी, हर्देली र हर्दिया विभिन्न ठाउँमा फरक रूपमा भनिने एउटै थर भित्रको उपथर हुन सक्ने देखिन्छ । खत्री थरभित्रकै थिनछिने खत्री, लाहुरे खत्री उपथर हो । पोखेली थरका कुमालहरूका एउटा दूध पोखेली, अर्को पानी पोखेली रहेको छ । एउटै थरका दाजुभाइहरू बसाइँ सर्दै जाँदा थरबाट उपथर जन्मिएको हुन सक्ने देखिन्छ । तर थर र उपथरको नामकरणबारे कुनै ठोस प्रक्रिया पाइँदैन ।

कास्की, तनहुँ, लमजुङतिर कुमाल नलेखी माल थर मात्रै लेख्नेहरू पनि छन् । अर्घाखाँचीमा केहीले कुमाल नभई सुमाल थर लेखाउँछन् । पाल्पाका बाघवीर मुखिया आफ्ना जेठा बा मुखिया रहेको तथा कुमालहरूका मुखिया थर पनि भएको सुनेकोले मुखिया लेखाउने गरेको बताउँछन् । उनले पाल्पाको डा. महेन्द्र प्रधानले बाघवीर पछाडि कुमाल सुहाएन, मुखिया लेख भनी कर गरेकोले पनि त्यहीँ लेखियो भन्छन् ।[६] सम्भवतः कुमालमा पहिलो एमफिल गर्ने तनहुँका खड्कबहादुर कुमालले आफ्नो थर कुमाल नभई 'कमाल' लेख्छन् ।

कुमालमा यो थर सानो, त्यो थर ठूलो भनेर छुवाछुत भेदभाव गरिएको अवस्था पाइन्न । तर अध्ययनका क्रममा अछाम, मुगु पुगेका बाघवीर मुखिया कुमालका अनुसार सो जिल्लामा कुमाल नभई 'कुमार' थर लेख्ने कुमालहरू छन्, जसले जनैसमेत लगाउँछन् । उनीहरूलाई क्षेत्रीमा गणना गरिन्छ ।–

पाल्पाको माडी क्षेत्रमा चितौरे राना थरका कुमालहरूका बसोबास बढी छ । आफूलाई सामन्त ठान्ने यहाँका कुमालहरू पहिले अन्य कुमालको घरमा जाँदा उनीहरूले पकाएको खाँदैनथे । एक वृद्धका अनुसार यहाँसम्म कि बाहुनले पकाएको समेत खाँदैनथे । आफैले पकाएको मात्रै खाना

६ कुराकानीमा आधारित ।

खान्थे । त्यस्तै धेरैले आफ्नो थर नै गोत्र भएको बताउँछन् । केहीले काशी गोत्र, ढालेमाल गुराउ गोत्र रहेको बताए । एक अध्ययन अनुसार कास्कीमा ६ किसिमको थर भएको कुमालमध्ये खत्री, गोताने, राना, चितौरे, राजपुत र कुम्भकर्ण शिलादेवी रहेका छन् । जसमध्ये खत्री र गोताने थर भएकाहरूको बिहे, ब्रतबन्ध बढी बाहुन, क्षेत्रीसँग मिल्दोजुल्दो छ (भुर्तेल र क्षेत्री सन् २००६: ३६) । यद्यपि कास्कीमा बसाइँसराइका हिसाबले अन्य थरका कुमालको बसोबास हुन सक्छ ।

## ४.४ नाता कुटुम्ब, साइनो सम्बन्ध

कुमालहरूमा फुपूको विशिष्ट स्थान हुन्छ । उनले नै नवजातको शिशुको नामकरण गरिदिन्छिन् । बदलामा माइतीले गच्छेअनुसार उपहार दिन्छन् । एक वृद्धले भने- पहिलेका फुपूले आफ्नै परम्परागत तरिकाले नाम राखिदिँदा खास गरी बूढापाकाहरूको हाँसोउठ्दो नाम भएकाहरू धेरै छन् । एउटै गाउँमा व्यक्तिको नाम जुध्ने समस्या पनि छ । आजकालको फुपूले भने बाहुनसँग चिनो पात्रो हेराएर, नामकरण गराएर जुराएको नाम लिएर जान्छन् ।

पहिले पहिले गोत्रबिच विवाह भएमा गाउँभन्दा छुट्टै घर बनाइदिने चलन थियो । हालका युवाहरू त्यसरी भगाएमा शहर पस्छन् । केटाको घरको मन्जुरी भएमा ती सम्बन्धलाई मान्यता दिन मृत्यु या विवाह संस्कार कुर्नुपर्दैन । जुनसुकै समयमा सामान्य दण्ड जरिवाना लिई गाउँलेलाई भोज ख्वाएर उनीहरू समाजमा स्थापित हुन सक्छन् । हाडनातामा विवाह गर्दा कुमाल समाजमा पनि स्वीकार्य हुँदैन । यदि कसैले हाडनाता वा खलक (थर) मा विवाह गरेमा उसलाई घरबाटै अलग्याउने र सजायस्वरूप गाउँ निकाला पनि गरिन्छ । उसलाई आफ्नो खलक र समाजबाट समेत बहिष्कार गरिन्छ र सामाजिक कार्यमा समेत सहभागी गराइदैन । खलक र समाजबाट समेत बहिष्कार गर्ने र मर्दा भाग्दासमेत नुन, जुठो चोखो बार्ने चलनसमेत हुँदैन । कुमाल समाजमा पहिले मामाको छोरीसँग फुपूको छोराले विवाह गर्ने तथा भान्जा पुज्ने चलन रहे पनि यो व्यवस्था भने बिस्तारै हट्दै जान थालेको छ । विवाह गर्दा कुमाल समुदायमा प्रायः मागीभन्दा पनि भागी विवाह गर्ने चलन बढ्ता छ । कुमाल केटीहरू बालिग भएपछि आफ्नो मन पर्ने केटा खोजी विवाह गर्न स्वतन्त्र छन् (पाण्डेय २०६३: ७) । तर भगाएर लगे

पनि पुनः विवाह भने गर्नैपर्छ। यसर्थ भगाएर पहिल्यै विवाह गरे पनि अथवा बालबच्चा भएपछि पनि टीका दिएपछि मात्रै विवाह गरेको भनेर समुदायले बल्ल मान्यता दिन्छ।

## ५. धर्म, धार्मिक परम्परा र चलन

कुमाल जातिको मूल धार्मिक थलोको बारेमा स्पष्ट पहिचान हुन नसके पनि यिनीहरूले प्राकृत धर्म मान्छन् । उनीहरूले आफ्नो मरेर गएका पुर्खाको सम्झनास्वरूप बाई, कुलायनको पूजा गर्ने र पुर्खालाई देवताको रूपमा मानी कुनै किसिमको दुःख कष्ट नदेऊ भनी घरपरिवारको रक्षा र कल्याणको कामना गर्दछन् ।

त्यसैगरी कुमाल जातिको सबैभन्दा ठूलो देवीको रूपमा कुल देवतालाई इस्ठ देवता नै मान्दछन् भने चण्डीदेवीलाई पनि महत्वका साथ मान्दछन् । तर तनहुँको खैरनीटारमा आम हिन्दू मन्दिर शैलीमा कुमालहरूका चण्डीको मन्दिर बनाइएको छ। उनीहरूले चारैतिरबाट घेरिएको ठूलो वृक्ष (प्रायः तिदु) को बिच शिला, मूर्ति लगायत राखिएको चण्डीको प्रतीकलाई धुमधामको साथ पूजाआजा गर्छन्। बाटोघाटो वनजङ्गल खेतीपातीमा जाँदा आकस्मिक रोग नलागोस् भनेर कुमालहरू वनसिखण्डीको पूजा गर्छन् । मण्डलीबाई (वनदेवता), सेमरे बाई (वनदेवी) को पूजा गर्छन्। त्यस्तै नाग-नागिनीलाई भूमि देवताको प्रतीक मान्ने गर्दछन् । यसरी उनीहरूका पूजापाठ संस्कृति हेर्दा प्राकृत धर्म मानेको स्थिति प्रष्ट देखिन्छ।

यसरी कुमाल समुदायले परम्परागत समयमा उनीहरूका प्राकृत धर्म भए पनि हाल आएर बढी मात्रामा हिन्दूको प्रभाव पाइन्छ । कुमालहरूलाई ' तपाईं कुन धर्म मान्दै आउनुभएको छ ?' भनी सोध्दा अधिकांशले हिन्दू नै बताउँछन् । अन्य धर्म अंगाल्ने क्रमसँगै क्रिस्चियन, बौद्ध धर्म मान्नेहरूको सङ्ख्या पनि बढ्दै गएको छ । तर यी धर्म अंगाल्नेले पनि पुरानो धर्मको केही विधिविधान पनि मान्दै आएका छन् ।

कुमालहरूका अध्ययनको क्रममा हीरामणि शर्मा पौड्यालले प्रष्ट शब्दमा उल्लेख गरेका छन्- मंगोलियन आकृतिका देखिए पनि कुमालहरू हिन्दू धर्मालम्बी नै हुन् । यिनीहरूका मूलधर्म पनि हिन्दू धर्म नै हो (पौड्याल २०४३: २५)। पौड्यालले हिन्दू धर्मालम्बी भने पनि कुमाल आदिवासीहरूले

मनाउने चाडपर्व, संस्कृति हेर्दा भूमिलाई देवताको रूपमा मान्ने हुनाले यिनीहरू प्राकृतिक धर्म मान्ने भएको तथा हिन्दू धर्म पछिबाट थोपरिएको देखिन्छ ।

## ५.१ धामी झाँक्री परम्परा

विभिन्न किसिमको पूजापाठमा धामीलाई बोलाइन्छ । स्थान विशेषअनुसार धामीलाई कुमालहरूले जान्नी, बैध्य, गुराउ आदि भन्छन् । धामीले गर्ने कामहरूमा गाउँ हिँड्दा बस्दा, खाँदा हुने सामान्य रोग र आपतकालीन वायु आदि रोग लागेको व्यक्तिलाई धामीले फुकफाक गरी भेदहरू पन्साउने अधराते, दोबाटे कटाउने, हनुवा, वीर फ्याँक्ने, पचभइयाँ, आकाशे, वीर, सातो, रिसानी आदि रोगको झारफुक र धूप धुवाँर गर्ने कार्य गर्ने तथा भूतप्रेतको प्रकृति हेरी कुखुराको चल्ला, सुँगुर, बोका चढाउने गर्छन् ।

हाल आएर धामी नभेटिए सामान्य विधि जान्नेलाई अगुवाई गर्न लगाएर पूजा गराइन्छ । यसले धामीको महत्व घट्दै गएको देखाउँछ । तनहुँको खैरेनीटारमा कुमालहरूका छुट्टै चण्डीथान मन्दिर छ, जहाँ पाल्पाली कुमाल पूजारी छन् । तिनलाई मन्दिर रेखदेख गरेवापत केही जग्गा छुट्याइएको छ । यद्यपि सो मन्दिरको कुनै रेखदेख छैन । कारण वर्षमा एकपटक केवल वैशाख पूर्णिमाको दिन मात्रै यो खुल्छ । कुमाल पहिचानको नभई अन्य साधारण हिन्दू मन्दिरको झैं चण्डी मन्दिरको पनि बनावट छ ।

कुमालहरू धामी झाँक्रीमा विश्वास राख्छन् । यद्यपि गाउँको निश्चित धामी हुँदैनन् । धामी काम गर्दै आएका गोरखा- ११ कुन्दुरटारका १ सय १ वर्षीय बुधे कुमालका अनुसार पहिले सारा गाउँलेले मान्ने धामी हुन्थे । अब अङ्ग्रेजी दवाई आएकोले धामीलाई मान्दैनन् । धामी बुधेले त्यसो भने पनि उहाँकहाँ विश्वास गर्नेहरू भने आइरहन्छन् । घर छेउको माध्यमिक विद्यालयका प्रधानाध्यापक पनि अछेता हेराउन आउने बताए । जडीबुटी उपचार गर्ने भएकाले उनीकहाँ मान्छेको भीड हुन्छ ।

सामान्य बिरामी भएमा झारफुकबाट ठिक हुन्छ भन्ने विश्वास कुमाल समुदायमा अझै पनि छ । तर नयाँ पुस्ताले धामी विद्या नसिक्दा यो परम्परा हराउँदै गएको छ । नवलपरासीको मध्यविन्दु नगरपालिका- ६, टाँडीमा जुंगे बुढा भनेर चिनिने कालु कुमाल तथा हडबडे कुमाल नाम

चलेका धामीहरूका अहिले मृत्यु भइसकेको छ । ती धामी नहुँदा स्थानीय दुर्गा प्राथमिक विद्यालय परिसरमा रहेको कुमालहरूका भुँइहार थानको अस्तित्व लोप हुने अवस्थामा पुगेको छ । बरु भुँइहार थानमा दुर्गा मन्दिर बनाइएको छ । कुमालहरूका भुँइहार थान क्षेत्र ओगटेर ब्राह्मण पूजारीहरूले आफ्नो घर बनाएका छन् ।

मध्यविन्दु- ६, टाँडीका कविराम कुमाल (७३) भन्छन्- 'नियमित पूजा गर्ने कुमाल धामीहरू नभएपछि हाम्रो कुमालको भुँइहार थान नामेटजस्तो छ । ब्राह्मण पूजारीहरूले हामी कुमालले जे चढाउन पनि छुट भनेका छन् । त्यसैमा सन्तोष मान्नुपर्ने अवस्था छ ।'[७] कुमालहरू त्यहाँ प्रत्येक वर्ष चण्डी पूर्णिमामा कुखुराको आदि बलि चढाई पूजाआजा गर्दै आएका छन् । प्रत्येक सोमबार गरिने पूजा सोमबारी बर्ना भने हराएको छ ।



*तस्बिर: ३ नवलपरासी मध्यविन्दु- ६, टाँडीका कविराम कुमालसँग जानकारी लिँदै अनुसन्धानकर्मी डा. कृष्णराज सर्वहारी*

७ कविराम कुमालसँग निजकै घरमा २०७६ वैशाख १४ गते गरिएको कुराकानीमा आधारित ।

मध्यविन्दु- ५, बाघघोर (भेरी खोला) का ७४ वर्षीय आइतवीर कुमाल सक्रिय धामी हुन् । टाउको दुखे, ज्वरो आए, बच्चा लगातार रोइरहे आदि समस्या लिएर उनी कहाँ दिनहुँजसो बिरामीहरू आइरहन्छन् । झारफाक गरेको सेवावापत चामल, केही रकम श्रद्धापूर्वक गाउँलेहरूले दिने गरेका छन् । उनी भन्छन्, 'म बितेपछि यो गाउँ, छिमेक वरपर धामी प्रथा हराउने चिन्ता लाग्छ ।'[८] उनका आफ्ना कोही चेला नभएकाले चिन्ता लागेको बताउँछन् ।

कुमालहरू बाहिर निस्किदा रित्तो गाग्री देखेमा साइत पर्दैन भन्ने विश्वास गर्छन् । गोरखा कुन्दुर गाउँकी प्रमिला कुमाल दलानमा लुगाको झोलुंगेमा बच्चा फुल्याई रहेकी थिइन् । बाँसको झोलुंगे बनाउनु हुन्न ? भन्ने प्रश्नमा उनले भनिन्- 'अरू घरमा त बाँसकै झोलुंगे हुन्छ, तर हाम्रो घरमा बाँसको झोलुंगे नफापेकोले धामीको सल्लाहअनुसार लुगाको कोक्रो बनाउँछौं ।' यसरी धामीको सल्लाह शिरोधार्य गर्ने चलन अहिले पनि छ ।

## ५.२ चाडपर्व तथा प्रमुख धार्मिक पूजाआजा

कुमालहरू विभिन्न चाडपर्व मनाउँछन् । खास गरी कुमाल जाति प्रकृतिपूजक भए पनि हिन्दू धर्म मान्ने भएकाले अन्य हिन्दू धर्मालम्वीहरूले जस्तै दशैं, तिहार, ठूलो एकादशी, तिज, साउने संक्रान्ति, माघे संक्रान्ति, चैते दशैं, चण्डी पूर्णिमा, वैशाखे पूर्णिमा आदि चाड मनाउने गर्दछन् । साथै, यस जातिले समयानुकुल कुल, देवी, वायु, भुगेर, वीर, झाँक्रीको पूजा गर्दछन् । पूजाआजा र ठूला चाडहरूमा हिउँदमा पाउदुरे र सोरठीजस्ता लोपोन्मुख नाच नाच्दछन् भने वर्षा याममा चुड्का, झ्याउरे, ठाडो भाखा र दोहोरी गीतमा रम्ने गर्दछन् ।

यहाँ उनीहरूका मुख्य चाडपर्वबारे संक्षेपमा चर्चा गरिन्छ ।

### क) माघे संक्रान्ति पर्व

माघे संक्रान्ति अर्थात् माघी पर्वको दिन टाढा-टाढा नोकरीका लागि मुग्लान फिरेका र बसाइँ सरेकाहरूका पुर्ख्यौली घर फिर्ने र चेलीबेटी इष्टमित्रहरू आफन्तकहाँ भेला हुने, गंगास्नान गर्ने र पितृलाई पानी दिने चलन छ । जसमा टपरी गाँसेर त्यसमा माटोको हाँडीभित्र मास, जौं, तिल, अदुवा,

---

८ आइतवीर कुमालसँग निजकै घरमा २०७६ वैशाख १४ गते गरिएको कुराकानीमा आधारित ।

बेसार तथा दुनामा पानी राखेर नदीमा सेलाइन्छ । सोही क्रममा नदी घाटमा बालुवाको मन्दिर बनाइन्छ। माघीमा सेल रोटी र फुरौला, ढिकौरा पकाउने, सक्खर, तरुल उसिन्ने र अझ मुख्य रूपमा मास र अन्य गेडागुडी मिसाएर बटुक बनाई जाँड, रक्सी र माछा मासुसँग खाने चलन रहेको छ। त्यसो त यस पर्वको दिन टाढा रहेका आफन्तहरू चेलीबेटी र इष्टमित्रहरू एकापसमा जमघट भई सुख दुःख साटासाट र मिठा मिठा परिकारहरू बनाएर खाइ हर्षोल्लासका साथ मनाइन्छ।

थरी थरीका परिकार ग्रहणको साथै वर्ष भरीका पीर मर्का दुःखलाई भुल्न एकापसमा भेला भई नाचगान र रमाइलो गरी हर्षोल्लासका साथ यो पर्व मनाउँछन् । सरकारले माघीका अवसरमा बिदा दिने निर्णय गरेपछि कुमाल जातिको साझा संगठन नेपाल कुमाल समाज सुधार समितिले केही वर्षदेखि प्रमुख ठूलो चाडको रूपमा महोत्सवको रूपमा माघी पर्व मनाउन थालेको छ । माघे संक्रान्तिमा पाउदुरे, हेम्फाइ नाच नाच्ने चलन पनि रहेको छ। कुमाल समुदायले माघे संक्रान्तिलाई मौलिक संस्कृतिले भरिएको सबैभन्दा ठूलो पर्व तथा नयाँ वर्ष सुरुवातको रूपमा मनाउने गर्दछन् । यो पर्व कुमालहरूका राष्ट्रिय पर्वको रूपमा घोषणा भइसकेको छ । यसैगरी, पुस १५ मा चिचर (अन्दीको भात) पकाएर घिउमा भुटेर खाने चलन पनि कुमाल समुदायमा छ।



*तस्विर ४, माघे संक्रान्ति पर्वलाई कुमालहरूको राष्ट्रिय पर्वको रूपमा घोषणा वर्ष २०८० मा चितवनको गोलाघाटमा देशभरबाट उपस्थित विशाल जनसागर ( तस्बिरः नगेन्द्र कुमाल)*

काठमाडौं, नेपाल

प्रधानमन्त्री

## शुभकामना सन्देश

माघे सङ्क्रान्ति पर्व २०८० को सुखद् अवसरमा प्रकृतिपूजक कुमाल समुदाय लगायत स्वदेश तथा विदेशमा रहनुभएका समस्त नेपालीहरूमा सुख, शान्ति सुस्वास्थ्य, दीर्घायु र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपाली जनताको सात दशक लामो न्यायपूर्ण सङ्घर्षको बलमा जनताका प्रतिनिधिहरूको सामूहिक विवेकद्वारा निर्मित सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधानले देशको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषता एवं भौगोलिक विविधतालाई आत्मसात गर्दै विभिन्न जातजाति, भाषाभाषी, संस्कृतिको आन्तरिक राष्ट्रियता सुदृढ गर्दै स्वाधीनतासहितको समृद्ध नेपालको परिकल्पना गरेको छ। भौगोलिक दृष्टिले यति सानो मुलुकमा पनि हामीले जुन जातीय, भाषिक, सांस्कृतिक विविधता प्राप्त गरेका छौं, यो हाम्रा निम्ति मात्र नभएर सिङ्गो मानव जातिका निम्ति निकै ठूलो सम्पत्ति हो। यसप्रति सिङ्गो देशले गौरव गर्नुपर्दछ।

देशका ७० जिल्लामा बसोबास रहेको र वि.सं. २०७८ को जनगणनाअनुसार १,२९,७०२ जनसंख्या रहेको कुमाल समुदाय आफ्नै सांस्कृतिक पहिचान र विशेषतासहितको समुदाय हो। कुमाल समुदायका लागि सबैभन्दा महत्वपूर्ण पर्व माघे सङ्क्रान्तिको अवसरमा आयोजित कार्यक्रममा कुमाल समुदायको मौलिक घर, खाना, भेषभुषा, नृत्य र राष्ट्रिय कलाकारको प्रस्तुति रहने कार्यक्रम रहेको जानकारी पाउँदा मलाई थप खुसी लागेको छ। प्रकृतिपूजक कुमाल जातिले राष्ट्रिय पर्वको रूपमा माघे सङ्क्रान्ति मनाउनुको आफ्नै विशेषता र प्राकृतिक महत्व छ। खेतीबाली भित्र्याएपछि पुसमा पकाएर, माघमा खाने चलनको रूपमा प्रचलित छ। सूर्यनारायण पुस-माघदेखि उत्तरायण हुने कारणले प्रकृतिपूजक जातिले नयाँ वर्ष सुरुवातको रूपमा मान्ने चलन आफैमा श्रम संस्कृतिको उत्कृष्ट नमुना मान्न सकिन्छ।

यस ऐतिहासिक कार्यक्रममा तपाईहरूले कुमाल समुदायबाट राष्ट्रिय पहिचान बनाएका एवं सिङ्गो देश एवं कुमाल समुदायको पहिचान र अधिकारका क्षेत्रमा विशेष योगदान पुऱ्याउनुहुने माननीय सांसदहरू, डाक्टर, इन्जिनियर, जनप्रतिनिधि, राष्ट्रिय कलाकार, खेलाडी, विद्यार्थी, जेष्ठ नागरिकलाई सम्मान गर्ने कार्यक्रम रहेको मैले जानकारी पाएको छु। यसै सन्देशमार्फत म उहाँहरूमा हार्दिक बधाइ ज्ञापन गर्दै भविष्यमा थप सक्रियता र योगदानको अपेक्षासहित निरन्तर प्रगतिको कामना गर्दछु।

यस ऐतिहासिक कार्यक्रममा सहभागी भएर तपाईहरूका कुरा सुन्ने, कुमालहरूको ऐतिहासिक, पहिचान र संस्कृतिबारे थप विषयहरू बुझ्ने एवं सरकार प्रमुखका हैसियतले तपाईहरूको चासो र सरोकारका विषयहरू सम्बोधन गर्ने तीव्र इच्छा हुँदाहुँदै पनि कार्यव्यस्तताका कारण उपस्थित हुन नसकेकोमा दुखसमेत व्यक्त गर्दछु। साथै विभिन्न जातजाति, भाषाभाषी र संस्कृतिको संरक्षण, संवर्धन र विकासका निम्ति अग्रमोर्चामा रहेर सङ्घर्ष गरेको नेता हुनुको नाताले म सधैं तपाईहरूको साथमा रहेको विश्वाससमेत दिलाउन चाहन्छु।

अन्त्यमा, माघे सङ्क्रान्ति पर्वको हार्दिक शुभकामनासहित फेरि एकपटक यस कार्यक्रमको भव्यतम सफलताको कामना गर्दछु। धन्यवाद।

मिति : २०८० माघ १ गते
नेपाल संवत् ११४४ पोहेला थ्व ४

पुष्पकमल दाहाल 'प्रचण्ड'

### ख) दशैं

यस पर्वमा भने अन्य जातिहरूले जस्तै ठूला बडाको हातबाट टीका र जमरा थापी आशीर्वाद लिने गर्दछन् । फूलपातीको दिन बिहान सबेरै गंगास्नान गरी मामाले भान्जा भान्जीलाई पूजा गर्ने, सम्मान गर्ने, आफूले सक्दो दान दक्षिणा र मिठा मिठा खानेकुराहरू दिने गर्दछन् । विशेषतः यस पर्वमा कुमालहरूले जाँड, रक्सी, माछा र मासु नै मुख्य रूपमा खाने गर्दछन् भने काटमार विषयमा भने अन्य जातिको भन्दा पृथक रहेको छ। क्षेत्री, बाहुन र अन्य जातिले विशेषतः अष्टमीको दिन काटमार गर्ने गरे पनि यस समुदायले भने नवमीको दिन मात्र काटमार गर्ने गर्दछन् । टीका दशमीदेखि पूर्णिमाको दिनसम्म थाप्ने चलन भए पनि हाल आएर पूर्णिमासम्म टीका थाप्ने चलन भने बिस्तारै हट्दै जान थालेको छ ।

### ग) तिहार

तिहारमा गाई पूजा, कुकुर, गोरु पूजा र दिदी बहिनीको हातबाट सप्तरङ्गी टीका (भाइटीका) लगाउने गर्दछन् । यसको अलावा जाँड, रक्सी खाने र देउसी भैलो तथा झाम्रे नाची यस पर्व हर्षोल्लासको साथ मनाउने गर्दछन् । दीपावलीको अवसरमा भैलो खेल्दा कुमाल समुदायमा ख्याली, मारुनी नाच पनि नाचिन्छ । ख्याली मारुनी नाचमा पनि कृष्णको गाथा गाउदै उनको चरित्रको वर्णन गरिन्छ । यो नाच नाच्दा केटा मान्छे केटी बनेर नाच्छन् र नाच्दा बिच विद्याबारे र छेउ छेउमा दुईजना मारुनीहरू सँगसँगै नाच्ने गर्दछन् । गीतको चरणको अन्तिममा 'सइबरा सइबरा...' भन्दै उफ्रिन्छन् । जस्तो-

*हा आ आ......, जान्छु नि आम्वै*
*म त, जान्छु नि आम्वै*
*बालुवामा खेल्न जान्छु नि आम्वै,*
*ए खै ई सइबरा सइबरा ए खै इ ।*

देउसी भैलो खेल्दा दक्षिणा पाएपछि आशीर्वाद गीतस्वरुप 'लखवरी सै..' भन्दै गीत गाउँछन् । गीतले सन्तानले डाँडाकाँडा ढाकुन् भन्ने सन्देश दिन्छ । जस्तो-

*अघिल्लो दुवार सर सर बाट हो लखवरी सै*
*पछिल्लो दुवार सर सर बाट हो लखवरी सै*

*गाई भैंसी सर सर बाट हो लखवरी सै*
*तीनै कन्या पाँचै पुत्र सर सर बाट हो लखवरी सै ।*

यसबाहेक उनीहरू नागपञ्चमी, जन्माष्टमी, तीज, चैते दशैं, साउने संक्रान्ति, होली आदि चाड पनि सामान्यतः मनाउछन् (देवकोटा २०५९: ३६) । विभिन्न चाडमा सोरठी पनि नाचिन्छ ।

नवलपरासीको मध्यविन्दु- ५, बाघघोर (भोटी खोला) मा स्थानीय सोरठी नाचलाई जोगाएका छन् । तर त्यसमा गाइने कृष्णचरित्रको गीत बुढापाकाहरूलाई मात्रै कण्ठस्थ छ । त्यसैले यो पनि विस्तारै लोप हुने अवस्थामा पुगेको स्थानीय विष्णुबहादुर कुमाल (७९) र तुलबहादुर कुमाल (७०) ले बताए ।

## ५.२.२ पूजाआजा

चाडपर्व सँगसँगै कुमालहरूले विभिन्न किसिमका पूजापाठलाई पनि बढी महत्व दिने गर्छन् । कुमालहरूले प्रकृतिलाई विभिन्न किसिमले पूजाआजा गर्दछन् । जसमध्ये केही प्रमुख पूजाआजा र संस्कारबारे तल वर्णन गरिन्छ ।

### क) चण्डी पूजा

कुमाल समुदायमा वैशाख पूर्णिमाको दिन चण्डीदेवीको पूजा बडो धुमधामसँग मनाउने गर्दछन् । यस पूजामा विशेषतः चेलीबेटी र नाता कुटुम्ब सबैजना भेला भई मनोरञ्जन गरी दुःख सुख एकापसमा साटासाट गर्ने गर्दछन् । सबै गाउँलेहरूले भेला भई प्रत्येकको घरबाट एक एक वटा कुखुरा र गाउँले सबै मिली एउटा सुँगुर र एउटा बाख्राको पाठी भवानी चण्डी माईलाई बलि चढाउने गर्दछन् । चण्डी पूर्णिमाका दिन देवी/भगवतीको चण्डी रूपको नियमित (निम) पूजा गरिन्छ । यस अवसरमा नयाँ विवाह, सन्तान जन्मिएको, नयाँ घर बनाएको छ भने ती शुभ कार्यका लागि 'भाग चढाई' बोका/सुँगुर, कुखुरा काटेर पूजा गर्ने चलन छ ।

पूजारीले चण्डी थानको लिपपोत गरी सफा बनाउँछ । दियो, कलश, वाँण र लिंगोमा ध्वजा बाँधिन्छ । अनि धूप बत्ती बालेर कुखुरा र क्रमशः सुँगर र बोका काटेर चण्डीदेवीलाई रगतको धार दिने गरिन्छ । कुखुरा काट्दा भने भाले पोथी मिलाएर काटिन्छ । त्यसै दिन गाउँको चारैतिर पूजा गरी गाउँको चारकिल्ला बाँध्ने गरिन्छ । बाटोघाटो हिँड्दा, डुल्दा चण्डी देवीले

रक्षा गरुन् र गाउँमा कुनै पनि किसिमको भेद नछिरोस् भन्ने उद्देश्यले यो पूजा गरिन्छ ।

चण्डी पूजालाई कतिपय ठाउँका कुमालले बासी पूर्णिमा अर्थात् पूर्णिमाको पछिल्लो दिनमा पनि मनाउने गर्दछन् । अन्य पूजाको तुलनामा यसलाई बढी महत्व दिने गरिन्छ । जस्तो चेलीबेटीहरूको ठूलो जमघट हुने भएकोले कुमाल समुदायमा चण्डी पूजालाई विशेष महत्वका साथ हेरिन्छ । वर्ष सुरुआतको पहिलो दिन गरिने पहिलो पूजा अनि गाउँका सबै कुमालहरू चण्डी थान वा मुखियाको घरमा भेला हुने गर्छन् ।

वर्षभरी गरिएका कार्यको प्रस्तुति र मूल्याङ्कन तथा आगामी वर्षमा गरिने कार्यको रणनीतिको बारेमा समुदायलाई यसै पूजाको अवसरमा जानकारी गराइन्छ । साथै, बलि चढाएको सुँगुर, बोका र कुखुराको टाउको पकाई सबैले एकै स्थानमा बसेर खाने गर्छन् । यस किसिमको व्यवस्था तनहुँको कलेस्ती कुमाल गाउँका समुदाय र अन्य केही गाउँमा रहेको पाइन्छ । रातभरी चुड्का र झाम्रे नाची रमाइलो गर्छन् भने दुई दिनसम्म हल बार्ने (हलो जोत्न नपाइने) हुँदा त्यस दिन कुनै पनि किसिमको खेतबारीमा कामसमेत नगरी यो पर्व धुमधामका साथ मनाउने गर्छन् ।

### ख) वनस्खण्डी वा शिखारी पूजा

यसलाई शतभैया र पचभैया पनि भन्ने प्रचलन रहेको पाइन्छ । वनजङ्गल तथा खेतबारीमा जाँदा कुनै रोग नलागोस् भनेर यो पूजा गरिन्छ । पूजामा धनुकाँडमा राखिएको एउटा बाँसको लिङ्गो, गुलेली, चोखो चिलिम, बाँसको हुक्का, तमाखु र सुर्ती राखिएको एउटा जबिया र आगो सल्केको एउटा चिलिम अनिवार्य रूपमा चाहिन्छ । यो पूजा व्यक्तिगत रूपमा गरिन्छ ।

### ग) मण्डलीबाई र सेम्रेबाईको पूजा

मण्डलीबाई र सेम्रेबाईलाई कुमालहरूले ठूलो देवता मान्छन् । मण्डली बाई वनदेवता अर्थात् पुरुष देवता र सेम्रेबाई वनदेवी अर्थात् नारी देवताको प्रतीक हुन् भन्ने भनाइ छ । खास गरी विभिन्न किसिमका रोगव्याधिबाट बच्ने उद्देश्यले यी दुवैको पूजाआजा गरिन्छ । यो पूजा व्यक्तिगत रूपमा गरिन्छ । पूजाआजाको लागि कुनै स्थानविशेष तोकिएको हुँदैन । खेतबारी अथवा बगैंचाको आसपासमा यसको पूजा गर्छन् । भुइँ सफा गरेर अबिर

अथवा चामलको पिठोको पाँच-पाँचवटा तेस्रो र ठाडो गरी पच्चिस खण्डहरू बनाइन्छ। दुबो पाती अछेताले प्रत्येक खण्डमा पूजा गरिन्छ। सिरानमा बत्ती बाल्नुपर्छ। पुरुष देवतालाई भाले र नारी देवतालाई पोथी चढाउनुपर्छ।

### घ) देशान्तरी र फिरन्तरी माईको पूजा

यी दुवैलाई पनि रोगव्याधि नलागोस् भनेर पूजा गरिन्छ। दुवै देवी अर्थात् नारी देवता हुन्। वर्षको एकपटक व्यक्तिगत रूपमा र अर्को पटक जेठमा गाउँभरिका गाउँलेहरू सामूहिक रूपमा यसको पूजा गर्छन्। सामूहिक पूजालाई भेजा पूजा पनि भनिन्छ। जसमा एउटा बोका तथा भाले, पोथी गरी दुई जोड कुखुरा बलि दिनुपर्छ। यसको लागि प्रत्येक घरबाट रकम उठाइन्छ। घरको एक जना सदस्य अनिवार्य रूपमा माईको स्थानमा जानुपर्ने हुन्छ। पूजारीले खेतीपाती, वस्तुभाउ र लालाबाला कसैलाई रोगव्याधि नलागोस्, सबैको रक्षा गरिदेऊ, हे देशन्तरी माई र फिरन्तरी माई भनेर पुकार्छन्।

### ङ) सेम पूजा

सेम पूजालाई झाँक्री पूजा पनि भनिन्छ। कुमाल समुदायमा सेम अर्थात् झाँक्री पशुहरूका देवताको रूपमा मानिन्छ। त्यसैले खास गरी पशुहरूका रक्षाका लागि सेम पूजा गरिन्छ। यो पूजामा चारवटा ढुङ्गा गाँडेर खाल बनाइन्छ। प्रत्येक खालमा रेखाहरू हालेर चामलले नौ नौवटा गरी ३६ खण्डहरू छुटयाइन्छ। सेम बालालाई एक एक वटा बासेको भाले काटेर बलि दिइन्छ। गाईको चोखो दूध, धनुषकाँण, एकखोरी लावा र चामलको रोटीहरू चारवटै खालहरूमा चढाउनुपर्छ। पाँच सरा जनै ढुङ्गाको मूर्तिमा बाँध्नुपर्छ। सुपारी र ल्वाङका टुक्राहरू पनि चढाउनुपर्छ। ध्वजा बाँधेर आठ ठाउँमा बाँड्नुपर्दछ।

यस पूजामा पुरुष सेम झाँक्री र महिला सेम बालालाई छुट्टाछुट्टै भाले पोथीको बलि दिइन्छ। बलि चढाएको कुखुराको पकाएको मासु र भात पहिला सेमलाई चढाएर मात्र खाने गरिन्छ। यो पूजा प्रायःजसो गाउँभन्दा पर खोला पारीको भीर र पहरामा गरिन्छ। सो दिन सेमलाई चढाइएको बलि घर ल्याउन नहुने, खोलावारी नै पकाइवरी खाने गरिन्छ। प्रसादलाई खोला तारेर घर ल्याएमा झाँक्रीले घरपरिवार र वस्तुभाउलाई दुःख कष्ट दिन्छन् भन्ने मान्यता रहेको छ। यो पूजा प्रायः वैशाख वा फागुन महिनामा गरिन्छ।

यसबाहेक गाई गोरु र वस्तुभाउको रक्षा होस् भन्ने उद्देश्यले मगरे देवताको पनि पूजा गरिन्छ । यो पूजा पनि खोला पारी भीर र कुनामा सबै गाउँले (समेच्छा) जमघट भई सम्पन्न गरिन्छ । पूजामा सुँगुर र बाख्रा पाठीको बलि दिएर रगतको धार दिइन्छ । यो पूजा प्रत्येक वर्षको माघ महिनाको बुधबार अथवा शुक्रबार गरिन्छ ।

### च) नाग नागिनीको पूजा

भूमि देवताको प्रतीकको रूपमा मानिने नाग नागिनीको पूजा जग्गा जमिनको सुरक्षाको लागि गरिन्छ । कुमालहरूका अनुसार सुँगुरको बलि खाने काली सेती, शेष बासुकीलगायत नाग हुन्छन् । यी बाहेक अन्य विभिन्न नागहरूले दुःख दिने गरेकोमा पूजा गरेर तिनलाई खुशी तुल्याए दुःख दिदैनन् भन्ने भनाइ छ । यस पूजामा नाग नागिनीका प्रतीकको रूपमा चामलको पिठोको नाग नागिन बनाइन्छ । त्यसमा कोइला र अबिरको धर्सो बनाई दुबोको जिब्रो र मासको आँखा लगाई आकृति दिई सिंगारिन्छ । नागलाई दूधको धार दिइन्छ । यसमा पनि दुईटा भाले बलि दिनुपर्छ ।

नाग नागिनीको लागि पूजास्थल सिमसार खेतबारीको हो । कुमाल समुदायले नागलाई देवताको रूपमा मान्ने हुँदा यसको पूजाआजा गर्छन् । प्रायःजसो कुमालहरूले पानी खाने कुवा, पँधेरामा नाग थान बनाइएको हुन्छ । उनीहरूका विश्वासमा नागले खेतीबाली राम्रो बनाइदिने, पानी समयमै पारिदिने गर्छ । नागको पूजा गरेमा पानी सुक्दैन । त्यसैले नागलाई रिसाउन दिनुहुँदैन, उसलाई रिझाउनुपर्छ भन्ने मान्यता छ । यही कारणले प्रायः बर्खामा पानीको मूल फुट्ने र बोटबिरूवाको फेद, पानीको मुहानमा नागको थान राख्ने गर्दछन् ।

### छ) कुलायन पूजा

दिवंगत आमाबाबुको सम्झनामा गरिने धार्मिक पूजालाई कुल देवताको पूजा अर्थात् कुलायन भनिन्छ । पितृलाई कुल देवताकै रूपमा मानिने भएको ले यसलाई कुलायन पूजा भन्ने गरिएको हो । पहिलो यो पूजा वर्षमा तीन पटकसम्म गरिन्थ्यो । हाल आएर यो पूजा दशैंको महाष्टमीको दिन वर्षमा एकचोटि गरिन्छ । पूजाको दिन बिहानै पूजा गर्नेले नुहाइधुवाइ गरी चोखो कपडा फेर्छन् ।

यो पूजाको मुख्यस्थल घरको कुलको थान हो । पूजाको दिन चामलको

सेतो अछेता (रङ नमिसाएको), फूलपाती, कुखुराको कलेजो, बलिको रगत, सिन्दूर, पैसा, चोखो जाँड आदि चढाइन्छ । कुमालहरूका यो पितृकार्यमा यो पूजामा कम्तीमा ५ वटा भालेको बलि चढाउनुपर्छ । कुखुरालाई फूलपाती र चोखो पानीले मन्साएर (मनाउनु), धूप धुँवार गरेर, खुशी पारेर मात्रै बलि दिइन्छ ।

यस पूजामा 'ससाना मेढा पूजा देएम, खेतीपाती, वस्तुभाउ र लालाबाला कउँनलै रोग नलागल, सपैकर रच्चे करल है देशान्तरी माई कहन पूजा कराल्टन्' भनी पूजा गरिन्छ । यो पूजा गर्दा टाढा टाढा रहेकाहरू पनि कुलको थान मूल घरमा आ-आफ्नो खलकहरू भेला भई पूजा गर्दछन् ।

पूजाको लागि नौ माना चामलको जोहो गरिएकोमा त्यसमध्ये एक माना अछेताको लागि छुट्याइएको हुन्छ । पाँच मुठी चामल पितृका निमित्त पकाइन्छ र बाँकी बचेको आठ माना जति चामल पिसेर पिठो बनाई ढिकौरा



*तस्बिर : ५ कुलायन पूजा गर्दै एक कुमाल*

(ढिकर) पिण्ड बनाइन्छ, जसलाई उम्लेको पानीमा उसिनिन्छ । पूजा गरिने मुख्य स्थान मूल घरको अँध्यारो कोठाको कुनामा एउटा बत्ती बालिन्छ र भुइँमा पितृहरूको नाम सम्झेर अछेता र फूलपातीले कुल देवताको पूजा गरिन्छ ।

'पहिइल भल मनुवाकर रूप अब्ना भल देवताकर रूप लौऊ त परिम्शर हामरलै कुनउ घच्चारघुर नभल बाटै' अर्थात् 'पहिले मनुष्यको रूप लियो, अब देवताको रूप लिइसकेका छौं । हामीलाई दुःख कष्ट नदेऊ' भन्दै कुखुरामाथि पानी मन्साइन्छ र क्रमैसँग चारवटा कुखुराहरू काटेर पितृको नाममा बलि चढाइन्छ । त्यसपछि पालैसँग पितृहरूको नाम लिई पंक्तिवद्ध रूपमा ढिकर राखिन्छ ।

जाँड, रक्सी, कुखुराको पोलेको मासु पितृलाई चढाइन्छ र अन्त्यमा धूपधुवार पनि दिइन्छ । यो पूजा मृत व्यक्तिका छोरा वा छोरा नभए दाजुभाइले गर्नुपर्दछ । पूजा सकिएपछि देवतालाई चढाएको ढिकर, जाँड, रक्सी र कुखुराको मासु प्रसादका रूपमा खाने गर्दछन् । ज्वाइँ चेला, छोरी र अरू इष्टमित्रहरूलाई समेत यो पूजामा निमन्त्रणा गरिएको हुन्छ । जाँड, रक्सी र कुखुराको मासु सबैलाई खुवाउनुपर्ने हुँदा यो पूजा विशेष खर्चिलो हुन्छ । कुमाल समुदायको कुनै पनि पूजा कार्य गर्दा जाँड र रक्सी अनिवार्य मानिन्छ ।

प्राचीनकालमा कुमालको यस कुलायन पूजामा मान्छेको बलि चढाउने चलन थियो रे । अझै पनि बगाले थरका कुमालहरूले भने आफ्नै छाती चिरी केही थोपा रगत झिकी पितृलाई चढाउने गर्दछन् ।

**ज) तीन कुखुरे पूजा**

सगोलका दाजुभाइहरू भेला भई खोलाको तीर वा खोल्सा खोल्सीमा ढुङ्गाको थान र मूर्ति बनाई चार खण्ड बनाई चामलले घेरो हाली एउटा बासेको भाले र दुई पोथी पालैसँग काटी रगत धारा दिएर यो पूजा गरिन्छ । तीन कुखुरे पूजालाई थानी देवीको रूपमा मानिन्छ । हिँड्दा, डुल्दा, बस्दा र खाँदा कुनै किसिमको कष्ट नहोस्, थानीमाईले रक्षा गरुन् भन्ने उद्देश्यले तीन कुखुरे पूजा गरिन्छ । यो पूजा नगरेमा परिवारमा कुनै पनि बेला अप्रत्याशित रूपमा परिवारका सदस्यलाई दुःख दिन्छन् भन्ने कुमाल समुदायमा मान्यता रहेको छ ।

यसबाहेक लामो समयसम्म पानी नपरेमा महादेवलाई खुशी पार्न संसारी पूजा गरिन्छ । अन्यको देखासिकीमा वरपिपलको विवाह गराइदिने, सत्यनारायणको पूजा आदि पनि लगाउने गर्छन् ।

## ६. प्रमुख जीवनचक्र संस्कारहरू

कुमालहरूले आफ्नो जीवनको जन्मदेखि मरणसम्म विभिन्न संस्कारहरू अपनाउने गर्दछन् । यसबारे तल सामान्य चर्चा गरिन्छ ।

### ६.१ जन्म संस्कार

कुमाल समाजमा जब बच्चा जन्मिन्छ, उसको साथमा आएको सालनाल माटोको खोपटी (टुक्रा) मा राखेर दूध आउने कुनै पनि रुखको फेदमा लगेर राखिदिने चलन छ । यसो गरेमा सुत्केरीका दूध प्रशस्त आउने र बच्चा स्वास्थ हुने विश्वास गरिन्छ । बच्चाको नाभी धारिलो चक्कु वा ब्लेडले काट्ने चलन छ । यदि बच्चाको आमा तन्दुरुस्त अवस्थामा छिन् भने बच्चाको नाभी आमा आफैले काट्छिन्, नभए सुँडेनीले नाभी काट्ने गर्छिन् ।

सुत्केरी भएको ५ वा ७ दिनसम्म सुत्केरी बार्ने चलनलाई सुतो परेको भनिन्छ । यस्तो बेलामा कुनै शुभ कार्यहरू गरिँदैन । सुत्केरी भएको घरमा ५ वा ७ दिनपछि लिपपोत गरेर घरमा भएको सबै कपडा धोएर बच्चालाई कुना निकाल्ने चलन छ ।

सुत्केरी स्याहारको लागि प्रायः आफ्नो समुदायको सुँडेनी बोलाइन्छ । बच्चा जन्माउने समयमा एक दिन मात्रै सुँडेनीले मद्दत गर्छिन् । अघिपछि घर परिवारकै सदस्यले हेरचाह गर्छन् । कसैले ५/७ दिनमा, कसैले ११ दिनमा छोइछिटो हटाउँछन् । सुत्केरी हुँदा गुलियो जाँड खाए बढी दूध आउँछ भन्ने भनाइ कुमालहरूमा छ ।

यो जातिमा महिनावारी बार्ने चलन छैन । तर महिनावारीका बेला कुलदेवता भएको घरमा सकेसम्म महिला जान हुन्न भन्ने भनाइ छ । कुलदेवता सबैको घरमा हुन्न । एउटा गोत्रको जेठोको घरमा मात्रै सो देवता हुन्छ (सर्वहारी, २०७१: २४-३७) ।

### ६.२ न्वारन संस्कार

न्वारन संस्कारलाई प्रचलित कुमाल भाषामा कुना निकाल्ने भन्ने चलन छ । यसरी ५ वा ७ वा ९ दिनमा न्वारन गर्ने चलन छ । न्वारनको दिन सुत्केरीको सासू, जेठानी वा देउरानी पर्नेले घर लिप्छिन् । घरभरिका सबै कपडा धुन्छिन् र घर लिपपोत गरेपछि चोखो जल (सुन पानी) वा गाईको

गहुँतले चोख्याउने चलन छ। यस संस्कारमा बिहानै सुत्केरी र शिशुलाई नुहाइधुवाइ गराइन्छ।

न्वारनको दिन बच्चाकी फुपूलाई अनिवार्य तथा अन्य चेलीहरूलाई पनि बोलाइन्छ। फुपू चेलीले नै शिशुको नामकरण गरिदिने चलन छ। आमन्त्रित नातेदारहरूले बच्चालाई गच्छेअनुसार कोसेली दिने प्रचलन छ। यसरी न्वारनको दिन बच्चालाई नुहाइ दिएर नयाँ कपडा लगाई दिने चलन छ। सूचीकारले सिलाएका कपडा फुपूले लगाइदिने तथा त्यसरी बोलाइएकी फुपूलाई पनि बच्चाको आफन्तले कपडा दिने गर्छन्। यस दिन आफ्ना नजिकका आफन्त तथा इष्टमित्रलाई बोलाइ खाने, पिउने तथा रमाइलो गरी रातभर जाग्राम बस्ने चलन छ। न्वारन गर्दा बच्चाको नाममा कुलपितृलाई सम्झेर उनीहरूका भाग्य राम्रो होस्, उनीहरूलाई रक्षा गरुन् भनी सबै परिकार चढाएर मात्रै खाने चलन छ। यो दिन शिशुको भाग्य कोरिने दिन भनी जनविश्वास गरिन्छ।

पहिले बच्चा जन्मेको साल, महिना, बार, समयका आधारमा नामकरण गरी दिने चलन थियो। न्वारनको दिन तिथिमिति पात्रो हेर्ने चलन कम छ। यदि सुत्केरीले श्रीमानको घरमा बच्चा जन्माएको छ भने सुत्केरीको माइतीबाट र माइतीमा भए घर तर्फबाट अनिवार्य रूपमा हेर्न जाने चलन छ। बच्चाको न्वारनको दिन छोरा जन्मेको भए कुखुराको भाले, छोरी जन्मेमा पोथी काट्ने चलन छ।

यदि फुपूले नाम नराखिदिएको खण्डमा शिशुको बुबाले बाहुनसँग नाम सोध्नुपर्ने हुन्छ। नाम सोधेर आएपछि उसले शिशुको हातखुट्टा तथा कम्मरमा पँहेलो डोरो बाँधिदिन्छ। त्यसपछि सुत्केरी तथा अन्य घरपरिवार का सदस्यहरूलाई बाहुनले भनेको नाम सुनाउँछ।

### ६.३ पास्नी वा भात खुवाइ

कुमाल समाजमा अन्य जातिको जस्तै पास्नी गर्ने वा भात खुवाइ गर्ने चलन छ। छोरा भए ६ महिनामा र छोरी भए ५ महिनामा पास्नी गर्ने चलन छ। त्यो दिन बच्चालाई तामा या चाँदीका बाला तथा नयाँ कपडाहरू लगाइदिने चलन छ। पास्नीमा आफन्तहरू सबैलाई निमन्त्रणा गरिएको हुन्छ। यसरी बोलाइएको आफन्तलाई भोज ख्वाउन विभिन्न परिकार बनाइएको हुन्छ। कुखुराको भाले अनिवार्य काटिएको हुन्छ।

घरमा जग्गे बनाइएको हुन्छ। जग्गेमा थालमा चामल राखिएको

हुन्छ । त्यसमा पालामा बत्ती र भेटी राखिएको हुन्छ भने अन्य थालमा वा टपरीमा फूल, अक्षेता अङ्खोरामा पानी राखिएको हुन्छ । त्यो पानीमा पिपल, आँप र दुबोको पात राखिएको हुन्छ । त्यहाँ चरेस वा तामाको अङ्खोरा पनि राखिएको हुन्छ । त्यो अङ्खोरामा रातो, सेतो, धर्को बनाइएको हुन्छ । जग्गेमा तीन जना कन्या केटीहरू बसेका हुन्छन् । एक जना कन्या केटीले बच्चालाई लिएर बसेको हुन्छे । यसरी एक जना कन्या केटीले खाना परिकारसहित टीकाटालो गरेर खाना ख्वाएपछि क्रमशः आमा बुबादेखि लिएर आफन्त सबै र आएका पाहुना सबैले टीकाटालो गर्छन् र नयाँ कपडा लगाइदिन्छन् । टीकाटालो भ्याइसकेपछि खानपिन गरेर आ-आफ्नो घर लाग्छन् । यसरी नयाँ कपडा सिलाउँदा जम्फर भन्ने लुगा अनिवार्य सिलाएर लगाइदिन्छन् ।

## ६.४ ब्रतवन्ध वा छेवर

कुमाल समाजमा छोराको छेवर गर्ने चलन रहेको छ । छोरा ५ वा ७ वर्ष पुगेपछि बिहेभन्दा अगाडि छेवर गरिदिने चलन हुन्छ । छोरा बिजोर उमेरमा पुगेपछि मात्र छेवर गरिन्छ । यसमा पनि अरू बेलाको जस्तै आफन्त सबैलाई भोजको लागि बोलाइएको हुन्छ । आफन्त र गाउँलेलाई बोलाएर गरिने छेवरमा गोठमा जग्गे बनाएर पण्डितको रूपमा एक जना ज्वाइँचेला राखेर मामाले कपाल खौरी दिने चलन छ । गोठमा लिपपोत गरेर जग्गेसहित छोरालाई राखेर आफन्तहरूले टीकाटालो गरी दिने चलन छ । छेवर संस्कारमा मामाको भूमिका रहन्छ । मुण्डनपछि केटाको मामाले टोपी उपहार दिन्छन् । मामालगायत पाहुनाहरूलाई मिठो मसिनो ख्वाइ छेवर संस्कार सम्पन्न हुन्छ (मुखियाः २०७०, ५८) ।

## ६.५ विवाह संस्कार

विवाह मानव जातिको जीवनको अत्यन्त महत्वपूर्ण संस्कार हो । करिब सात पुस्तासम्म आफ्नो थरभित्र हाडनातामा विवाह नहोस् भनेर कडाभन्दा कडा निगरानी राखिएको हुन्छ । कुमाल समाजमा केटाकेटीहरूलाई विवाहबारे सोधपुछ गर्ने स्वीकृति लिने चलन छ । यस समाजमा मागी विवाह र प्रेम विवाह प्रचलित छ । आफ्नो जातिबाहेक अन्य जातिभित्र भने मागी विवाह चल्दैन ।

छोरो विवाहयोग्य भएपछि छोरालाई उपयुक्त हुने कन्या हेर्न सुरु गरिन्छ । त्यसपछि केटी माग्ने निर्णय गरिन्छ । कुमाल समुदायमा मामाचेली, फुपूचेला विवाह गर्ने चलन छैन । केटी हेर्न जाँदा आफ्नो आफ्नो एक जना

नजिकको मान्छेलाई लमी बनाएर लगिन्छ । कुमाल भाषामा लमीलाई 'बट्वारे' भनिन्छ । यसरी बट्वारे बनाउँदा सकेसम्म दुवैतिर चिनजान भएको मान्छेलाई बनाइन्छ ।

### ६.५.१ केटी हेर्ने

केटी हेर्न जाँदा शुभ बार पारेर, शुभ साइत हेरेर जाने चलन छ । सोमबार, बुधबार, शुक्रबार केटी हेर्न जाने राम्रो र शुभ दिन मानिन्छ । लमी केटीको घरमा पुग्छन् र केटीको पक्षले लमीलाई 'के कामले आउनुभयो ?' होला भनी सोध्छन् । यसरी सोधेपछि लमीले केटी पक्षलाई 'फलाना मान्छेको वा फलाना केटोको वा कुटुम्बको भारी बिसाउन आएको वा नासो बोकेर आएको' भन्ने उत्तर दिन्छन् । केटी पक्षले 'कुन कुटुम्बको भारी बोकेर आउनुभयो त ?' भनेर सोधेपछि लमीले सबै कुरा बताइदिन्छन् । केटी पक्षले 'ठिकै छ, भारी लिएर आउनुभएछ । बिसाएर जानुहोस्' भन्ने चलन छ र त्यस दिन लमीको समूह फर्किन्छ ।

त्यसको एक साता वा १०/११ दिनपछि पुनः लमी पक्ष केटीको घरमा जाने चलन छ । यसरी गइसकेपछि केटी पक्षको घरमा गएर 'हामीले बिसाएको भारीको अवस्था के छ ? ठिक छ कि छैन' भनेर सोधखोज गर्न आएको भन्ने चलन छ । केटी पक्षले 'राम्रै छ, तपाईंले बिसाएर गएको भारी केही भएको छैन । तपाईंहरूले जहाँ राखेर जानुभएको थियो, त्यहीँ छ' भनेर उत्तर दिन्छन् ।

त्यसपछि केटी पक्षले केटोको घर परिवार आर्थिक अवस्थाको बारेमा सोधखोज गर्छन् । केटो पक्षले आफ्नो सबै कुरा बताउँछन् । केटी पक्षलाई सोधिन्छ- के कस्तो छ विचार छ भनेर । उनीहरू केही आश्वासन दिएर पठाउँछन् र पछि आउने गरी केटो पक्ष फर्किन्छन् । यसरी नै यो प्रक्रिया दुई तीन महिनासम्म लगातार चलिरहन्छ । र, अन्तमा यदि केटी पक्षले केटोलाई मन पराएमा कुरा अगाडि बढाउँछन् । यदि मन पराएनन् भने कुरा त्यहीँ टुंगिन्छ ।

यदि मन पराएमा केटी पक्षले 'ल ठिकै छ, अब राख्ने कुराहरू राख्नुहोस् र साँच्ने कुराहरू साँच्नुहोस्' भन्छ । बिहे हुने नै भएपछि केटो पक्ष केटी पक्षको घरमा भएर कहिले र कति जन्ती लिएर आउने भनेर दिन साइत जुराउन जान्छन् । दिन साइत जुराइसकेपछि केटी पक्षले के के माग्नुपर्ने हो, माग्छन् । यसरी माग्दा केटीको वा बेहुलीको लागि गरगहना र कपडा त्यस्तै

भोज भतेरको लागि अन्न पातहरू (जस्तै तोरी, मल, तेल, मास आदि) माग्ने चलन छ । यी सम्पूर्ण कुराहरू केटो पक्षले पुऱ्याउनुपर्छ । यति भएपछि बिहेको तयारी हुन थाल्छ । यसरी बिहे हुनुभन्दा केही दिन अघि बागदन्त (बाउँदन्त) बोल्ने चलन हुन्छ ।

बागदन्त भन्नाले बिहे हुनुभन्दा साता दिन अघिको अवधि बीचमा बेहुला र बेहुलीको पक्षलाई एकै ठाउँमा राखेर गरिने निश्चितता हो । यसमा केटो पक्षबाट एक जना अभिभावक केटीको घरमा प्रतिनिधिस्वरूप गएर गरिन्छ । यसरी जाँदा जग्गे बनाइएको हुन्छ । तामाको गाग्रीमा पानी राखेर त्यसमा आँपको पात, पिपलको पात, पालामा बत्ती राखिएको हुन्छ । र, दुवै पक्षका प्रतिनिधि त्यहीँ बसेर केटीको पक्षबाट 'ल आजदेखि फलानाको छोरी, फलानाको नातिनी, फलानाको छोरा, फलानाको नातिलाई सुम्पियौं' भनेर केटीको पक्षबाट भन्छन् । यसरी भन्दा तीन पुस्ताको नाम भन्ने चलन छ । यसरी बागदन्त बोली सकेपछि बिहे हुनुभन्दा अगाडि केटो र केटीले कुनै पनि लामो यात्रामा निस्कन नहुने विश्वास छ । साथै, घाँस दाउरा गर्न, खोलानाला तर्न पनि दिँदैनन् ।

बिहे पक्का भएको मानिने दिन पहिले पहिले दुलहा पक्षले दुलही पक्षलाई 'भुड्को ख्वाउने' चलन थियो । माटाको भुड्कोमा रक्सी, भाले आदि लिएर गएको कोसेली दुलही पक्षले सहर्ष स्वीकारी दुवै पक्ष मिली गरिएको खानपिनलाई 'भुड्को ख्वाउने' भनिन्थ्यो । हाल आएर बाहुन क्षेत्रीले झैं ' जनै सुपारी' गर्ने चलन बढेको छ (भुर्तेल र क्षेत्री सन् २००६: १९-२०) । एक कुमाल वृद्धले भने- बिहे भोजमा जाँड र रक्सी ख्वाउने चलन कुमाल समुदायमा हट्दै गएकोले 'भुड्को ख्वाउने' चलन पनि हराएको हो । आजीवन महजस्तो गुलियो सुमधुर सम्बन्ध होस् भन्ने कामना गर्दै बिहेमा पहिले पहिले दुलहाले जुठो हाली दुलहीलाई मह चटाउने चलन थियो, त्यो पनि हराएको छ ।

### ६.५.२ विवाहको तयारी

विवाह हुने दिन बिहानै जन्ती जानुभन्दा अगाडि नै बेहुली पक्षबाट भाकिएको सबै कुराहरू र अन्नपात, मासु आदि लिएर केटीको घरमा भोज पठाउन केटो पक्षबाट १०/१२ जना बिहानै जानुपर्दछ । उनीहरू गइसकेपछि जन्ती जाने चलन छ । यसरी जन्ती जाँदा केटोको घरमा ध्वजापताका टाँगिई घर सिंगारिएको हुन्छ । आफन्त सबैलाई निमन्त्रणा गरिएको हुन्छ । घर गाउँका सबैलाई बोलाइएको हुन्छ । जन्ती जाने बाटोमा गेट बनाइएको हुन्छ ।

गेटमा दुवैतिर केराको घारीसहितको बोट उभ्याइएको हुन्छ । त्यसमा उखु, पिपल, आँप, बाँस लगायतको हाँगाहरू बाँधिएका हुन्छन् । त्यस्तै दुवैतिर धागो बाँधिएको तामाको गाग्रीमा भरिएको पानी राखेर त्यसमाथि फूलहरू र पैसा राखिएको हुन्छ ।

केटो पक्षबाट एक जना ज्वाइँचेलाले भार (बिहेको अत्यावश्यक भारी) बोक्नुपर्छ । भारमा उखुको दुई लाँक्रो र त्यसमा सानो मुठा साग, एक हाता केरा, ठेकीमा दही र कोरकेमा माछा बाँधिएको हुन्छ । सबै तयारी भएपछि बेहुलालाई आँगनमा टीका लगाइदिन्छन् । टीकाटालो गर्दा तीन जना कन्या केटीहरूले थालमा अक्षेता, फूल र दियो समाएर बसेका हुन्छन् । घरमा आफन्तहरूले टीकाटालो गरी सकेपछि बेहुला टोली जन्ती हिँड्छ ।

उता, बेहुलीको घरमा पनि सजिसजाउ गेट बनाइएको हुन्छ । जन्ती गेटमा एकछिन उभिनुपर्ने हुन्छ । बेहुलीको घरको तर्फबाट अछेता लिएर जन्तीलाई पर्छन्छन् र स्वागतका साथ आँगनमा बसाल्छन् । केही छिनपछि दुलहा पक्षको पाँच जना बेहुलीको कपडा, गरगहनासहित घरभित्र पसेर सम्धी भेट गर्छन् । बेहुलाको बुबाले पछ्यौरा थापेपछि बेहुलीको बाबुले धर्म अछेता छर्कन्छन् । त्यसपछि बेहुलीको लुगा कपडा गरगहना केटी पक्षलाई बुझाउँछन् । यसरी बुझाउँदा दुलहीको दिदीले पोल्टा थापेपछि लमीले त्यसलाई पोल्टामा राखिदिन्छन् । दुलहीले लुगाकपडा, गरगहना लगाएर तयार भएपछि दुलहालाई भित्र बोलाइन्छ ।

भार (भारी) सहित भित्र पसेपछि बेहुलोलाई टीका लगाइन्छ र दुवैको गोडा एकै ठाउँमा राखेर धोइन्छ । टाउलोमा पानी र त्यसमा सालको पात राखेर दुलहीको बाबु आमाले दुवैको हात गोडा धोएर सो पानी खान्छन् । टीका लगाएर कसै कसैले दाइजोस्वरूप विभिन्न भाँडाकुँडा दिन्छन् भने हाल आएर नगद रकम दान, दक्षिणाको रूपमा दिने चलन बढेको छ ।

खानपिन सकिएपछि दुलहीलाई पठाउने तयारी गरिन्छ । दुलहीलाई बाबुले बोकेर केही परसम्म पुऱ्याउँछन् । दुलहीको केही आफन्त पनि सँगसँगै पुऱ्याउन जान्छन् । यसरी जन्ती दुलही लिएर घर फर्कन्छन् । उता दुलहाको घरमा रत्यौली लगाएर उसका आफन्तहरू नाचगान गरिरहेका हुन्छन् । दुलही ल्याइसकेपछि फेरि केही गाउँले र आफन्तहरू भएर दुलहा दुलहीलाई नै टीका लगाइदिन्छन् । अनि मात्र घर भित्र्याउँछन् र सिन्दूर पहिरनको लागि तयार पार्छन् ।

बेहुलीको पछ्यौरीले छोपेर बेहुलाले सिन्दूर हालिदिने चलन छ। सिन्दूर हाल्ने कार्य सकेपछि बेहुलाको गोडाको पानी बेहुलीले खाने चलन छ । यसरी बिहे भएको भोलिपल्ट सम्धिनी भेट गर्ने चलन छ। सम्धिनी भेट गर्दा केटी पक्षबाट एक दुई जना कन्यासहित ५/६ जना केटीको बाबुआमा केटाको घरमा पैसा भेटी र खानेकुरा लिएर आउँछन् । उनीहरूलाई आँगनको एक छेउमा बसालिन्छ। घरमा केटो पक्षतिर पनि त्यसरी नै टपरीमा चामल र भेटी राखिएको हुन्छ, जुन दुवै जनाले साटासाट गर्छन् । यसपछि खानपिन भई सम्धिनी ढोग फुकाउने काम सम्पन्न हुन्छ र आवतजावतको निम्ति बाटो खुल्छ ।

### ६.५.३ प्रेम विवाह

मागी विवाह र प्रेम विवाह कुमाल समुदायमा दुवै बराबर रूपमा झैं देखिन्छ । पाल्पाको घोरबन्दा क्षेत्रमा केटी माग्न जान नहुने, उसले आफै केटो रोज्ने मान्यता रहेको पाइयो। त्यहाँको एक जना महिलासँग 'तपाईंका सन्तान कति छन् ?' भनेर सोध्दा 'दुईटा छोरा छन्, अर्को नभागेकी छोरी छे' भन्ने उत्तरले उनीहरू विवाह गर्नभन्दा छोरी आफै रोजेर जाओस् भन्ने चाहना राख्छन् भन्ने देखाउँछ ।

घोरबन्दा गाउँका बाघवीर मुखिया कुमालले पनि आफ्नो गाउँमा मागीभन्दा भागी विवाह नै प्रचलित रहेको जनाए। यसरी भागी विवाहमा बाबुआमाको स्वीकृति हुनैपर्छ भन्ने छैन । मेला वा नाचगानमा हुने भेलामा सल्लाह गरी केटाकेटीले भाग्ने दिन तय गर्छन्। यसरी भागेको जोडीलाई घर भित्र्याउँदा दैलोमा कुखुरा काटिन्छ । अनि, दैलोमै केटोले केटीको सिउँदोमा सिन्दूर हालिदिन्छ र कुखुराको रगतमा टेकाउँदै दुलही भित्र्याइन्छ । परिवारको अवस्था हेरी भोज ख्वाउने वा नख्वाउने भन्ने तय हुन्छ । यस्तो विवाहमा कुनै कुनै केटी पक्षले धेरै समयसम्म ज्वाइँ स्वीकार्दैनन्। पछि इष्टमित्रहरूले मध्यस्थता गरी नयाँ साइनो जोडिदिन्छन् ।

कुमाल समुदायमा विधवा विवाहको खासै चलन नभए पनि विधवा आफूखुशी विवाह गर्न सक्छिन् । यो समुदायमा जारी प्रथा अझै जारी छ । पहिले गाउँ, समाज भेला भई एक हजारसम्म जारी तिराउँथे। जारी बुझ्नेले भोज पनि ख्वाउनुपर्थ्यो । आजकाल भने यसरी नाम मात्रको जारी कमैले दाबी गर्छन् । महिलाले अर्को विवाह गरेमा पहिले आफूले लगेको दाइजो फिर्ता लान सक्छन्। त्यसो त मन परेकीलाई बीच बाटोबाट तानेर जबरजस्ती बिहे गर्ने चलन केही वर्ष अघिसम्म पनि कुमाल समुदायमा थियो ।

कुमाल समुदायमा 'सोम खेतीपाती, बुध घरवार' भन्ने उक्ति छ । पहिले पहिले टौवा (पराल राख्ने ठाउँ) हेरेर मात्रै छोरी दिइन्थ्यो रे । केटी हेर्न विहीबारबाहेक अरू बार जान्छन् ।

### ६.५.४ अभिवादन

कुमाल समुदायमा विशेष समारोहमा अभिवादनको आफ्नै तरिका छ । विवाह आदिमा नयाँ व्यक्तिसँग नातासम्बन्ध कायम गर्दा ढोगभेट फुकाउने चलन विशेष महत्व राख्दछ । आदर गर्ने व्यक्तिहरूको निम्ति आदरार्थी सर्वनाम 'तोरे' वा 'तोरेहरू' हो । छोराले बाबु आमालाई, बुहारीले सासूलाई खुट्टामा टाउको राखेर ढोग्छन् । त्यस्तै विवाहित भएपछि छोरीले आमालाई खुट्टामा ढोग्छिन् । विवाहित छोरीले बाबालाई ढोग्नुपर्दैन । घलेक या मजेत्रो समाती दुवै हात जोडे पुग्छ । बहिनीले दाजुलाई हात जोडेर ढोग्छन् भने बुहारीले ससुरालाई अन्जुली आफूतिर फर्काएर केही झुकेर ढोग्नुपर्छ । मामाले भान्जालाई र ससुराले ज्वाइँलाई खुट्टामा ढोग्नुपर्दैन । बरु कहीं कतै भान्जा र ज्वाइँले मामा ससुरालाई खुट्टामा ढोग्छन् । सम्धीले सम्धीलाई भेट्दा बायाँ हातले दाहिने हातको कुम समाई दायाँ हात थोरै ठाडो पारी निधार छुने गरी अभिवादन गर्छन् । अर्को सम्धीले पनि त्यसैगरी अभिवादन गर्नुपर्छ । सालीले भिनाजुलाई दुवै हात जोडी 'ज्यू' भने हुन्छ । कुमाल समुदायमा बाहिरका अन्यसँग भेटघाट हुँदा पनि दुवै हात जोडी 'ज्यू' नै भन्ने चलन रहेको छ ।

## ६.६ खानपान

खास गरी कुमाल जातिको बसोबास बेशी, टार, फाँटमा भएकाले यिनीहरूले आफ्नो आर्थिक हैसियत र अवस्थाअनुसार चामलको भात, दाल, तरकारी, माछा, घुंगी, गँगटा आदि खान्छन् । यिनीहरूले ढिँडो, कोदोको रोटी, मकैको भात, गुन्द्रुक, पिँडालु र तरुल खान्छन् । अझ पुरानो जमानामा त गिठा, भ्याकुर, जङ्गली च्याउ, गुर्वा, बाँकु, मैनकाँडा जस्ता कन्दमूल पनि खाने चलन थियो । मासुमा कुखुरा, हाँस, सुँगुर, बङ्गुर आदि खान्छन् भने खरायो, कालिज, वनकुखुरा र अन्य पंक्षीहरू तथा जङ्गली जनावरको सिकार गर्न पनि रुचाउँछन् । जाँड र रक्सीको सेवन यिनीहरूका पुरानो संस्कार हो ।



*तस्बिर ६: खाना पकाउँदै कुमाल गृहिणी*

आदिवासी जनजाति विकास समितिले २०५७ सालमा प्रकाशन गरेको पुस्तिकामा कुमालले भैँसीको मासु खान्छन् भनिएको छ । तर, परम्परागत रूपमा भने कुमालले भैँसीको मासु खाँदैनन् । कतिपय बूढापाका कुमालले बाहुनले छोएको कालो मासको दाल समेत खाँदैनथे । श्राद्धमा यिनीहरूले पितृलाई माछा चढाउँछन् ।

## ६.७ मृत्यु संस्कार

मानव जातिको अन्तिम संस्कार हो- मृत्यु संस्कार । कुमाल समाजमा कुनै मानिस बिरामी भएमा वैद्य लगाउने चलन छ । यदि मानिस मरेमा लाशलाई पूर्व दिशाको आँगनमा राखिन्छ । लाश राखेको ठाउँमा लिपपोत गरिएको हुन्छ । लाशलाई तेल लगाई दिने चलन छ । साथै लाश बोक्न हरियो बाँस काटेर ल्याइन्छ । दुवै छेउमा चोयाको नाम्लो बनाएर बोकिन्छ । लाश उठाउँदा पहिले छोराहरूले बोक्नुपर्छ । एक जना अगुवा मलामीले बाँसको सेतो ध्वजा बोकेर टावामा भुटेको लावा, चानचुने पैसा, धान मास, चामल

मिलाएर दोबाटोमा छर्दै हिँड्छन् । कुमाल भाषामा यसलाई 'बुर्की' भनिन्छ । लाश उठाएर लगिसकेपछि छोरी बुहारीले घरभित्रबाट लिप्दै बाहिर निस्किन्छन् । यदि श्रीमान् मरेको भए श्रीमतीको सिन्दूर धोइदिने र चुरा फुटाइदिने चलन छ । लाशलाई घाटमा लाँदा कोही गाउँलेहरू मलामी जान्छन् भने कोही दाउराको जोहो गर्न जान्छन् । कुमाल समाजमा लाशलाई प्रायः जलाउने चलन छ । लाशलाई खोलामा लगेर ढुङ्गाको चाङ लगाएर त्यसमाथि दाउराको चिता बनाएर लाश राख्छन् । यसपछि छोराहरूले दागबत्ती दिने गर्छन् । अनि ज्वाइँचेलाहरूले छोराहरूको कपाल, आँखीभौं समेत खुर्की दिन्छन् ।

नुवाइधुवाइ गरेर छोराहरूले टाउकोमा सेतो कपडा बाँधेर, लंगौटी मात्र लगाई सेतो बर्की ओढेर बाँसको लौरो टेक्दै कलबाट पानी लिएर घरमा फर्किन्छन् । मलामीहरू पनि नुहाइधुवाइ गरेर सँगै आउँछन् । मलामी गएर फर्किएकाहरूलाई रक्सी ख्वाउने चलन छ ।

किरिया बस्नेहरूको लागि घरको कुनामा पराल बिछ्याएर भकारीले बेरेर माथिबाट जालले छोपी दिने र त्यहीँभित्र बस्ने चलन छ । बुहारीहरू भने कपाल छोपेर बाहिरै बस्छन् । यो अवधिमा जाँड, रक्सी, फिका चिया र फुको रोटी खान्छन् ।

कुमाल समाजमा छाक बार्ने चलन छ । छाक बार्नुपर्ने आफन्तले एक छाक बार्छन् भने किरिया बस्नेहरूले बाहिर पकाएर खाने चलन छ । सासू ससुरा बितेमा बुहारीहरू पनि किरिया बस्छन् । कुनै खाली ठाउँमा गएर आफैले पकाएर दिनको एक पटक मात्र खाने गर्छन् । कुमाल समुदायमा किरियापुत्री बसेका बेला पनि जाँड खान वर्जित छैन ।

जुठो बार्नेहरूले माछा, मासु, नुन, तेल आदि बार्ने चलन छ भने किरिया बसेको पाँच वा सात दिनमा चोखिने चलन छ । चोखिने दिन घरमा लिपपोत गरी, कपडाहरू धोएर, गाईको गहुँत छरेर र खाएर चोखिने चलन छ । चोखिने दिन विभिन्न परिकार बनाएर मलामीहरूलाई ख्वाउने चलन छ । उहिले चोखिने दिनमा मासुका लागि सुँगुर काट्ने गरे पनि यो चलन अब भने हराएको छ ।

## ७. आर्थिक पक्ष

कुमाल समुदायको मुख्य सीप र पेशा भन्नु नै माटोको भाँडो बनाउने र सो बिक्री गर्ने हो । कुनै पनि गाउँ, ठाउँमा माटोको भाँडा बनाउने परम्परा रहेको छ भने त्यहाँ कुमाल बस्ती रहेछ भन्ने बुझ्नुपर्दछ । तर समयअनुरूप भाँडाको डिजाइनमा परिवर्तन नहुँदा परम्परागत माटोको भाँडा बनाउने सीपबाट दैनिक गुजारा चलाउन समेत धौ धौ भएपछि उनीहरू पेशाबाट विस्थापितझैं भएका छन् भन्दा फरक पर्दैन ।

कुमालहरू नदी किनार, टार, फाँटमा बसोबास गर्ने हुँदा उनीहरूमा माछा मार्ने, खेतीपाती र पशुपालनको परम्परा पनि छ । कुमालको परम्परागत सीप र पेशामा आधुनिकीकरण नआउनाले आर्थिक दृष्टिले उनीहरूका अवस्था कमजोर छ । हाल आएर महिला, पुरुष नै घर ढलान गर्ने, सिकमी, डकर्मी पेशातिर पनि आकर्षित हुन थालेका छन् ।

विभिन्न कुमाल गाउँमा जाँदा परालको गुन्द्री बुन्न कुमाल महिलाहरू व्यस्त देखिन्छन् । यद्यपि गुन्द्री बेच्नलाई नभई आफ्नै प्रयोगका लागि प्रायः बुन्ने गर्छन् । गोर्खा अढाइ गाउँकी एक महिलाका अनुसार ठीकैको गुन्द्रीको ३ सय रुपैयाँसम्म मोल पाइए पनि मिहिनेत धेरै पर्ने भएकोले बेच्नलाई जोड गरिन्न ।



*तस्बिर ७: परालको गुन्द्री बुन्दै गोरखाकी एक कुमाल महिला*

कुमाल पुरुषहरूले माझीहरूझैं माछा मारेर बेच्नलाई नभई घरै खानालाई मार्ने गरेको बताए । तान बुन्ने, अन्य शिल्पकला नभए पनि आफ्नो प्रयोगको लागि डोकासम्म कुमालहरू बुन्छन् । उनीहरू बस्नलाई ठेउकी (बिंडा), ठर्कटी, (सानो गुन्द्री), लामो गुन्द्री परालको आफै बनाउँछन् ।

कुमालहरू एक अर्कालाई काममा सघाउन रुचाउँछन् । आफ्नो खेती सकिए छिमेकको खेती सघाइदिन जान्छन् । परिमू प्रथाको रूपमा रहेको यसलाई 'भाज गर्ने' भनिन्छ । यसरी सामूहिक रूपमा अरूको खेतबाली लगाई सहयोग गरिने चलन कुमाल समुदायमा छ । रोपाइँ र खेतीबाली भित्र्याउँदा वर्षमा दुई पटक यो प्रथा सक्रिय भएको देखिन्छ । सहयोग गर्न आउनेलाई खाना र खाजा खुवाउनुपर्छ । यस समयमा झाम्रे नाच्ने चलन छ ।

परिमू प्रथामा कुन घरबाट कति जना सघाउन आए भन्ने हिसाब-किताब राखेका हुन्छन् । सोहीअनुसार पछि आफूले पनि सघाई दिनुपर्ने हुन्छ । खेताला कमी भई तिर्न नसकेमा अघिपछि साधारण काम गरी कटाउने चलन पनि छ । परिमू प्रथाअनुसार हाँसखेल ठट्टा गर्दै विभिन्न गीत गाएर खेती गर्दा पट्यार नलाग्नाले काम चाँडै सम्पन्न हुन्छ ।

## ७.१ माटाको भाँडा बनाउने काम

हाल खेतीपातीमा बढी आश्रित भएका कुमालहरूका पुर्ख्यौली पेशा भने माटाको भाँडा बनाउने नै हो । माटोको भाँडो बनाउने काम हिउँदे याममा गरिन्थ्यो । माटाबाट बन्ने घैंटा, हाँडी, भुड्का, गमला, चिलिम, दियो, पालालगायत रक्सी बनाउने भाँडासम्म ग्राहकको मागअनुसार जस्तोसुकै भाँडा बनाउन उनीहरू सिपालु थिए र छन् । जसमा परिवारका सबै सदस्य लागी पर्थे । तर अब कुमालका छोराछोरीहरू माटो छुन भन्दा पढाइमा लागी परेका छन् । केही कुमाल युवाहरूले आफूले भाँडा बनाउने प्रयोग गरिने सामान पनि नदेखेको बताए । एक युवाले ठट्टयौली पारामा भने- 'अब त कुमालले फोटोमा मात्रै माटाको भाँडा बनाएको देख्न पाइने हो कि ?'

उता नगद कारोबार नगरी आफूले बनाएको भाँडा दिने र सट्टामा अन्न लिने गर्नाले पनि उनीहरूका आर्थिक स्तर उकासिएन । अझ वर्षभरी चाहिने भाँडा लगिदिने र एकपटक मात्रै अन्न लिने बालीघरे प्रथाले त झन मर्कामा पाऱ्यो । कास्कीमा स्थानीयले भन्दा काठमाडौंबाट गएका नेवार कुमालहरूले बनाएको भाँडा ग्राहकले रुचाएकाले उनीहरू पेशाबाट विस्थापित भए (भुर्तेल र क्षेत्री सन् २००६: २३) । गोरखा, तनहुँमा जाँदा पनि स्थानीय कुमालहरूले आफूले माटाको भाँडा नबनाइ काठमाडौंबाट आएका नेवार कुमालहरूले बनाएको माटाको भाँडा प्रयोग गर्ने बताए । ती नेवार कुमालहरू त्यहीँ बस्ने नभई सिजनका बेला भाँडा बनाउन जाने

गरेका छन् ।

तनहुँको खैरेनीटारमा कुमाल बस्ती घना छ । त्यहाँ करिब २ सय घर कुमालहरूका रहेकोमा कुमाल जातिका कसैले माटाको भाँडा बनाउँदैनन् । बरु त्यहाँ गैरकुमालले माटाको भाँडाको पसल राखी व्यापार गर्दै आएका छन् ।

यसरी कुमालहरूका भाँडा बनाउने पेशा लोप हुने स्थितिमा छ । प्लाष्टिक सामानले बजार लिनु, भने जस्तो माटो नपाइनु, राम्रो पाइएको माटो सामुदायिक वन, निजी आदि जग्गामा पर्नु तथा माटोको रकम तिर्नुपने बाध्यताले यो पेशा लोप हुँदैछ । वृद्धहरू भन्छन्- अबको पुस्ताले माटाको भाँडा नबनाउने भन्छ। यसबाट पेट पाल्न सक्ने अवस्था पनि रहेन। हालसम्म माटाको भाँडा बनाइरहेकी पाल्पा घोरबन्दाकी ४६ वर्षीया बसमाया कुमाल भन्छिन्- ‘अब त भाँडा बनाउन राम्रो माटो पाउनै गाह्रो, भाँडा पोल्न दाउर ाको उस्तै समस्या । अर्कोतिर अचेलका कुमाल युवकलाई माटो छुनै मन लाग्दैन । हामी बुढाबुढीले मात्रै पेशा जोगाउन नसक्ने भयौं ।’



*तस्बिर ८: लोप हुँदै पेशा: अव तस्बिरमा मात्रै माटोको भाँडा बनाउने अवस्था*

मिसन अस्पताल पाल्पाले खकार जाँच्न र स्टुल टेष्ट (दिसा राख्ने भाँडो) को लागि माटोको भाँडा प्रयोग गर्ने गरेको छ । सो अस्पतालमा भाँडा सप्लाइ गर्ने किसान जितबहादुर कुमाल माटाको नयाँ बनाइएको भाँडामा खकार सुकेपछि अहिले दिसा जाँचको भाँडा मात्रै अस्पतालले माग गर्ने गरेको बताउँछन् । त्यसरी अस्पतालहरूले माटोको भाँडालाई आफ्नो प्रयोगशालाको लागि मात्रै प्रयोग गर्ने हो भने उनीहरूका पेशाले थोरै भए पनि निरन्तरता पाउने देखिन्छ ।

केही दशकअघि मात्रै भारतमा लालुप्रसाद यादव रेलमन्त्री छँदा कुम्हारको पेशालाई जोगाउन रेलमा माटोका गिलासमा चिया पिउनुपर्ने उर्दी जारी गरेका थिए । नेपालमा पनि त्यस्तै कुनै प्रावधान ल्याएर कुमालहरूका पेशालाई टेवा दिन सकिन्छ ।

पाल्पाको मिसन अस्पतालमा करिब एक दर्जन कुमाल कार्यरत छन् । तर प्रायः माली, पियनजस्ता सानो तहमा कार्यरत रहेका छन् । उक्त अस्पतालमा भाँडा सप्लाइ गर्ने किसान जितबहादुर कुमाल पनि त्यहाँ माली पदमा कार्यरत छन् । जितबहादुरले भने- 'त्यहाँ काम नगर्दो हुँ त खकार र दिसा जाँच्ने भाँडा पनि सप्लाइ गर्न गाह्रो हुन्थ्यो होला ।'

कुमाल समुदायका युवाहरू माटोको भाँडा बनाउने काममा कुनै आकर्षण पाइदैन । बरु उनीहरू खास गरी साउदी अरब, कतार, मलेशिया, बहराइन आदि राष्ट्रमा मजदुरी गर्न जाने लर्को देखिन्छ ।

### ७.२ विदेश मोह

खेतीबाहेक कुमालहरूका अरू आयमूलक पेशा खास छैन । हाल वैदेशिक रोजगारमा जानेहरूका सङ्ख्या भने बढिरहेको छ, तर सन्तोषजनक कमाई छैन । कारण सीपमूलक काम नसिकी लेबर (सामान्य मजदुरी) काममा मात्र जानेहरू नै बढी छन् ।

तनहुँ थर्पुका स्नातक तह तृतीय वर्षमा अध्ययनरत दिलकुमार कुमाललाई एक पटक विदेश कमाउन नगई नछाड्ने भन्ने इख छ । कारण उसका बुबा, काका, दाजु, भाइ सबै साउदीतिर खाडी मुलुकमा काममा छन् । साउदीबाट घरबिदामा आएका उनका दाजु असारे कुमाल फेरि काममा फर्किने सुरसार मा थिए । अर्का युवा बालकुमार कुमाल भने कतारमा वेल्डिङ काम सिकेको मा सीपको सदुपयोग गर्दै थर्पुमा आएर आफ्नै ग्रील उद्योग खोलेका छन् । उनका अनुसार धेरै कुमाल युवा विना सीप काममा जाँदा दलाललाई पोस्ने काम मात्रै गरेका छन् । श्रमको मूल्य पाएका छैनन् । थर्पु क्षेत्रका करिब ९० घरमध्ये ४० युवा विदेश गएका तथ्यले देखाउछ ।

## ७.३ आदिवासी अर्थतन्त्र र महिलाको भूमिका

कुमाल समुदायमा पूजापाठको सरजाम महिलाले जुटाइदिने गर्छन् भने पूजा पुरुषले गर्छन् । निकै वृद्ध कुमाल महिला पनि पुर्खादेखिको रीत महिलाले पूजाआजा गरेको थाहा छैन भन्छिन् । तर यसो भन्दैमा कुमाल महिलाको अवस्था नाजुक छ भन्ने होइन । काममा कुमाल समुदायका महिला, पुरुषको बराबर सहभागिता देखिन्छ । निर्णय गर्नेमा भने पुरुषहरू नै हाबी भएको देखिन्छ ।

चितवनको तत्कालीन शुक्रनगर गाविस- ९ अन्तर्गतका कुमाल गाउँमा गरिएको एक अध्ययनअनुसार खाद्यान्न लगायत किनबेच, लुगाकपडा लिन, औषधी उपचार गराउने सवालमा कुमाल पुरुषका ५८ प्रतिशत निर्णय हुन्छ । यस्तोमा जम्मा १९.३३ प्रतिशत निर्णय महिलाको हुन्छ । महिला पुरुष दुवैको सल्लाहले हुने निर्णय भने २१.९९ प्रतिशत हुन्छ (सुवेदी र भट्ट सन् २००६: ८३) । पुरुष प्रायः घर बाहिर रहनाले घर व्यवहारको काम सबै महिलाले नै धान्नुपर्ने अवस्थाले उनीहरूका कामको बोझ अझ बढेर गएको देखिन्छ । त्यसैले अरू आदिवासीसरह अर्थतन्त्र उकास्नमा कुमाल महिलाका भूमिका अहम् छ । कुमालका गाउँ-गाउँमा उत्साहजनक रूपले महिला बचत समूह केही वर्ष यता अभियानझैं चलेको छ ।

गोरखाकी जुनमाया कुमालले महिलाले बिहेपछि दुःख नपाऊन् भनेर एउटा भनाइ प्रचलित रहेको यसरी सुनाइन्- 'कि लामो बाटो, कि बाखो पाठो, कि माइती बाटो ।' यी मध्ये कुनै एक चिजको सुबिस्ता हुनुपर्छ । उनले यो भनाइलाई यसरी अर्थ्याइन्- कि लामो बाटो भनेको श्रीमान जागिरे हुनुपर्‍यो । टाढा हिँडेर गएर भए पनि कमाएर ल्याउनुपर्‍यो । कि घरमा नगद आउने गाईवस्तु बाखा पाठो आदि हुनुपर्‍यो । जुन तत्काल बेचेर गर्जो टार्न सकियोस् । कि कुनै गाह्रो-साँगुरो परे जतिबेला पनि आउन सकिने माइतीले बाटो खुल्ला राखिदिनुपर्‍यो । जुनमायाको यो भनाइले पहिले महिलाहरू आफूखुशी घर गर्न नपाउने थाहा हुन्छ । यो कुरा धेरै वृद्धवृद्धाले सकारे । तर हाल आएर बालविवाहको समस्या कुमाल समुदायमा टड्कारो रूपमा रहेको छ । गोरखाको श्री महेन्द्र उच्च माविमा शिक्षकहरूसँग छलफल गर्दा कुमाल

बालबालिकाले पढाइ छाड्नुको पहिलो कारण बालविवाह गरी आफूखुशी ५/६ कक्षा पढ्दा पढ्दै भाग्नु रहेको बताएका थिए ।

अर्थतन्त्रलाई वन पैदावारले पनि निकै सघाउँछ । प्राकृतिक श्रोतमा यो आम्दानीको दरिलो श्रोत भएको उत्साही उदाहरण तनहुँ र खैरेनीटारमा देखिन्छ । त्यहाँका कुमाल महिलाहरू छुट्टै सामुदायिक वन बनाउन सफल भएका छन् । कुमाल महिलाहरू मात्रै समावेश भएको समुदायिक वनको अध्यक्ष सुशीला कुमाल छिन् । उनका अनुसार सो वन थाहा पाएदेखि नै कुमाल समुदायले मात्र संरक्षण गर्दै आएको तर राम्ररी उपयोग गर्न नपाएपछि जिल्ला वन कार्यालयमा निवेदन दिए । वन अधिकृतले 'कुमाल महिला सामुदायिक वन' भनी दर्ताको स्वीकृति दिएपछि महिलाहरू हौसिए । हाल वन क्षेत्र काँडेतारले घेरिएको छ, चौकीदारको व्यवस्था गरिएको छ । ९९ घरका सम्पूर्ण कुमाल महिला त्यसका सदस्य छन् । घाँस, दाउरा बेचेर आएको रकम अत्यन्तै थोरै ब्याजमा आफ्नै समूहलाई ऋण दिएका छन् ।

विभिन्न पूजापाठमा कुखुरा धेरै चढाउनुपर्ने भएकोले प्रायः सबै कुमाल घरमा कुखुरा पालेको देख्न पाइन्छ । जुन अतिरिक्त आम्दानीको एउटा बाटो पनि भएको छ । वन नजिक भएकोले स्याउलाको समस्या नहुँदा बाख्रापालन गरेर पनि यिनीहरूले आम्दानी गरेको छन् । जोत्नलाई एक हल गोरूबाहेक गाई भैंसी भने खासै पालेका छैनन् ।

अग्ला अग्ला रुखमा चढी स्याउला काट्नसमेत कुमाल महिला सिपालु छन् । वन नजिक भए पनि दाउराको अभावले गोबर ग्याँस बनाउने परिवारहरूको सङ्ख्या बढ्दै गएको देखिन्छ ।

कुमाल समुदायमा महिलाहरूको पेवा नहुँदा हो त उनीहरूका समग्र अवस्था अझ नाजुक हुने प्रायः महिलाहरूले विचार राखे । आफ्नो पेवाको कुखुरा, सुँगुर बेचेर पढाइ खर्च, लत्ता कपडा, गहना कुमालहरूका धेरै छोरीबुहारीले जुराउने गरेका छन् ।

कुमाल महिलाहरूको हाल एउटा नियमित आय भनेको आफ्नो समुदायमा लाहुरेहरू बिदामा घर आएपछि उसको घरका नाचगान गरी रकम

सङ्कलन गर्नु पनि एक हो । यसमा कुमाल आमा समूहहरू सक्रिय छन् । लाहुरेले आफू खुशी दिएको रकम उनीहरू समूहको कोषमा जम्मा गर्छन् । त्यस्तै बिहे, भोजमा समूहको भाँडावर्तन उपलब्ध गराउने, समूहका सदस्यहरूले भात भान्साको जिम्मा लिएर पनि आम्दानी गरेका छन् ।

पाल्पाको घोरबन्दामा एकाबिहानै जाँदा कुमाल महिलाहरू बचत भेलामा व्यस्त थिए भने केही कुमाल पुरुषहरू रक्सीले लड्खडाउदै हिँडिरहेका देखिन्थे । सोही भेलामा बचत गर्न गएकी एक कुमाल महिलाले भनिन्- 'घरमा खान अन्न हुन्न, उता लोग्नेले भारी बोकेको रकमको रक्सी पिई उतै सकेर आउँदा दिक्क लाग्छ । यहीँ थोरैतिनो बचत गरेको रकमले गर्जो टरोस् भनेर बचत समूह खोलेका छौं ।'

## ८. लोकसंस्कृति

कुमाल समुदायमा मौलिक लोकगीत, संगीत, नाचगान रहेका छन् । तर चाडपर्वमा समेत आधुनिकता भित्रिई लोकगीत, लोकसङ्गीत, नाचको रौनकता हराउदै गएकाले यो लोप हुने क्रममा छ । लोकगीतका कुनै व्यवस्थित पुस्तक, क्यासेटसमेत निस्किएका छैनन् । कृष्णबहादुर कुमालको मातृभाषामा 'कुमाल जाति जानपहिचान' पुस्तकमा कुमालमा प्रचलित केही लोकगीतको चर्चा गरेका छन् । कुमाल समुदायमा प्रचलित केही कृषि गीत र नृत्यको चर्चा तल गरिन्छ ।

### ८.१ कृषि लोकगीत

कुमाल जातिको परम्परागत पेशा माटोको भाँडाकुँडा बनाउने भए पनि सहायक पेशा कृषि हो । कुमाल समुदायमा मैयारानी गीत, रोपारे, असारे वा बाली गीत र दाइँ गीत कृषि लोकगीतका रूपमा प्रचलित छन् । विशेष गरी खेतीपाती गर्ने समयमा थकाइ बिर्साउने, मन बहलाउने र मनोरन्जन प्राप्त गर्ने उद्देश्यले विभिन्न कृषि गीतहरू गाउने गरेको पाइन्छ। यहाँ खेतीपातीसँग सम्बन्धित कृषिसम्बन्धी लोकगीतको चर्चा गरिएको छ ।



*तस्बिर ९: खेती पनि कुमालको पुर्ख्यौली पेशा: हलो जोत्दै गोरखाका एक कुमाल*

### ८.१.१ मैयारानी गीत

विशेष गरी संखुवासभाको खाँदबारी नगरपालिका- ९, तुम्लिङटारमा बसोबास गर्ने कुमाल समुदायमा मैयारानी गीत गाउने प्रचलन रहेको छ। समयको अन्तरालसँगै पहाडी र तराईका केही जिल्लाका कुमाल समुदायमा समेत यसको प्रभाव परेको र गाउन सुरुवात गरेको पाइन्छ। मङ्सिरमा मास भित्र्याउँदा सोको मुठालाई लट्ठीले झार्ने तथा कुट्ने बेलामा यो गीत गाइन्छ। यो ठाउँमा मैयाराजा मैयारानीलाई अन्नपातको सहअस्तित्वका मालिक वा देवताको रूपमा सम्झिएर पुकारा गर्दै यो गीत गाइन्छ।

मैयारानी गीत गाउनुअघि इच्छानुसार जाँड, रक्सीको सेवन गर्ने चलन छ। घरको आँगन वा खुला चौरमा फिँजाएको मासको मुठालाई हातमा लट्ठी लिएर खुट्टाको ताल मिलाउँदै मासको मुठालाई हिर्काउँदै बायाँबाट दायाँतिर घुमेर सँगसँगै क्रमश: गाउने गरिन्छ। सबैले मास भित्र्याउने समयमा अर्मपर्म गर्दै मास स्याहार्ने प्रचलन कायमै रहेको छ। सबै मिलिजुली आलोपालो सबैको आँगनीमा गाइने यो गीतमा माया गाँस्ने सिलसिलासँगै प्रेमलीला र पिरतीभाव प्रकट भएको पाइन्छ।



*तस्बिर १०: मैयारानी गीतमा नृत्य गर्दै संखुवासभाका नयाँ पुस्ता*

केटा र केटी दुई समूहमा मिलेर यो गीत गाइन्छ ।

केटा: *हरमा हर, हार्मोनि बाजा मैयारानिके*
*दाम परल् हजार मैयारानिके २*
*सँगइ जेइ, दाउरा सँगइ जेइ पुइँ मैयारानिके*
*सँगइ जेइ बजार मैयारानिके २*
*(मैयारानिके सँगइ जेइ बजार मैयारानिके)२*

अर्थात्, मैयारानीलाई मनपर्ने बाजा हजार रुपैयाँमा किनिदिएका छन् मैयाराजाले । हामी दुवै जना सँगै घाँस, दाउरा, पानी अनि मेलापात गरौँ भनेर मैयाराजाले फकाउँछन् । अझै केही कुरा किनमेल गर्ने भए सँगै बजार जाउँला भनी अनुरोध गरेको सन्दर्भसँगै गीतको सुरुवात भएको छ ।

केटी : *धोबिके धारा, सन्सरइवार मैयारानिके*
*मइ लुगा धोवैइम् मैयारानिके २*
*हितइ र, मिल्नि पिरति लाइप् मैयारानिके*
*सालैभर रुँगैइम् मैयारानिके २*

केटा : *पाकिमा गल्, अम्चुरि दाना मैयारानिके*
*खाइ कइले निकल मैयारानिके २*
*पिरति लइलक, सालैभर भल् मैयारानिके*
*जाइ कइले निकल मैयारानिके २*

अर्थात् केटीले भन्छे- धोवीलाई धारा शनिबार नभइ हुन्न, त्यस्तै तपाईंलाई पनि म नभइ नहुने मैले लुगा धोइदिउँला, हित मिलेमा पिरती लगाउँला अनि वर्ष दिनसम्म पर्खाएर मात्र बिहे गर्छु । उता केटाले अमचुरी फल पाक्यो तर खाउँ भनिनौ । प्रेम गरेको पनि एक वर्ष भयो, अब जाउँ पनि भनिनौ । यस्तो गुनासो गर्दै देखेकोले हुन्न कर्ममा लेखेको पाइन्छ भनी भावना साटासाट भएको पाइन्छ ।

केटीः *पाकिमा गल्, अम्चुरि दाना मैयारानिके*
*झर्‌लक खाइला मैयारानिके २*
*भाल्लक सिन्, खेलखेल मात्‌रइ मैयारानिके*
*लेख्लक पाइला, मैयारानिके २*
*मैयारानिके लेख्‌लक पाइला, मैयारानिके २*
केटा : *पुइँ हइ परल्, सइ रिमिझिमि मैयारानिके*
*घुमइले तर्कइम, मैयारानिके २*
*सात डाँडा, काटि गइनि हइ पनि मैयारानिके*
*मयाले फर्कइम्, मैयारानिके २*
केटी : *उकालो चढ्‌दा, दम बढि आला मैयारानिके*
*खैँचेर आन्ला साँस, मैयारानिके २*
*घरजमक जोहो, करे हइ हन्जि मैयारानिके*
*नकरे मोर आस, मैयारानिके २*

अर्थात्, रिमझिम पानी पऱ्यो, मैयालाई घुम ओढाउँला । मलाई छोडी अरुसँग गए पनि मायाको डोरीले फर्काउँला भनी मैयाराजाले आशा गरेको, उता पुनः मैयारानीले जवाफ दिँदा मलाई उकालो चढ्दा दम बढेजस्तै हुन्छ । मेरो प्राण कहिले जान्छ, थाहा छैन । त्यसैले, मेरो आशा नगरी घरजमको जोहो अन्तै गर भनी आग्रह गर्छिन् ।
केटा : *हिउँक चुलि, तो पल्लोतिरे मैयारानिके*
*बाँस केल्ले लर्काइलोस्, मैयारानिके २*
*हिँज र सम्मन्, लउ लउ ज रइ मैयारानिके*
*कहो केल्ले तर्काइलोस् मैयारानिके २*
केटी : *घुटुमा घुटु, बाङ्‌ल्कि लागल् मैयारानिके*
*भोटइको आलुले, मैयारानिके २*

*लेकइमा छोरि, नदिनि होखाए मैयारानिके*
*खाइहाल्ला भालुले, मैयारानिके २*

अर्थात् हिमालचुलीको पल्लो तर्फको बाँसलाई केले लर्कायो होला ? आज मैयारानीलाई कसैले तर्काएको छ । यत्तिकैमा मैयारानीलाई बाडुल्की लागेकाले अरुसँगै माया पिरती गाँसेको शङ्का हुन्छ । लेकतिर छोरीले बिहे गरेमा भालुले खाने भनाइ छ । त्यसैले, समथर भूमिमा बस्ने मायालुले लेकालीसँग बिहे गरेमा उकाली, ओराली लेक र बेँसी गर्दा दुःख हुने र जनावरको समेत डर हुने जस्ता भावना साटासाट गरेको पाइन्छ ।

केटा : *तारिगाइ दुनु, मालिगाइ दुनु मैयारानिके*
*दुद दुनि दर पनि मैयारानिके २*
*बाटइमा भेट्नु, पुतलीजसन् मैयारानिके*
*बिर्सनु घर पनि, मैयारानिके २*

केटा र केटी (दुवै) : *राजाक बारि, सुन्तला घारि मैयारानिके*
*रानिको पानबारि, मैयारानिके २*
*हितइ र मिलल्, पिरति लाउनि मैयारानिके*
*निबसि दिलमारि, मैयारानिके २*
*मैयारानिके निबसि दिलमारि मैयारानिके २*

-स्रोतः भुवन हलिदे कुमाल, संखुवासभा

पुतलीजस्तै मैयारानीलाई बाटोमा भेटेर मैयाराजाको मनै फुर्कियो र मैयाराजाले आफ्नै घरसमेत अनि भोक, तिर्खा पनि बिर्सिएको भाव व्यक्त भएको छ । अनि तारे गाई र माली गाईको दूध खुवाउनुपर्‍यो भनी दूध खुवाएको, यसरी राजाको सुन्तलाबारी भएजस्तै रानीलाई पानको बारी प्यारो भएजस्तै हित दिल मिलेपछि बिछोडिएर बस्ने होइन । मैयाराजा र मैयारानीले बरु अब सँगै दिल एक गराई जीवन काट्ने संकल्प गीतमा गरिएको छ ।

यसरी यस गीतमा मनोरञ्जनसँगै मानिसको दिल, जीवनशैली, प्रेमलीला र रागभाव प्रकट गर्दै यो मैयारानी गीत गाउने गरिएको छ । मैयारानी र मैयाराजालाई मुख्य पात्रका रूपमा उभ्याएर प्रेमको शुभारम्भ र अन्त्यको प्रसङ्ग कोट्याइएको छ ।

### ८.१.२ रोपाइँ गर्दा गाइने बाली गीत

जेठ-असारमा खेतमा धान रोप्ने बेलामा रोपारे महिला र पुरुषहरूले सँगै गाइने गीत हो बाली गीत। यो गीतलाई असारे गीत पनि भनिन्छ। कुमाल समुदायमा यो गीत गाउन सुरुवात गर्नुअघि ब्याड उखेलेर तयार पार्छन्। खेतधनीले खेतमा सिमे, भूमे, नाग, भँगेर, भूतप्रेतको पूजा गर्नका लागि तोकिएको थानमा खेतालाको लागि खेतमा लगिएको खानेकुरा चढाउने चलन छ। त्यसैगरी धूप, रातो र सेतो ध्वजा, भेटी र अक्षता अर्पण गरिन्छ। प्रशस्त धान फलोस्, खेत र धानको रक्षा गर्नु र प्रशस्त धान फलोस् है परमेश्वरी भनी पूजा गरेपछि खेतधनीले 'लौ है रोपाइँ र बाली गीत सँगै सुरु गरौँ' भन्छन्। त्यसपछि खेतधनीले धानको ब्याड रोपिदिएर रोपाइँको मेलो थालनी गरिदिन्छन्। अनि बाली गीत गाउँदै रोप्न सुरु गरिन्छ। गीतको पहिलो चरणमा सिमे र भूमे सम्झनास्वरुप अर्पण गरिन्छ। गीतको पहिलो चरणमा एक मुठी घाँस काटेर भेंडाको थुमेलाई खान दिएजस्तै खेतीपाती गर्दा गाएको गीत अन्नको सहदेवको उपमा दिँदै सिमे र भूमेलाई सम्झनास्वरुप याद गरिन्छ।

*एकइ र मुठा घाँसै र काट्लि, भैँडिक थुमेके*
*आहै भैँडिक थुमेके*
*पइला पल्ट गइलक गाना, सिमे र भुमेके*
*आहै सिमे र भूमेके*
*लउ तु मा लउ लउ, लउ तु मा लउ लउ, सिमे र भुमेके*
*आहै सिमे र भुमेके।*

गीतको पहिलो चरणअन्तर्गत अन्नको सहदेवको उपमा दिँदै सिमे र भूमेलाई सम्झनास्वरुप याद गर्दै गीत अघि बढ्दै जान्छ।

*दुस्रापल्ट गइलक गाना, मालिका देविके*
*आहै मालिका देविके*
*रक्खे हइ करे यै, बिन्ति बाट् तमिके*
*आहै बिन्ति बाट् तमिके*
*लउ तु मा लउ लउ, लउ तु मा लउ लउ, बिन्ति बाट तमिके*
*आहै बिन्ति बाट तमिके।*[२]

गीतको दोस्रो चरणमा पनि अन्नका सह र अस्तित्व जोगाउन भन्दै खेतको भूगोल नजिक रहेको देवीदेवताहरू जस्तै- अर्घाको देवी, छत्र महाराज आदि देवीदेवताको नाम पुकारिन्छ । यससँगै क्रमशः तेस्रो चरणमा उकेरा असारे सिमीलाई जसरी लगाइन्छ, त्यसरी धर्तिदेखि आकाशको देवीहरूलाई पनि याद गरिन्छ ।

*खनिमा खोर्सि उकेरा लइनु, असारे सिँबिके*
*आहै असारै सिँबिके*
*पइलामा चरन् गइलक गाना सरके देविके,*
*आहै सरके देविके,*
*छिउँ कुना मिलाओ, लउ फेरि कहो,*
*सरके देविके, आहै सरके देविके*
*(लउ तु मा लउ लउ, लउ तु मा लउ लउ, सरके देविके,*
*आहैसरके देविके ।)*[२]

आकाशको देवी देवतालाई सम्झना गर्दै आकाशतिर धान बीउ फालिन्छ । यस चरणपछि क्रमशः असार महिनामा हुने वर्षे झरीले हिलो भए पनि हिलो वर्षाको बेवास्ता गरी घरदेखि खेत र खेतदेखि बेँसीसम्म गरी हिलोमै रमाउने अनि यस प्रसङ्गमै जोडेर विवाहिता युवतीलाई गरगहना किन्दा साढे सात दशा लागेको वा ऋण तिर्न नसकिएको कुराको कथा, व्यथा यसरी प्रस्तुत गरिन्छ ।

*असार मास्क दलदले हिला, छिः मइके घिन् लागल्*
*आहै छि : मइके घिन् लागल्*
*मइयारानिके गअना किन्दा, साढे सात् दिन् लागल्,*
*आहै साढे सात् दिन् लागल्,*
*अम्बा बाट् काँच्चइ, खेल हइन साँच्चइ*
*साढे सात् दिन् लागल्,आहै साढे सात् दिन् लागल् ।*
*लउ तु मा लउ लउ, लउ तु मा लउ लउ, साढे सात दिन लागल्*
*आहै साढे सात दिन लागल् ।)*[२]

रोपाइँपछि धानमा सिँचाइ, गोडमेल गर्न र रेखदेख गर्ने किसान दाइको शरीर बलियो हुनुपर्ने र बलियो शरीरले मात्र किसानी पेशा गर्न सकिने

भएकोले शरीरको महत्ता व्यक्त गरिएको छ ।

*छुपु हइ छुपु हिलामा धान, हातमा बिउ छँदै*
*आहै हातमा बिउ छँदै*
*ढल्केतइ घर ढल्केतइ बेसि, बइल्लो जिउ छँदै*
*आहै बइल्लो जिउ छँदै,*
*पातक बेरि, लउ कहो फेरि*
*बइल्लो जिउ छँदै, आहै बइल्लो जिउ छँदै ।*
*(लउ तु मा लउ लउ, लउ तु मा लउ लउ, बइल्लो जिउ छँदै,*
*आहै बइल्लो जिउ छँदै ।)*[२]

खेताला आफ्ना सँगीहरूलाई हातको बीउ छँदै हो रोप्ने पनि, अनि आमाको जीउ छँदै हो विवाहित चेली आमाको प्यारी बन्ने आमा हुन्जेलसम्म हो । आमाको देहान्तसँगै त्यो घर र माइत गर्ने दिन कम हुँदै जान्छ । यस्तै घर, खेत र बेसी गर्ने जीउमा बल हुन्जेलसम्म हो, त्यसपछि बुढेसकालमा यी सबै हराउँदै जान्छन् । लौ सबैले समयलाई चिन्नुपर्ने भावको प्रस्तुति गीतमा पाइन्छ ।

*दाउन्ने रए देवि र देवता, सिरइमा चन्द्रमा*
*आहै सिरइमा चन्द्रमा*
*माना रोपेर मुरि फलाउनि, असारे पन्द्रमा*
*आहै असारे पन्द्रमा,*
*लेकइक पइँ हो, कहो तु सइँ हो*
*असारे पन्द्रमा, आहै असारे पन्द्रमा,*
*(लउ तु मा लउ लउ, लउ तु मा लउ लउ, असारे पन्द्रमा,*
*आहै असारे पन्द्रमा ।)*[२]
*बरिखाके कएर कुट्लक धान, हिउँदइमा घुन लागल्*
*आहै हिउँदइमा घुन लागल्*
*उच्छिम्क मेला कहतल सासू, मेलइमा जुन लागल्*
*आहै मेलइमा जुन लागल्*
*अम्बा बाट् काँच्चइ, खेल हइन साँच्चइ*
*मेलइमा जुन लागल्, आहै मेलइमा जुन लागल्*
*(लउ तु मा लउ लउ, लउ तु मा लउ लउ, मेलइमा जुन लाए,*

*आहै मेलइमा जुन लाए ।)*[२]

सबै देवीदेवता, शिरमा चन्द्रमा दाहिने रहुन् । माना रोपेर मुरी फलाउने महिना असारमा भात खाउँला भनी कुटेको धानमा हिउँदमा घुन लागेको ले खेतालाहरूले असन्तुष्टि व्यक्त गर्छन् । घरकी बुहारीले नजिकको बेलामा मेलाको काम चाँडै सकेर बेलुका छिटै घर फर्किनु भने पनि मेलैमा रात परेकोले यसमा गुनासो गरेको कुरा व्यक्त गरिएको छ ।

*लरक्क लर्कि घरक्क होखब, नबस आलिमा*
*आहै नबस आलिमा,*
*सुन्तलि नानिले दइ च्युरा नेन्लेस्, काँसक थालिमा*
*आहै काँसक थालिमा*
*पातक बेरि, लउ कहो फेरि*
*काँसक थालिमा, आहै काँसक थालिमा*
*लउ तु मा लउ लउ, लउ तु मा लउ लउ काँसक थालिमा*
*आहै काँसक थालिमा*
*सिरिमा सिरि बतासइ चलल् बौक कउसिमा*
*आहै बौक कउसिमा*
*लुसुक्कै भागि गइदिम् कि के होक्  असारे अउँसिमा*
*घोर पारि कहो, लउ फेरि कहो*
*असारे अउँसिमा, आहै असारे अउँसिमा*
*लउ तु मा लउ लउ, लउ तु मा लउ लउ, असारे अउँसिमा*
*आहै असारे अउँसिमा ।)*[२]

खेतालाहरूले हिलोले लेसिएको आलीमा चिप्लोमा नबस्न, बसेमा लडिएला भनी आग्रह गरिएको पाइन्छ । अब दही चिउरा खाने बेला भएको कुरा जनाइन्छ । अनि किसान युवतीलाई बाबाको घरको कौशीमा सिरीमा सिरी बतासै चल्यो, असारे औँशीमा युवतीलाई सुटुक्क बिहे गर्ने भनी व्यङ्ग्य गरिएको पाइन्छ ।

*मसिनइ धानक पात्लो च्युरा, चनाक बिरम्ला*
*आहै चनाक बिरम्ला*
*आलिमा लाउनि ठिगाँरेदाइक, सुक्लक पिरम्ला*

*आहै सुक्लक पिरम्ला*
*(लउ तु मा लउ लउ, लउ तु मा लउ लउ, सुक्लक पिरम्ला,*
*आहै सुक्लक पिरम्ला ।*[२]
स्रोतः बलबहादुर कुमाल, १० असार, २०६५ ।

यस गीतमा खेतमा काम गर्दा मसिनो धानको पातलो चिउरा र चनाको खाजा नास्ता खाने प्रसङ्गसँगै ठिँगारे दाइलाई मनोरञ्जनात्मक व्यङ्ग्य गरिएको छ ।

### ८.१.३ दाइँ गीत

मङ्सिरमा धान स्याहार्ने बेलामा खेतको गरामा खलो बनाइ मियो गाँडेर पराल छिटेर वा फिँजाएर गोरुलाई परालमाथि घुमाएर धान झार्ने प्रचलन छ । यस बेलामा गोरु खेद्दा गोरुको नाम बोलाउँदै लयात्मक पाराले बेसी र खोँचहरू घन्किएका हुन्छन् । साथै विभिन्न ठाउँको अन्नबालीको सहभरि आफ्नो खेतमा बोलाउँदै त्यस्ता गीतहरू गाउँदै थकाइ बिर्सिएर काममा लागिरहन्छन् ।

माड हइ भाइ हो माडो भाइ
मिहीसम्मन खातमा खात लाइ
पूर्व मेचीदेखिन् पच्छिम् कालीसम्मन
कर जोडा गोरू हो सरर रमन
माड हइ भाइ हो माडो भाइ

थाकेको बेलामा पनि गीत गाएर उर्जा पाउन सक्ने गरी गोरु खेद्ने पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको अन्नपातको सह डाकिन्छ । परालको राशमाथि एकोहोरो गोरु र खेद्ने मानिससँगै घुमी घुमी माडौँ भनेर भाव प्रकट गरिन्छ ।

*अन्न आन हामराके एइ चाइँ*
*उत्तरदेखिन् दक्खिन् सम्मन*
*कर जोडा गोरु हो सरर रमन*
*माड हइ भाइ हो माडो भाइ*
*प्रान धान्नि अन्न र पात काँ पाइ*
*सह देओ बौ हो सह देओ ॥*

किसानले उल्लिखित गीतका भाकामा लयवद्ध गरी हामीलाई अन्नपात देऊ, प्राण धान्ने अन्न कसरी पाउन सकिन्छ र ? त्यसैले अन्नको रक्षा गर्नुपर्ने र अन्नकै सह देऊ है भनेर प्रार्थना गरिएको पाइन्छ ।

कुमाल जाति लोकसाहित्यमा समृद्ध छ । कुमाल समुदायमा स्थानअनुसार कृषि कार्य गर्दा गाइने लोकगीतमा केही मात्रामा भिन्नता भए पनि प्रायः मिल्दोजुल्दो पाइन्छ । लोक, संस्कृतिविना मानिस जराविनाको रुख, पातविनाको हाँगाजस्तै हुन्छ । यसरी वर्तमान समयमा कुमाल युवाजगतको संस्कृतिप्रतिको मोह घट्दै गएको र मानिसको स्वभावै नयाँपन र सुखी र खुशी खोज्ने खालको हुने भएकोले आधुनिक जीवनशैली अपनाउँदा कतिपय मौलिकता गुम्दै जान थालेको छ ।

उल्लिखित कृषि लोकगीतहरू अहिलेका नयाँ पुस्ताले खासै चासो नदिने र अघिल्लो पुस्ताले पनि हस्तान्तरण गर्न पनि बेवास्ता गरेको पाइन्छ । यसरी वर्तमान समयमा आधुनिक कृषि प्रणाली, वर्तमान समयमा नयाँ पुस्तामा पश्चिमा संस्कार र विज्ञान प्रविधिको प्रभाव आदि कारणले कुमाल जातिको किसानी गीतहरू मैयारानी गीत, बाली गीत, दाइँ गीत आदि लोपोन्मुख अवस्थामा छ । मुलुकको पहिचानको रूपमा रहेको सांस्कृतिक विविधतालाई बचाउन, राष्ट्रगौरव उँचो राख्न तथा पर्यटनको विकास गर्नसमेत यी लोकसाहित्यको जगेर्ना गर्न नितान्त जरूरी छ ।

## ८.२ पाउँदुरे नाच

कुमाल समुदायमा पाउँदुरे नाच निकै लोकप्रिय रहेको पाइन्छ । यो नाच हराउँदै गएकोले तनहुँमा नाच्ने तालिमको आयोजना गर्न थालिएको थाहा पाइयो । पाउँदुरे नाच्न धेरै समय र मान्छे चाहिन्छ । जस्तो यो नाचको लागि गुरु, भारते, मादले, झ्याली, गर्रा, रउसे होहोरी सहयोगी गरी कम्तीमा २२ देखि ३९ जनासम्मको टोली हुन्छ । रउसे होहोरी भनेका गाउन, बजाउन खासै नजान्ने तर नाचलाई उफ्रिएर, कराएर मनोरञ्जन दिने थप सहयोगी हुन् । यिनले दक्षिणास्वरूप पाएको धान, चामल बोक्छन् ।

राम्ररी विधि पुऱ्याएर नाचे यो १० घण्टासम्म नाचिन्छ । गुरुले मन्त्र फलाकेर नाच्ने टोलीमाथि कुनै विपत्ति नआइपरोस् भनेर चामल अछेता छर्किन्छ । नाच्ने कसैले गुरुको अनुमतिविना बीचैमा नाच छाड्न पाउँदैन । मुखियाजस्ता गन्यमान्य अर्थात् उचित दक्षिणा दिन सक्नेले मात्रै पाउँदुरे नाच मगाउछ । नाच्दा 'बर्माउनी' र 'ठोकन हान्नी' गरी मुख्य दुई

विधि हुन्छ । बर्माउनी भनेको सुरुमा देवीदेवताको नाम लिई उनीहरूलाई सम्झेर गाइने गीत हो । ठोकन हान्नी भनेको मादलको एक किसिमको ताल हो, जुन सुनेर धामीहरू काम्न थाल्छन् । मादलको तालको स्वरूप परिवर्तन नगरेसम्म उनीहरू काम्न छाड्दैनन् ।

पाउँदुरे नाचमा रमाइन (रामायण), कृष्ण चरित्र, गोलेनी, सरेवन, राजा रानीको प्रेम कहानी, विवाह प्रसङ्गजस्ता विभिन्न खण्ड हुने तथा कुमाल जाति के हो र कस्तामा बस्छन् भन्ने कथनसमेत उल्लेख गरिएको छ । त्यसैले सबै खण्ड ननाचे नाच अधुरो हुने भएकोले धेरै समय लाग्ने गरेको हो । गोलेनी खण्डमा कृष्णले गोपिनीहरूसँग रसरंग गरेको चर्चा पाइन्छ ।



*तस्बिर ११: पाउादुरे नाच, धादिङ । तस्बिर : नविन मुखिया कुमाल*

## ८.३ घाटो नाच

कुमाल समुदायमा घाटो नाच पनि नाचिन्छ । तर यो नाच पनि बिस्तारै लोप हुँदै गएको छ । पछिल्लो पटक घाटो नाच २०५९ सालमा गोरखाको रानीटार गाउँमा मातातीर्थको बेला लगातार दुई हप्ता नाचिएको एक वृद्धले सुनाए । मगरहरूका घाटु नाचसँग केही मिल्दोजुल्दो छ, कुमालहरूका घाटो नाच । यसमा बिन्द्रा वनमा बाँस काटी बाँसुरी बनाएको गीतको प्रसङ्गले कृष्णकै गाथा गाइन्छ कि भन्ने देखिन्छ ।

त्यस्तै घाटो नाचको गर्भाष्ट खण्डमा एक जना रानीलाई व्यथा लागेको, सुढेनी बोलाउन पठाइएको तथा नामकरण गर्दा सीता नाम राखिएको

प्रसङ्ग गीतमा पाइन्छ । यसरी कुमालहरूका लोकगाथामा हिन्दू देवदेवीहरूको प्रसङ्ग पाइए पनि उनीहरूले बजाउने मादल लगायतको भाका फरक छ । त्यसैले, यी लोकगाथापछि मात्र हिन्दूकरण भएको हुन सक्छ ।

## ८.४ झाम्रे बस्ने चलन

कुमाल समुदायमा लोकसङ्गीतको कुरा गर्दा झाम्रे बस्ने चलन लोकप्रिय छ । राती कसैको घरमा भेला भई युवायुवतीहरू नाचगान गरिने चलनलाई झाम्रे बस्ने भनिन्छ । यसमा खास गरी नेपाली लोकगीतहरूका भाका गाइन्छ । झाम्रे गुरुङहरूकै रोदीकै प्रतीकको रूपमा देखिन्छ । पहिले युवायुवतीहरू यसरी झाम्रे बस्दा दोहोरीसमेत गाउँथे । बिहे भोजमा झाम्रे नाच नाचिन्छ ।

झाम्रेबाहेक कुमालहरूले करुवा नाच पनि नाच्छन् । यसमा पाँच छ जना केटीहरू गीत गाउने र केटाहरूले नाच्ने गर्छन् । त्यस्तै नाचका लागि एक जना केटा र एक जना केटी सहभागी हुने बाह्रै महिना नाच्न सकिने चुड्का नाच पनि यो समुदायमा छ । तर यी दुवै नाच लोपझैं भएको छ ।

## ८.५ कौडा नाच

कुमाल समुदायमा कौडा नाच निकै चर्चित र पुरानो नाच हो । यो नाच गोरखा, पाल्पा, तनहुँ, लमजुङ, चितवन र स्याङ्जामा लोकप्रिय छ । कौडा नाच माघे संक्रान्ति तथा छरछिमेकीको घरमा कुनै विशेष चाडपर्वमा महिला पुरुष मिलेर गाउँदै नाच्दै रमाइलो गरिन्छ । यो नाच अहिले लोप हुने जोखिममा छ ।

## ८.६ हेम्फै नाच

परापूर्वकालदेखि कुमाल जातिमा देखाइँदै र नाचिदै आइएको लोपोन्मुख हेम्फै नाचको खास अर्थ पत्ता नलागे पनि केटा र केटीबीचको सम्बन्ध हो भन्ने नाचबाट बुझ्न सकिन्छ । विशेष गरी पहिले रोदी बस्ने चलनसँग यसको सम्बन्ध देखिन्छ ।[९]

रोदी घरमा मलायाको लाहुरेले उतैबाट विवाह गरी घरमा ल्याएको प्रेमिकालाई रोदीमा पुऱ्याउने र रोदीमा जम्मा भएका सबैले प्रश्न सोध्ने

९ हेम्फै नृत्यको स्रोत सामग्री सुवास गौतमबाट लिइएको हो ।

गर्छन् । नयाँ नानीलाई कसरी, किन, कहाँबाट लिएर आएका भनी सोध्ने र आफ्नो समाजमा हुने सबै काम जाने नजानेको परीक्षा लिने विषयसँग यो नाच जोडिएको छ ।

लाहुरेले प्रेमिकाका सकारात्मक कुरा गर्ने, आफूले जीवनभर धोका नदिने वाचा गर्ने, रोदीमा उपस्थित सबैसँग रमाइलो गरी आफूले मलायाबाट ल्याएको कोसेली बाँड्ने र सबैसँग नाच्ने कथाका रूपमा हेम्फै नाचलाई लिन सकिन्छ ।

गाउँघरका यस्ता सांस्कृतिक नाचहरू नेपाली सामाजिक परिवेशसँग जोडिएका छन् । यो नाच भाद्र कृष्ण पक्षको औंसीका दिन सुरु गरिन्छ र शुक्ल पक्षको पूर्णिमाका दिन विशेष पूजा आराधनासहित सम्पन्न गरिन्छ । एकातिर रोदी समाजले रोदी गाइरहने र अर्कातर्फ कमेरो र माटोको प्रयोग गरेर बनाइएका चन्द्रमा र सूर्यको प्रतीकमा उपस्थित सबैले फूलले पूजा गर्ने चलन छ । भाद्र कृष्ण पक्षको औंसीमै फूल टिप्न दुई कन्याको छनोट गरिन्छ र उनीहरूले टिपेको फूलबाट मात्रै पूर्णिमाका दिन पूजा गर्ने गरिन्छ। तर ती फूल भने सबैले चढाउन सक्ने यसको विधि छ। रातभर हेम्फै र लाहुरेलाई नचाई बिहान तिनै उपवास बसेका दुई कन्याले चढाइएका ती सबै फूलको डोली बनाउँछन् । अनि सबैजना नाच्दै गाउँदै नदी किनार मा लगी सेलाउने काम हुन्छ ।

मानिसहरू रोदी घरमा जम्मा भई घरभित्र रहेकी हेम्फैलाई बोलाउने, हेम्फै लिएर सँगै लाहुरे आउने क्रमसँगै गाइने सुरुको टुक्का यस्तो हुन्छ-
*हा हा हो......*
*माला र मुग्लानैबाट, आयो मेरो हेम्फै*
*माला र मुग्लानैबाट, आयो मेरो हेम्फै*
*माला र मुग्लानैबाट, ढोका खोल हेम्फै*
*माला र मुग्लानैबाट, बाटो खोल हेम्फै*
बीच बीचमा गीत रोकी लाहुरेसँग कहाँबाट किन लिएर आएको हो यस्ती डल्ली नराम्रीलाई भनेर ठट्टा पनि गरिन्छ ।
बीचमा : *हा हा हो ......*
*माला र मुग्लानैबाट, नाच मेरो हेम्फै*
*माला र मुग्लानैबाट, दैलो लिप हेम्फै*

*माला र मुग्लानैबाट, जाँतो पिस हेम्फै*
*माला र मुग्लानैबाट, ढिकी कुट हेम्फै*

यसरी सबै कामको परीक्षा लिने काम हुन्छ । सबै परीक्षा सकिएपछि यसरी गाइन्छ-

*माला र मुग्लानैबाट, भित्र पस हेम्फै*
*माला र मुग्लानैबाट, भित्र पस हेम्फै*
(कतै बर्मा र मधेशैबाट भन्ने पनि छ ।)

यसरी हेम्फैभित्र पसे पनि लाहुरे भने बाहिरै रहने र लाहुरेसँग सबै सङ्गीहरूले रमाइलो गरी नाच्ने र कोसेली मागिन्छ । लाहुरेले सबैजना सामु कोसेली पुऱ्याउने र निकै रमाइलो गरी हेम्फैमा नाचिन्छ । गीतका भाव र कर्म हेर्दा यो पहाडी भूगोलमा नाचिने नाच हो भन्न सकिन्छ । खास गरी बागलुङ, गुल्मी, गोरखा, तनहुँ र लमजुङमा हेम्फै नाचिन्छ । यद्यपि, हाल यो नाचको अवस्था लुप्त प्रायः छ ।



*तस्बिर १२ : हेम्फै नाच नाच्दै कुमाल महिला*

**८.७ संरक्षणको लागि सङ्ग्रहालय**

तनहुँ जिल्लाको तत्कालीन क्यामिन गाविस- २ कलेस्तीस्थित कुमाल गाउँमा मुलुककै पहिलो आदिवासी कुमाल सङ्ग्रहालयको निर्माण भएको छ । कुमाल जातिको परम्परागत कला र संस्कृति लोप हुन थालेपछि राष्ट्रिय योजना आयोगको नगद ५ लाख रुपैयाँ सहयोग र स्थानीय गाउँलेको जनश्रमदानमा उक्त सङ्ग्रहालयको निर्माण गरिएको हो ।

सङ्ग्रहालयका अध्यक्ष नारान कुमालका अनुसार एकल भाषा, भेष, संस्कृतिकरण भई कुमाल जातिको उपेक्षा भएको कारण परम्परागत पेशा व्यावसाय, कला र संस्कृति लोप हुन थालेकाले कला र संस्कृति पहिचानको संरक्षणको निम्ति गाउालेको संयुक्त प्रयासमा सङ्ग्रहालयको निर्माण गरिएको हो ।

सङ्ग्रहालयमा कुमालको परम्परागत हााडी, हण्डी, घैंटो, खबटा, गमला, खुत्रुके, माछा छोप्ने जाल, चोंगी, खोगा, तिरई लगायत कुमालको जीवनशैली झल्कने परम्परागत सामग्री राखिएको छ । अन्य सामग्री सङ्कलन गर्ने क्रम जारी छ ।

## ८.८ भेषभूषा र गरगहना

कुमाल समुदायका महिलाहरू कालो गुन्यु (लुङ्गी), पेटिकोट/समिज, कालो मखमलको चोलो पहेंलो पटुका र मखमलको रातो बुट्टे घलेक, पछ्यौरा सेतो बुट्टे मजेत्रो, कालो कपडाको जुत्ता लगाउँछन्। गरगहनाको रूपमा नाकमा झुम्के बुलाकी, कानमा मारवाडी, ढुंग्री, नाकमा फुली र हातमा रैया लगाउँछन् ।



*तस्बिर १३ : कुमाल जातिको पहिचान झल्कने भेषभुषामा कुमाल महिला*

त्यस्तै अन्य गरगहनामा कानमा ढुंग्री, टाउकोमा चन्द्रमा शिरफूल, शिरबन्दी, नाकमा लाहुरे फुली (झाँपे फुली), बुलाकी, घाँटीमा तिलहरी, ढेंगुरा (चाँदीको हार), चारपाते सुनको जन्तर, हबेल (चाँदीको पैसाको माला), हातको औंलामा पैसाको औंठी, खुट्टामा पाउजेब, पहेंलो पोते, कन्ठी, मालामाड्वारी (पाटे सुन), हातमा चुरा, चाँदीको बाला, कम्मरमा सानो काठको घैंटो, खुर्पेटो, कपालमा रातो धागो, निधारमा टीका, इच्छाअनुसार कल्ली आदि लगाउँछन् ।

त्यसैगरी पुरुषतर्फ कालो भादगाउँले टोपी साथमा सेतो फेटा, सेतो भोटो (हाफ/फुल बाहुला दुवै) कालो स्टकोट (जुहारी कोट) धोती, कछाड सेतो (नेपाली घरबुनाको), नीलो पटुका लगाउँछन् ।



*तस्बिर १४ : कुमाल जातिको पहिचान झल्कने पुरुष भेषभुषामा कुमाल दाजुभाइ*

## ९. राजनीतिक प्रणाली

कुमालहरूका पहिला आफ्नै परम्परागत संगठन प्रणाली थियो, जसलाई उनीहरूका राजनीतिक प्रणाली भन्न सकिन्छ । केन्द्रीयस्तरमा जातीय संगठन तथा विभिन्न दलका भातृसंगठनको रूपमा पनि कुमाल संगठन देखा परेको छ ।

## ९.१ परम्परागत संगठन प्रणाली

निकै वर्ष पहिलेदेखि नै कुमाल गाउँको अगुवाको रूपमा मुखियाको चलन रह्यो । मुखियाकै निर्देशन, नीति, नियम र रीत पालन गरी एकापसमा सहकार्य, साझेदारी र समन्वयको साथ कुमाल समुदायले जीवनयापन गर्दै आए । यसरी गाउँको जान्ने, बुझ्ने अगुवाको रूपमा मुखियालाई लिइन्थ्यो । गाउँले सबैले मुखियालाई बडो आदरका साथ मान्ने हुँदा सामाजिक परम्परा, रीतिरिवाज, पूजाआजा सञ्चालन गर्दा र समुदायमा उत्पन्न झैंझगडाको न्याय निसाफ, जग्गा भोगचलनलगायत हरेक विषयमा मुखियाको निर्णायक भूमिका हुन्थ्यो ।

राणा शासनको समयमा भने मुखियालाई तिरो, कर आदि उठाउने जिम्मा दिएको तथ्य पाउन सकिन्छ । तर हाल अपवादको रूपमा मात्रै कुमाल गाउँको छुट्टै अगुवा छन् । नवलपरासीका कुमालहरू भने बरघरको अगुवाइमा आफ्नो गाउँ सञ्चालन भइरहेको बताए । गाउँमा आइपर्ने कुनै समस्याको समाधान, झैंझगडामा मिलापत्र पहिले मुखियाले गराउँथे भने अब वडाध्यक्ष, पञ्च, भलाद्मी, शिक्षक आदिले मिलाउँछन् । कहीं कतै सभा, बैठकको लागि कराएर बोलाउने चौकीदार हालसम्म पनि छन् । चौकीदारलाई 'ठरी' भनिन्छ । मुखिया चलाउने कुमालहरूले थर नै मुखिया लेखेको पनि पाइन्छ । केही कुमाल अगुवाका अनुसार कुमाल समुदायमा नियम, कानुन हेर्ने जिम्मा मिजार, मुखिया, बढ्यौंली, गौरुङजस्तो पद दिएर समाजमा विभिन्न प्रशासनिक कार्य गर्ने परम्परा थियो । हाल यो परम्परा सबै ठाउँमा लोप भैसकेको छ ।[१०]

## ९.२ नेपाल कुमाल समाज सुधार समिति (कुमाल समाज नेपाल)

नेपाल कुमाल समाज सुधार समिति, २०५० सालमा पाल्पामा विधिवत रूपमा दर्ता भयो । संस्थाको पाल्पा शाखाका कार्यवाहक अध्यक्ष बाघवीर

१० https://ne.wikipedia.org/wiki/कुमाल/जाति

मुखिया कुमाल उक्त समिति बन्नु अघिको पृष्ठभूमिका सम्बन्धमा भन्छन्- '२०२८/२९ सालतिरको कुरा हो । एक सय रुपैयाँ ऋण लिएको वार्षिक २४ पाथी अन्न ब्याज बुझाउनुपर्थ्यो । पाल्पाका केही युवाले संगठित भई त्यसको विरोध गरियो । बिस्तारै यो अभियान कुमाल समुदायको अरू जिल्लामा पनि सल्कियो । सोही अभियानको १० वर्षपछि २०३८ सालमा समिति बनायौं । पञ्चायतमा यो समिति दर्ता गर्न गाह्रो भयो । २०५० सालमा बल्ल पाल्पा र अर्घाखाँचीका साथीहरू मिलेर सूर्यबहादुर कुमालको अध्यक्षतामा पाल्पा जिल्ला प्रशासनमा समिति दर्ता गर्‍यौं ।'

संस्थापक सदस्य कल्पना कुमालका अनुसार पाल्पाबाट सबै कुमाल बसोबास गर्ने जिल्लालाई समेट्न गाह्रो भएपछि सोही संस्था नयाँ ढंगले नेपाल कुमाल समाज सुधार समितिकै नामबाट काठमाडौंमा २०५७ सालमा दर्ता गरियो । यो समिति नेपाल आदिवासी जनजाति महासंघ तथा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानसँग पनि २०५७ सालबाट आवद्ध छ । हाल यो समितिको अध्यक्ष तेलबहादुर कुमाल 'विशाल' छन् ।

काठमाडौंमा केन्द्रीय संस्था दर्ता गरिएपछि पाल्पालाई जिल्ला समितिको रूपमा राखियो । विगतको आदिवासी आन्दोलनमा केन्द्र र जिल्लास्तरमा यस संस्थाका प्रतिनिधि सहभागी हुँदै आएका छन् । सातौँ अधिवेशनसम्म आइपुग्दा हाल सम्मका अध्यक्षहरू सूर्यबहादुर कुमाल (२०५०-२०५३), भक्तबहादुर कुमाल (२०५३-२०५९), अर्जुनबहादुर कुमाल (२०६०-२०६३), जीतबहादुर कुमाल (२०६३-२०६६), नगेन्द्रकुमार कुमाल (२०६६-२०७२), नरेन्द्रमान मुखिया कुमाल (२०६६-२०७९), केवल पाल्पाली कुमाल (२०७२-२०७९), तेलबहादुर 'विशाल' कुमाल (२०७९ देखि हालसम्म) रहेका छन् । नेपाल कुमाल समाज सुधार समितिको केन्द्रीय सातौँ महाधिवेशनले यो संस्थाको छोटकरी नाम 'कुमाल समाज नेपाल'को रूपमा प्रयोग गर्न सक्ने गरी विधानमा व्यवस्था गरेको छ । हालसम्म यो संस्थाको २३ जिल्लामा संगठन विस्तार छ । त्यस्तै, भातृसंगठनको रूपमा कुमाल विद्यार्थी समाज, युवा कुमाल समाज नेपाल, कुमाल सांस्कृतिक मञ्च, कुमाल पत्रकार समाजलगायत संस्था छ । उता, अन्तर्राष्ट्रिय रूपमा पनि साउदी, कतार, अमेरिका लगायतका देशमा संगठन रहेको छ । यहाँ 'कुमाल समाज नेपाल'को पछिल्लो कार्यसमितिको नामावली दिइएको छ ।

**तालिका: ५ कुमाल समाज नेपालको सातौं महाधिवेशनबाट चुनिएका केन्द्रीय समितिको नामावली**

| क्र.सं. | पद | नाम | जिल्ला | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | अध्यक्ष | तेलबहादुर कुमाल 'विशाल' | काठमाडौं | ९८५११७००१२ |
| २ | उपाध्यक्ष | श्रुति कुमाल | गोरखा | ९८४९१६०८२६ |
| ३ | उपाध्यक्ष | ठाकुर कुमाल | धादिङ | ९८४३५१०११९ |
| ४ | उपाध्यक्ष | मानेन्द्र कुमाल | कास्की | ९८५६०७३२५५ |
| ५ | उपाध्यक्ष | कुलकुमार कुमाल | तनहुँ | ९८६५०२६६१७ |
| ६ | उपाध्यक्ष | भैरव कुमाल | मकवानपुर | ९८४५०३०३५१ |
| ७ | उपाध्यक्ष | रामप्रसाद कुमाल | झापा | ९८४२६९७५२० |
| ८ | उपाध्यक्ष | योगेन्द्र कुमाल | गोरखा | ९८५११००५६५ |
| ९ | महासचिव | इ. गणेश कुमाल | काठमाडौं | ९८४१७८०२४७ |
| १० | सचिव | नविन मुखिया कुमाल | अर्घाखाँची | ९८६०६७०५५६ |
| ११ | सचिव | राजन कुमाल | कास्की | ९८५६०२२९६० |
| १२ | सचिव | शिव कुमाल | रुपन्देही | ९८६९६७२८४५ |
| १३ | सचिव | शारदा कुमाल | तनहुँ | ९८४६०५५९९७ |
| १४ | सचिव | महेश कुमाल | लमजुङ | ९८४५९७६८२२ |
| १५ | सचिव | मदन कुमाल | नवलपरासी | ९८५७०४१२५१ |
| १६ | सचिव | धनबहादुर कुमाल | स्याङ्जा | ९८५६०५५७६१ |
| १७ | कोषाध्यक्ष | राममाया कुमाल | तनहुँ | ९८४६१०११७३ |
| १८ | सदस्य | रचना कुमाल | दाङ | ९८४७८६२७४४ |
| १९ | सदस्य | गणेश कुमाल | दाङ | ९८४७८८२१८१ |
| २० | सदस्य | शोवबहादुर कुमाल | अर्घाखाँची | ९८४७१५७३५७ |
| २१ | सदस्य | केशबहादुर कुमाल | तनहुँ | ९८४१६०९४४३ |
| २२ | सदस्य | जंगबहादुर कुमाल | रुपन्देही | ९८६७३७०४९९ |
| २३ | सदस्य | दिर्घसिंह कुमाल | नवलपरासी | ९८४६०७५९६९ |
| २४ | सदस्य | सरस्वती कुमाल | लमजुङ | ९८०१३६४३७६१ |
| २५ | सदस्य | शर्मिला कुमाल | गोरखा | ९८४६३७७७७३ |
| २६ | सदस्य | सावित्रा कुमाल | पाल्पा | ९८४७५२४०६२ |
| २७ | सदस्य | गुरुप्रसाद कुमाल | रुपन्देही | ९८४४७०९४३९ |
| २८ | सदस्य | चिजमाया कुमाल | कास्की | ९८१६११२९६३ |
| २९ | सदस्य | चेतबहादुर कुमाल | कास्की | ९८६९६२२४८६ |
| ३० | सदस्य | कल्पना कुमाल | काठमाडौं | ९८४१८३९७६० |
| ३१ | सदस्य | प्रतिमा कुमाल | चितवन | ९८४४४५५६२० |
| ३२ | सदस्य | खुसबहादुर कुमाल | चितवन | ९८४५५६७३३१ |
| ३३ | सदस्य | सोमबहादुर कुमाल | चितवन | ९८४१०३६४३३ |




हाल नेपाल कुमाल समाज सुधार केन्द्रीय समितिको काठमाडौंस्थित चन्द्रागिरि नगारपालिका ३ मा केन्द्रीय कार्यालय रहेको छ। चितवन, कास्की, तनहुँ, स्याङ्जा जिल्लामा भने नेपाल कुमाल समाज सुधार समितिको जिल्ला कार्यालय भवन बनेको छ। चितवनको भोजाड गाउँमा कान्जी हाउसको

रूपमा संरक्षण गर्दै आएको जग्गा विधिवत रूपमा समितिको नाममा दर्ता गरी निर्माण कार्य अघि बढाउन तत्कालीन सभासदद्वय शारदा कुमाल तथा पार्वती महतो कुमालले जोड दिएका थिए ।

कुमाल समाज नेपालका केन्द्रीय उपाध्यक्ष तथा कास्की जिल्ला पूर्व अध्यक्ष मानेन्द्र कुमालका अनुसार उनले आफ्नो कार्यकालदेखि हालसम्म कास्की जिल्लामा जिल्ला समिति भवनदेखि विभिन्न कार्यसमितिलगायत आमा समूह भवन गरी ७ वटा स्थानमा छुट्टाछुट्टै भवन तथा कुमाल सङ्ग्रहालयको निर्माण स्थानीय चन्दा र श्रमदान तथा सरकारी बजेटबाट सम्पन्न गराएका छन् ।

**तालिका ६: हालसम्म गठित जिल्ला कार्यसमिति र जिल्ला अध्यक्षहरू**

| जिल्ला कार्यसमितिहरू | अध्यक्ष नाम |
|---|---|
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, इलाम | जितबहादुर कुमाल |
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, झापा | अमर कुमाल |
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, संखुवासभा | जयराम कुमाल |
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, चितवन | ज्ञानु कुमाल |
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, धादिङ | दानबहादुर कुमाल |
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, काठमाडौं | शान्ति कुमाल |
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, नुवाकोट | सीताराम कुमाल |
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, बागलुङ | झलक कुमाल |
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, गोरखा | रुपेश कुमाल |
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, कास्की | चेतबहादुर कुमाल |
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, लमजुङ | कमलविक्रम कुमाल |
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, पर्वत | रामकृष्ण कुमाल |
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, स्याङ्जा | धनबहादुर कुमाल |
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, तनहुँ | आलोक कुमाल |
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, अर्घाखाँची | लालबहादुर कुमाल |
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, दाङ | रामलाल कुमाल |
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, गुल्मी | टेकबहादुर कुमाल |
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, कपिलवस्तु | सुकबहादुर कुमाल |
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, पूर्व नवलपरासी | मदन कुमाल |
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, पाल्पा | गणेशकुमार कुमाल |
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, रुपन्देही | जंगबहादुर कुमाल |
| कुमाल समाज नेपाल जिल्ला कार्यसमिति, सुर्खेत | |

## ९.३ कुमाल महिला समाज सुधार समिति

कुमाल महिला समाज सुधार समिति विधिवत रूपमा २०६० सालमा गठन भई काठमाडौंमा दर्ता भएको कुमाल महिलाहरूका संस्था हो । नामको आधारले यो कुमाल समाज सुधार समितिको भगिनी संगठनझैं देखिए पनि स्वतन्त्र संस्था हो । स्थापनाकालदेखि नै यसको नेतृत्व कल्पना कुमालले गरेकी छिन् । खास गरी कुमाल महिलाहरूको क्षमता अभिवृद्धि गर्ने हेतुले गठित यो संस्थाको शाखा गोरखा, कास्की, नुवाकोट, चितवन, नवलपरासी तथा तनहुँ/लमजुङ (संयुक्त) गरी ६ जिल्लामा शाखा गठन गरिएको छ । विगतको आदिवासी आन्दोलनमा केन्द्र र जिल्लास्तरमा यस संस्थाका प्रतिनिधि सहभागी हुँदै आएका छन् । कुमाल महिला समाज सुधार समितिको गतिविधि भने सुस्त गतिमा रहेको छ । २०६० साल यता २०८१ सम्म दुई दशकको अवधिमा कुनै अधिवेशन गराउन सकेको छैन । यो संस्था गुमनाम हुँदा कुमाल महिलाहरू चिन्तित छन् ।

## ९.४ कुमाल राष्ट्रिय मुक्ति मोर्चा

सात सालको क्रान्तिमा समेत केही कुमालहरू लडाकु दस्तामा सहभागी थिए । तर राजनीतिक रूपले नेतृत्व तहमा आउन सकेनन् । २०५२ सालबाट सशस्त्र विद्रोहमा उत्रिएको नेकपा एमाओवादीमा पनि धेरै कुमालहरूका सहभागिता रह्यो । यस आन्दोलनमा कुमाल समुदायबाट करिब तीन दर्जन शहीद भए ।

२०५८ भदौमा गोरखामा कुमालहरूका भेला गरी भीष्म कुमालको नेतृत्वमा पहिलो पटक नेकपा एमाओवादीको भातृसंगठनको रूपमा कुमाल राष्ट्रिय मुक्ति मोर्चा नेपाल गठन गरियो । स्याङ्जा, नुवाकोट, चितवन, लमजुङ, नवलपरासी, पाल्पा, तनहुँ, कास्की, दाङदेउखुरीलगायत जिल्लामा संगठनको विस्तार भएको छ । मोर्चाका तत्कालिन संयोजक ज्ञानेन्द्र कुमाल सोही पार्टीबाट समानुपातिक सभासदसम्म भए ।

## ९.५ लोकतान्त्रिक कुमाल संघ

नेकपा एमालेको भातृसंगठनको रूपमा लोकतान्त्रिक कुमाल संघ २०६३ साल साउनमा स्थापना भएको हो । संघका अध्यक्ष चितवनकी शारदा

कुमाल साही पार्टीबाट सभासद भइन् । अध्यक्ष शारदाका अनुसार २०६६ चैत मसान्तसम्म २५ वटा जिल्लामा लोकतान्त्रिक कुमाल संघको शाखा गठन भएको थियो ।

त्यस्तै नेकपा मालेको तर्फबाट पार्वती महतो कुमाल चितवनबाट सभासद रहिन् । चौधरीसँग विवाहित सभासद पार्वती आफूले थारू समुदायभन्दा पनि कुमाल समुदायकै प्रतिनिधित्व गर्ने बताउँथिन् ।

## ९.६ नेपाल कुमाल संघ

नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको रूपमा नेपाल कुमाल संघ २०७० सालमा स्थापना भएको हो । नेपाली कांग्रेसको लोकतान्त्रिक सिद्धान्तलाई आदर्श मान्नेहरूका प्रतिनिधित्व गर्दै देशभरका कुमालहरूलाई एकजुट गर्न नेपाल कुमाल संघको स्थापना भएको यसका संस्थापक अध्यक्ष नुवाकोटको भीमसेनबहादुर कुमालले बताए ।

नेपाल कुमाल संघको केन्द्रीय समितिभित्र नरहे पनि स्थापना कालदेखि नै संघलाई निरन्तर नेपाली कांग्रेस र कुमालहरू बिचमा सम्पर्क स्थापित गराउन राजनीतिक भूमिकामा रहेका इलामका नगेन्द्रकुमार कुमाल २०७२ को संविधानसभामा पार्टीबाट समानुपातिक सभासद मनोनित भएका थिए । संघबाट तीन जना पार्टी महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्यको रूपमा कुमालहरूलाई अवसर दिए पनि केन्द्रीय समिति र पदाधिकारीका लागि भने व्यवस्था नगरेको हुनाले त्यस विषयमा पनि पार्टीमा निरन्तर लागिरहेको उनले बताए । बागमती, लुम्बिनी र गण्डकी यी ३ प्रदेशका जिल्लामा संघको शाखा गठन भएको छ ।

## ९.७ कुमाल विद्यार्थी समाज

विद्यार्थीहरूका संगठनको रूपमा कुमाल विद्यार्थी समाज २०५७ सालमा काठमाडौंमा नगेन्द्रकुमार कुमालको अध्यक्षतामा स्थापना भएको हो । कुमाल विद्यार्थी समाज, कुमाल समाज नेपालको भातृ संस्था हो । कुमाल विद्यार्थी समाज, नेपालका कुमाल विद्यार्थीहरूका शैक्षिक, सांस्कृतिक र सामाजिक विकासका लागि प्रतिवद्ध विद्यार्थी संगठन हो । विभिन्न कार्यक्रमहरू र पहलहरूमार्फत् समाजले आफ्ना सदस्यहरूलाई सशक्त

बनाउन, उनीहरूका पहिचानको भावनालाई बलियो बनाउन, कुमाल जातिको भाषा, लिपि, शिक्षा, संस्कृति र समाजमा सकारात्मक रूपमा योगदान गर्ने लक्ष्य राख्छ भन्ने भनाइ कुमाल विद्यार्थी समाजका वर्तमान अध्यक्ष नविन मुखिया कुमालको रहेको छ ।




*तस्बिर १५ : आदिवासी दिवसमा कुमाल विद्यार्थी समाज*

साथै, यो संस्था आदिवासी जनजाति विद्यार्थी महासंघमा पनि आवद्ध छ । आदिवासी जनजाति विद्यार्थीहरूको मुद्दा, आन्दोलनदेखि विभिन्न गतिविधिमा यसको सक्रिय भूमिका रहेको कुरा आदिवासी जनजाति विद्यार्थी महासंघका सचिव शम्भु कुमालले बताए । देशका विभिन्न छ जिल्लाहरूमा कुमाल विद्यार्थी समाजको संगठन विस्तार भइसकेको छ ।

### ९.८ राजनीतिक स्वायत्तता

गोरखा जिल्लाको विभिन्न कुमाल गाउँ क्षेत्रमा कुमाल स्वायत्त राज्यको घोषणाको माग गर्दै कुमाल राष्ट्रिय मुक्ति मोर्चाले वाल पेन्टिङ गरेको अनुसन्धानको क्रममा देख्न पाइयो । माओवादी सशस्त्र युद्धका क्रममा ३४ जना कुमाल समुदायका व्यक्तिले शहादत प्राप्त गरेको तथा ३ जना कुमाल समुदायका व्यक्तिलाई हालसम्म पनि बेपत्ता पारिएको कुमाल राष्ट्रिय मुक्ति मोर्चाको मुखपत्र 'कुमाल आवाज' (२०६५) मा उल्लेख छ ।

सशस्त्र युद्धका क्रममा सेना, प्रहरीबाट कुमाल समुदायका धेरैलाई प्रताडित

गरिएको विभिन्न गाउँका कुमाल अगुवाहरूले जानकारी दिए । गोरखा जिल्लाबाट सभासद रहिसकेका कुमाल राष्ट्रिय मुक्ति मोर्चाका संयोजक ज्ञानेन्द्र कुमालका अनुसार कुमालहरूका बसोबास छरिएर रहेकोले छुट्टै स्वायत्त राज्य सम्भव छैन । त्यसैले, मोर्चाले तमुवान, मगरात लगायत जहाँ-जहाँ कुमालहरूका सघन बसोबास छ, त्यहाँको क्षेत्रमा कुमाल स्वायत्त क्षेत्र हुनुपर्ने मोर्चाको माग राखेको छ ।

कुमाल समाज सुधार समितिले पनि मोर्चाको झैं अवधारणा अघि सारेको छ, जसमा प्रेमबहादुर कुमालको संयोजकत्वमा बनेको ७ सदस्य कार्यदलले पेश गरेको प्रतिवेदनका आधारमा देशका ३ वटा प्रदेश बागमती, लुम्बिनी र गण्डकी प्रदेशका ९ जिल्ला चितवन, नुवाकोट, धादिङ, गोरखा, नवलपुर, तनहुँ, दाङ, गुल्मी, पाल्पा र अर्घाखाँची जिल्लाका विभिन्न १७ वडा तथा गाउँलाई जनसङ्ख्याका आधारमा सम्भावित विशेष संरक्षित तथा स्वायत्त क्षेत्रको रूपमा निर्माण गर्न सकिने निश्कर्ष रहेको छ ।




*तस्बिर १६: गोरखाको एक गाउँमा कुमाल स्वायत्त क्षेत्रबारे भित्ते नारा*

विगतमा सरकारले कुमालहरूलाई मधेशी सूचीमा गणना गरेकोमा मधेशी होइनौं भन्दै थरुहट आन्दोलनमा सरिक हुँदै कुमाल समाज सुधार समितिले संस्थागत रूपमा विरोध जनाएको थियो ।

## ९.९ कुमाल जनप्रतिनिधि

संविधानसभामा कुमाल समुदायबाट सभासद भए पनि अहिले प्रदेश सांसद त टाढाको कुरा गाउँ, नगरपालिककाको अध्यक्षसम्म कुनै कुमालले स्थान पाएनन् । अहिले स्थानीय निकायमा वडाध्यक्ष समेत अपवादका रूपमा मात्र छन् । नभए निर्णयमा कुनै प्रभाव पार्न नसक्ने वडा सदस्यमा मात्र सीमित रहेको देखिन्छ । शारदा कुमाल, ज्ञानेन्द्र कुमाल, नगेन्द्र कुमाल संविधानसभामा समानुपातिक सभासदसम्म भए । यहाँ २०७४ सालको स्थानीय चुनावमा प्रतिनिधित्व गरेका कुमाल जनप्रतिनिधिहरूका नामावली दिइएको छः

**तालिका ७ : २०७४ सालको स्थानीय तहमा कुमाल समुदायका जनप्रतिनिधिहरूका नामावली**

| सं. | नाम | क्षेत्र | पद | कैफियत |
|---|---|---|---|---|
| १ | विनिता कुमाल | गोरखा नपा, गोरखा | वडा सदस्य | |
| २ | रामजी कुमाल | गोरखा नपा, गोरखा | वडा सदस्य | |
| ३ | गोरे कुमाल | गोरखा नपा, गोरखा | वडा सदस्य | |
| ४ | जानुका कुमाल | पालुङटार नपा, गोरखा | वडा सदस्य | |
| ५ | देवीलाल कुमाल | पालुङटार नपा, गोरखा | वडा सदस्य | |
| ६ | भगवती कुमाल | पालुङटार नपा, गोरखा | वडा सदस्य | |
| ७ | शान्ति कुमाल | सिरानचोक गापा, गोरखा | वडा सदस्य | |
| ८ | जीवन कुमाल | भीमसेन थापा गापा, गोरखा | वडा सदस्य | |
| ९ | नन्दबहादुर कुमाल | राईनास नपा, लमजुङ | वडाध्यक्ष | |
| १० | सूर्य कुमाल | राईनास नपा, लमजुङ | वडा सदस्य | |
| ११ | ऋषि कुमाल | राईनास नपा, लमजुङ | वडा सदस्य | मनोनित |
| १२ | राजु कुमाल | चापाकोट नपा,स्याङ्जा | वडा सदस्य | |
| १३ | सिद्धिमान कुमाल | पुतलीबजार नपा,स्याङ्जा | वडा सदस्य | मनोनित |
| १४ | धनबहादुर कुमाल | वालिङ नपा, स्याङ्जा | वडा सदस्य | मनोनित |
| १५ | राममाया कुमाल | भानु नपा, तनहुँ | वडा सदस्य | |
| १६ | टंकबहादुर कुमाल | भानु नपा, तनहुँ | वडा सदस्य | |
| १७ | सम्झना कुमाल | भानु नपा, तनहुँ | वडा सदस्य | मनोनित |
| १८ | खिम कुमाल | शुक्लागण्डकी नपा, तनहुँ | वडा सदस्य | मनोनित |

| | | | | |
|---|---|---|---|---|
| १९ | गंगाराम कुमाल | घिरिङ गापा, तनहुँ | वडाध्यक्ष | |
| २० | होममाया कुमाल | घिरिङ गापा, तनहुँ | वडा सदस्य | |
| २१ | झकबहादुर कुमाल | घिरिङ गापा, तनहुँ | वडाध्यक्ष | |
| २२ | विष्णु कुमाल | म्याग्दे गापा, तनहुँ | वडा सदस्य | मनोनित |
| २३ | गंगा कुमाल | कावासोती नपा, नवलपरासी पूर्व | वडा सदस्य | |
| २४ | भीमबहादुर कुमाल | गैंडाकोट नपा, नवलपरासी पूर्व | वडा सदस्य | मनोनित |
| २५ | लीला कुमाल | गैंडाकोट नपा, नवलपरासी पूर्व | वडा सदस्य | |
| २६ | शिवलाल कुमाल | गैंडाकोट नपा, नवलपरासी पूर्व | वडा सदस्य | |
| २७ | मदन कुमाल | मध्यविन्दु नपा, नवलपरासी पूर्व | वडा सदस्य | मनोनित |
| २८ | गीताकुमारी कुमाल | मध्यविन्दु नपा, नवलपरासी पूर्व | वडा सदस्य | |
| २९ | मीना कुमारी कुमाल | मध्यविन्दु नपा, नवलपरासी पूर्व | वडा सदस्य | |
| ३० | तिलकबहादुर कुमाल | मध्यविन्दु नपा, नवलपरासी पूर्व | वडा सदस्य | |
| ३१ | लालबहादुर कुमाल | मध्यविन्दु नपा, नवलपरासी पूर्व | वडा सदस्य | |
| ३२ | सुरेन्द्रबहादुर कुमाल | मध्यविन्दु नपा, नवलपरासी पूर्व | वडा सदस्य | |
| ३३ | दानकुमारी कुमाल | मध्यविन्दु नपा, नवलपरासी पूर्व | वडा सदस्य | |
| ३४ | मिलनकुमार कुमाल | मध्यविन्दु नपा, नवलपरासी पूर्व | वडा सदस्य | |
| ३५ | बुद्धिबहादुर कुमाल | बुलिङटार गापा, नवलपरासी पूर्व | वडा सदस्य | |
| ३६ | कुलबहादुर कुमाल | बुलिङटार गापा, नवलपरासी पूर्व | वडा सदस्य | मनोनित |
| ३७ | मोतीलाल कुमाल | हुप्सेकोट गापा, नवलपरासी पूर्व | वडा सदस्य | मनोनित |
| ३८ | आशबहादुर कुमाल | भरतपुर नपा, चितवन | वडाध्यक्ष | २८ वडा |
| ३९ | भीमबहादुर कुमाल | भरतपुर नपा, चितवन | वडा सदस्य | |
| ४० | ज्ञानबहादुर कुमाल | भरतपुर नपा, चितवन | वडा सदस्य | |
| ४१ | रामलाल कुमाल | कालिका नपा, चितवन | वडा सदस्य | |
| ४२ | शान्ति शर्मा कुमाल | कुश्मा नपा, पर्वत | वडा सदस्य | |
| ४३ | राजकुमार कुमाल | विदुर नपा, नुवाकोट | वडा सदस्य | |
| ४४ | मनबहादुर कुमाल | विदुर नपा, नुवाकोट | वडा सदस्य | |
| ४५ | शिवबहादुर कुमाल | विदुर नपा, नुवाकोट | वडा सदस्य | |
| ४६ | गोविन्द कुमाल | विदुर नपा, नुवाकोट | वडा सदस्य | |
| ४७ | सीताराम कुमाल | नीलकण्ठ नपा, धादिङ | वडा सदस्य | |
| ४८ | हीरा कुमाल | नीलकण्ठ नपा, धादिङ | वडा सदस्य | |
| ४९ | दशरथ कुमाल | सुनवल नपा, नवलपरासी पश्चिम | वडा सदस्य | मनोनित |
| ५० | फणेन्द्र कुमाल | सुनवल नपा, नवलपरासी पश्चिम | वडा सदस्य | मनोनित |
| ५१ | बन्दुप्रसाद कुमाल | देवदह नपा, रुपन्देही | वडा सदस्य | मनोनित |

| | | | | |
|---|---|---|---|---|
| ५२ | अनिता कुमाल | देवदह नपा, रुपन्देही | वडा सदस्य | |
| ५३ | त्रिभुवन कुमाल | सैनामैना नपा, रुपन्देही | वडा सदस्य | मनोनित |
| ५४ | हिमबहादुर कुमाल | सन्धिखर्क नपा, अर्घाखाँची | वडा सदस्य | |
| ५५ | सुमित्रा मुखिया कुमाल | सन्धिखर्क नपा, अर्घाखाँची | वडा सदस्य | |
| ५६ | बसबहादुर कुमाल | छत्रदेव गापा, अर्घाखाँची | वडा सदस्य | मनोनित |
| ५७ | राधा मुखिया कुमाल | छत्रदेव गापा, अर्घाखाँची | वडा सदस्य | मनोनित |
| ५८ | पहलबहादुर कुमाल राना | मुसिकोट नपा, गुल्मी | वडा सदस्य | |
| ५९ | विष्णुबहादुर कुमाल | मुसिकोट नपा, गुल्मी | वडा सदस्य | |
| ६० | बोमबहादुर कुमाल | इस्मा गापा, गुल्मी | वडा सदस्य | मनोनित |
| ६१ | लोकमाया कुमाल | रामपुर नपा, पाल्पा | वडा सदस्य | |
| ६२ | सविता कुमाल | रामपुर नपा, पाल्पा | वडा सदस्य | मनोनित |
| ६३ | भीमबहादुर कुमाल | तानसेन नपा, पाल्पा | वडा सदस्य | मनोनित |
| ६४ | मनुमाया कुमाल | माथागढी गापा, पाल्पा | वडा सदस्य | मनोनित |
| ६५ | हुमा कुमाल | रिब्दीकोट गापा, पाल्पा | वडा सदस्य | |
| ६६ | दिलीप कुमाल (केएम) | प्यूठान नपा, प्यूठान | वडा सदस्य | मनोनित |
| ६७ | दीपक कुमाल | तुलसीपुर नपा, दाङ | वडा सदस्य | मनोनित |
| ६८ | रमेश कुमाल | लमही नपा, दाङ | वडा सदस्य | मनोनित |
| ६९ | शुभबहादुर कुमाल | गढवा गापा, दाङ | वडा सदस्य | मनोनित |
| ७० | हेमन्ती कुमारी कुमाल | गढवा गापा, दाङ | वडा सदस्य | |
| ७१ | टेकबहादुर कुमाल | राप्ती गापा, दाङ | वडा सदस्य | मनोनित |
| ७२ | देवराज कुमाल | राप्ती सोनारी गापा, बाँके | वडा सदस्य | मनोनित |
| ७३ | टीकाराम कुमाल | खाँदबारी नपा, संखुवासभा | वडाध्यक्ष | वडा ९ |

*क.सं. ५६ सम्मको गण्डकी प्रदेश र लुम्बिनी प्रदेशको स्रोतः स्थानीय तह र जनप्रतिनिधि २०७४ (भक्तपुरः मदरल्याण्ड पब्लिकेशन प्रालि, २०७५)। अन्य स्रोतः तिलकबहादुर कुमाल।*

यो तालिका हेर्दा कुमाल समुदायका एक तिहाइ जनप्रतिनिधि मनोनित देखिन्छन्। यदि मनोनित नगरिएको भए यो सङ्ख्या अझ न्यून हुने थियो। २०७९ सालको स्थानीय तहको चुनावमा पनि कुमाल जनप्रतिनिधिको अवस्था २०७४ को झैं रहेको देखिन्छ।

## तालिका ८: २०७९ सालको स्थानीय तहमा निर्वाचित कुमाल समुदायका जनप्रतिनिधिहरूका नामावली:

| सं. | पद | नाम थर | ठेगाना | दल |
|---|---|---|---|---|
| १ | वडाध्यक्ष | मदनबहादुर कुमाल | मध्यविन्दु नगरपालिका-९, नवलपरासी | नेपाली कांग्रेस |
| २ | वडाध्यक्ष | कान्तप्रसाद कुमाल | मध्यविन्दु नगरपालिका-१२, नवलपरासी | नेकपा एमाले |
| ३ | वडाध्यक्ष | भीमबहादुर कुमाल | घिरिङ गाउँपालिका-४, तनहुँ | नेकपा एमाले |
| ४ | वडाध्यक्ष | अर्जुनबहादुर कुमाल | पालुङटार नगरपालिका-७, गोरखा | नेकपा माओवादी केन्द्र |
| ५ | वडा सदस्य | किमबहादुर कुमाल | छत्रकोट गाउापालिका-५, गुल्मी | नेपाली कांग्रेस |
| ६ | वडा सदस्य | तुलबहादुर कुमाल | मुसिकोट गाउापालिका-४, गुल्मी | नेकपा एमाले |
| ७ | वडा सदस्य | टेकबहादुर राना कुमाल | मुसिकोट गाउापालिका-७ गुल्मी | नेकपा एमाले |
| ८ | वडा सदस्य | मनकुमारी कुमाल | बगनासकाली गाउापालिका-२, पाल्पा | नेकपा एमाले |
| ९ | वडा सदस्य | मंगली कुमाल | मथागढी गाउापालिका-२, पाल्पा | नेकपा एमाले |
| १० | वडा सदस्य | प्रेमबहादुर कुमाल | मथागढी गाउापालिका-३, पाल्पा | नेकपा एमाले |
| ११ | वडा सदस्य | खेमबहादुर कुमाल | रामपुर नगरपालिका-२, पाल्पा | नेपाली कांग्रेस |
| १२ | वडा सदस्य | प्रकाशबहादुर कुमाल | रामपुर नगरपालिका-६, पाल्पा | नेपाली कांग्रेस |
| १३ | वडा सदस्य | खुमबहादुर कुमाल | रिब्दिकोट गाउापालिका-१, पाल्पा | नेपाली कांग्रेस |
| १४ | वडा सदस्य | बन्नता कुमारी कुमाल | सन्धिखर्क नगरपालिका-५, अर्घाखााची | नेपाली कांग्रेस |
| १५ | वडा सदस्य | श्रीधर मुखिया | सन्धिखर्क नगरपालिका-१, अर्घाखााची | नेकपा एमाले |
| १६ | वडा सदस्य | अर्धबहादुर कुमाल | गौडहवा गाउापालिका-७, रुपन्देही | नेकपा एमाले |
| १७ | वडा सदस्य | विष्णुमाया कुमाल | सिद्धार्थनगर नगरपालिका-१३, रुपन्देही | नेपाली कांग्रेस |
| १८ | वडा सदस्य | रचना कुमाल | घोराही उपमहानगरपालिका-१४, दाङ | नेकपा एमाले |
| १९ | वडा सदस्य | हेमन्तीकुमारी कुमाल | गढवा गाउापालिका-१, दाङ | नेकपा एमाले |
| २० | वडा सदस्य | देवी कुमाल | गोरखा नगरपालिका-१२, गोरखा | नेपाली कांग्रेस |
| २१ | वडा सदस्य | ईश्वरबहादुर कुमाल | गोरखा नगरपालिका-१२, गोरखा | नेपाली कांग्रेस |
| २२ | वडा सदस्य | दिलमाया कुमाल | पालुङटार नगरपालिका-४, गोरखा | नेकपा माओवादी केन्द्र |

| | | | | |
|---|---|---|---|---|
| २३ | वडा सदस्य | प्रेमबहादुर कुमाल | पालुङटार नगरपालिका-७, गोरखा | नेकपा माओवादी केन्द्र |
| २४ | वडा सदस्य | कृष्णबहादुर कुमाल | पालुङटार नगरपालिका-८, गोरखा | जसपा नेपाल |
| २५ | वडा सदस्य | जीवन कुमाल | भिमसेनथापा गाउापालिका-७, गोरखा | नेकपा माओवादी केन्द्र |
| २६ | वडा सदस्य | शान्ति कुमाल | सिरानचोक गाउापालिका-४, गोरखा | नेपाली कांग्रेस |
| २७ | वडा सदस्य | लीला कुमाल | राइनस नगरपालिका-५, लमजुङ | नेकपा माओवादी केन्द्र |
| २८ | वडा सदस्य | नारायणबहादुर कुमाल | सुन्दरबजार नगरपालिका-२, लमजुङ | नेकपा एमाले |
| २९ | वडा सदस्य | मुरली कुमाल | सुन्दरबजार नगरपालिका-७, लमजुङ | नेपाली कांग्रेस |
| ३० | वडा सदस्य | जगतबहादुर कुमाल | घिरिङ गाउापालिका-१, तनहु | नेपाली कांग्रेस |
| ३१ | वडा सदस्य | रीमा कुमाल | घिरिङ गाउापालिका-४, तनहु | नेकपा एमाले |
| ३२ | वडा सदस्य | शिवजी कुमाल | भानु नगरपालिका-८, तनहु | नेकपा एमाले |
| ३३ | वडा सदस्य | उमा कुमाल | भिमाद नगरपालिका-३, तनहु | नेकपा एमाले |
| ३४ | वडा सदस्य | धनबहादुर कुमाल | गैडाकोट नगरपालिका-७, नवलपरासी | नेपाली कांग्रेस |
| ३५ | वडा सदस्य | दिनेश कुमाल | गैडाकोट नगरपालिका-९, नवलपर ासी | नेपाली कांग्रेस |
| ३६ | वडा सदस्य | वीरबहादुर कुमाल | मध्यविन्दु नगरपालिका-५, नवलपरासी | नेकपा एमाले |
| ३७ | वडा सदस्य | हीराकुमारी कुमाल | मध्यविन्दु नगरपालिका-६, नवलपरासी | नेकपा एमाले |
| ३८ | वडा सदस्य | मीनाकुमारी कुमाल | मध्यविन्दु नगरपालिका-८, नवलपर ासी | नेपाली कांग्रेस |
| ३९ | वडा सदस्य | देवेन्द्रबहादुर कुमाल | मध्यविन्दु नगरपालिका-१०, नवलपरासी | नेकपा एमाले |
| ४० | वडा सदस्य | सुरेन्द्रबहादुर कुमाल | मध्यविन्दु नगरपालिका-१२, नवलपरासी | नेपाली कांग्रेस |
| ४१ | वडा सदस्य | अर्चना कुमाल | मध्यविन्दु नगरपालिका-१५, नवलपरासी | नेकपा एमाले |
| ४२ | वडा सदस्य | सोवितामाया कुमाल | त्रिपुरासुन्दरी गाउापालिका-१, धादिङ | नेपाली कांग्रेस |
| ४३ | वडा सदस्य | पाव{ती कुमाल | त्रिपुरासुन्दरी गाउापालिका-२, धादिङ | नेपाली कांग्रेस |
| ४४ | वडा सदस्य | डिलनारायण कुमाल | त्रिपुरासुन्दरी गाउापालिका-२, धादिङ | नेपाली कांग्रेस |
| ४५ | वडा सदस्य | बलाराम कुमाल | बलकोटगडी नगरपालिका-३, नुवाकोट | नेकपा माओवादी केन्द्र |
| ४६ | वडा सदस्य | सुनिता कुमाल | विदुर नगरपालिका-४, नुवाकोट | नेकपा एमाले |

| | | | | |
|---|---|---|---|---|
| ४७ | वडा सदस्य | होमबहादुर कुमाल | विदुर नगरपालिका-५, नुवाकोट | नेपाली कांग्रेस |
| ४८ | वडा सदस्य | रुपक कुमाल | विदुर नगरपालिका-६, नुवाकोट | नेकपा एमाले |
| ४९ | वडा सदस्य | सागर कुमाल | भरतपुर महानगरपालिका-११, चितवन | नेकपा एमाले |
| ५० | वडा सदस्य | शेरबहादुर कुमाल | भरतपुर महानगरपालिका-२८, चितवन | नेपाली कांग्रेस |
| ५१ | वडा सदस्य | पूर्णबहादुर कुमाल | भरतपुर महानगरपालिका-२८, चितवन | नेपाली कांग्रेस |
| ५२ | वडा सदस्य | नरबहादुर कुमाल | बुद्धशान्ति गाउपालिका-५, झापा | नेकपा एमाले |
| ५३ | वडा सदस्य | टीकाराम कुमाल | खाादबारी नगरपालिका-९, संखुवासभा | नेकपा एमाले |
| ५४ | वडा सदस्य | नविन कुमाल | खप्तड गाउापालिका, मुगु | स्वतन्त्र |
| ५५ | वडा सदस्य | माङ\गली कुमाल | बूढीगंगा नगरपालिका-८, बाजुरा | नेपाली कांग्रेस |
| ५६ | वडा सदस्य | सूर्यप्रसाद कुमाल | चौरपाटी गाउापालिका-४, अछाम | नेपाली कांग्रेस |
| ५७ | वडा सदस्य | खेमराज मुखिया | सन्धिखर्क नगरपालिका-२, अर्घाखााची | नेकपा एमाले |
| ५८ | कार्यपालिका सदस्य | विमला कुमाल | राइनस नगरपालिका, लमजुङ | नेपाली कांग्रेस |
| ५९ | कार्यपालिका सदस्य | रीमा कुमाल | घिरिङ गाउापालिका, तनहु | नेकपा एमाले |
| ६० | कार्यपालिका सदस्य | सीता कुमाल | म्याग्दे गाउापालिका, तनहु | नेपाली कांग्रेस |
| ६१ | कार्यपालिका सदस्य | खिमबहादुर कुमाल | शुक्लगण्डकी नगरपालिका, तनहुँ | नेकपा एमाले |
| ६२ | कार्यपालिका सदस्य | भोजबहादुर कुमाल | पुतलीबजार नगरपालिका, स्याङ\जा | नेपाली कांग्रेस |
| ६३ | कार्यपालिका सदस्य | लोकबहादुर कुमाल | वालिङ नगरपालिका, स्याङ\जा | नेपाली कांग्रेस |
| ६४ | कार्यपालिका सदस्य | राजकुमार कुमाल | गैडाकोट नगरपालिका, नवलपरासी | नेकपा माओवादी केन्द्र |
| ६५ | कार्यपालिका सदस्य | दुर्गाबहादुर कुमाल | बुलिङटार गाउापालिका, नवलपरासी | नेपाली कांग्रेस |
| ६६ | कार्यपालिका सदस्य | केशरबहादुर कुमाल | बुलिङटार गाउापालिका, नवलपरासी | नेपाली कांग्रेस |
| ६७ | कार्यपालिका सदस्य | मोतिलाल कुमाल | हिप्सेकोट गाउापालिका, नवलपरासी | नेपाली कांग्रेस |
| ६८ | कार्यपालिका सदस्य | दीपक कुमाल | विदुर नगरपालिका, नुवाकोट | नेकपा एमाले |
| ६९ | कार्यपालिका सदस्य | मनिराम कुमाल | कैलारी गाउापालिका, कैलाली | नेपाली कांग्रेस |
| ७० | कार्यपालिका सदस्य | नरबहादुर कुमाल | जानकी गाउापालिका, कैलाली | नागरिक उन्मुक्ति |
| ७१ | कार्यपालिका सदस्य | राजकुमारी देवी कुमाल | जोशीपुर गाउापालिका, कैलाली | नागरिक उन्मुक्ति |
| ७२ | वडा सदस्य | प्रेमबहादुर कुमाल | धुर्कोट गाउापालिका, गुल्मी | नेकपा एमाले |

| | | | | |
|---|---|---|---|---|
| ७३ | कार्यपालिका सदस्य | विष्णुबहादुर कुमाल | मुसिकोट नगरपालिका, गुल्मी | नेकपा एमाले |
| ७४ | कार्यपालिका सदस्य | सृजना कुमाल | सत्यवती गाउँपालिका, गुल्मी | नेकपा एमाले |
| ७५ | कार्यपालिका सदस्य | मंगली कुमाल | मथागढी गाउँपालिका, पाल्पा | नेकपा एमाले |
| ७६ | कार्यपालिका सदस्य | भविश्वर कुमाल | रामपुर नगरपालिका, पाल्पा | नेपाली कांग्रेस |
| ७७ | कार्यपालिका सदस्य | गोपाल कुमाल | रामपुर नगरपालिका, पाल्पा | नेपाली कांग्रेस |
| ७८ | कार्यपालिका सदस्य | लक्ष्मी कुमाल | रौनादेवी गाउँपालिका, पाल्पा | नेकपा माओवादी केन्द्र |
| ७९ | कार्यपालिका सदस्य | मायादेवी कुमाल | सुनवल नगरपालिका नवलपरासी | नेकपा एमाले |

श्रोतः https://election.gov.np/np नविन मुखिया कुमाल, (नोटः कुमाल उल्लेख भएका जनप्रतिनिधिहरूका नाम मात्र लिइएकाले अरु थर लेख्ने जनप्रतिनिधि छुटेको हुन सक्छ ।)

ठूला दल नेपाली कांग्रेस तथा नेकपा एमालेबाटै कुमाल जनप्रतिनिधिहरू बढी चुनिएका २०७९ सालको स्थानीय तह निर्वाचनले देखाउँछ ।

**तालिका ९: २०७९ सालको स्थानीय तह निर्वाचनमा कुन दलबाट कति कुमाल जनप्रतिनिधि ?**

| पार्टी | वडा अध्यक्ष | कार्यपालिका/ वडा/सदस्य | मेयर/ उपमेयर | पालिका अध्यक्ष/ उपाध्यक्ष | जम्मा |
|---|---|---|---|---|---|
| नेपाली कांग्रेस | १ | ३४ | ० | ० | ३५ |
| नेकपा एमाले | २ | ३१ | ० | ० | ३३ |
| नेकपा माओवादी केन्द्र | १ | ७ | ० | ० | ८ |
| नागरिक उन्मुक्ति पार्टी | ० | २ | ० | ० | २ |
| जसपा नेपाल | ० | १ | ० | ० | १ |
| स्वतन्त्र | ० | १ | ० | ० | १ |

श्रोतः *https://election.gov.np/np* नविन मुखिया कुमाल

'नेपालको संविधान २०७२' अनुसार नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक देश हो । नेपालको संविधान घोषणा भएको करिब एक दशकभन्दा लामो समय बितिसकेको छ । यस बीचमा देशमा दुई पटकसम्म स्थानीय,

प्रदेश तथा संघीय निर्वाचन सम्पन भइसकेका छन् । यो परिवर्तनको आन्दोलनमा नेपालका सम्पूर्ण जाति, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, खस आर्य साथै सम्पूर्ण नेपालीहरूको ऐतिहासिक सहभागिता र वलिदानी रहेको छ ।

आन्दोलनबाट प्राप्त संघीयता र समावेशिताको प्रत्याभूति सबै जातजातिहरूका पक्षमा हुनुपर्दछ। सबै जाति समुदायले संविधानमा उल्लेखित अधिकारको प्रत्याभूत गर्न पाउनुपर्छ भन्ने कुरा नेपालको संविधान २०७२ को मान्यता रहिआएको छ । विडम्बना विगतमा सम्पन्न दुवै निर्वाचनमा कुमाल जातिबाट प्रतिनिधिसभा, राष्ट्रियसभा, प्रदेशसभालगायत स्थानीय सरकारको प्रमुख/उप प्रमुखमा कुनै पनि राजनीतिक दलबाट एक जना पनि कुमाल समुदायको प्रतिनिधित्व हुन नसक्नु समस्त कुमाल समुदायको लागि अत्यन्तै दुःखद कुरा हो ।

जनसङ्ख्याको हिसाबले देशको कुल जनसङ्ख्याको ०.४४ प्रतिशत रहेको कुमाल जातिको शुन्य प्रतिनिधित्वले कुमाल लगायतका सीमान्तकृत आदिवासी जनजातिहरूलाई हाल व्यवस्था गरिएको समावेशी समानुपातिक अधिकारको क्षेत्राधिकारले समेट्न नसकेको हुनाले यसलाई समाधान गर्न कानूनी रूपमै संशोधन गरिनुपर्ने देखिन्छ ।

## १०. मातृभाषा तथा भाषिक अवस्था

२०७८ को जनगणनाअनुसार १८ हजार ४ सय ३५ जना कुमाल समुदायले कुमाल भाषालाई मातृभाषाको रूपमा बोल्छन्। यो जनसङ्ख्याको अनुपातमा ०.१ प्रतिशत मात्र हो । २०६८ सालको जनगणनाअनुसार कुमाल भाषा बोल्नेहरूका सङ्ख्या जम्मा १२ हजार २ सय २२ थियो भने २०५८ सालको जनगणनाअनुसार कुमाल भाषाको वक्ता सङ्ख्या जम्मा ६ हजार ५ सय ३३ मात्र थियो । यसले उनीहरूका भाषा अत्यन्त लोपोन्मुख स्थितिमा रहेको देखाउँछ। कुमालभाषी जनसङ्ख्या विभिन्न प्रदेशमा निम्नअनुसार छः

**तालिकाः १० प्रदेशअनुसार कुमालभाषी जनसङ्ख्याको स्थिति**

| क्र.सं. | प्रदेश | कुल जनसङ्ख्या | पुरुष जनसङ्ख्या | महिला जनसङ्ख्या |
|---|---|---|---|---|
| १ | कोशी | १,०८४ | ५३६ | ५४८ |
| २ | मधेश | ४९ | २३ | २६ |
| ३ | बागमती | ५,२०४ | २,५०२ | २,७०२ |
| ४ | गण्डकी | ६,०२७ | २,८६८ | ३,१५९ |
| ५ | लुम्बिनी | ५,७८६ | २,७८३ | ३,००३ |
| ६ | कर्णाली | १६ | ११ | ५ |
| ७ | सुदूरपश्चिम | २६९ | १४६ | १२३ |
| | कुल जनसङ्ख्या | १८,४३५ | ८,८६९ | ९,५६६ |

*Table 5 Source: By Navin Mukhiya Kumal, https://censusnepal.cbs.gov.np/*

जिल्लाअनुसार कुमालहरूका बोली भाषामा फरक छ । बसाइँअनुसार गोरखा, पाल्पा, अर्घाखाँची, गुल्मीलगायत पहाडी क्षेत्रमा बस्नेहरूले नेपाली भाषा बढी प्रयोग गर्छन् भने दाङ, चितवन, नवलपरासी, लगायत तराई तथा भित्री तराईमा बस्नेहरूको बोलीमा थारू भाषाको लवज पाइन्छ । त्यस्तै, पर्सा लगायतका कुमालमा भोजपुरी भाषाको प्रभाव भेटिन्छ । दाङ पर्सेनी क्षेत्रका पहाडे कुमाल र त्यहीँका थारूको बोलीमा खासै भिन्नता पाइदैन ।

माटाको भाँडा बनाउने पेशामा संग्लग्न प्रजापतिहरू नेवारमा, थारू तथा तराई मधेशी मूलका कुम्हारहरू मधेशी मूलमा समाहित भएकोले वास्तविक कुमाल जातिको आफ्नै फरक पहिचान छ र अन्य जात जातिको पेशागत समानताका आधारमा मात्र एउटै जातिको रूपमा सबैलाई कुमाल जातिमा परिभाषित गर्न नमिल्ने बलियो धारणा कुमाल समाज नेपालका महासचिव गणेश कुमाल राख्छन् ।[११] पेशामात्र मिल्दैमा एउटै जातिमा समाहित गर्नु वैज्ञानिक पनि हुँदैन । किनभने पहिचान पेशाले मात्रै नभई उनीहरूका जन्मदेखि मृत्यु संस्कार, भाषा, धर्म, पूजाआजा, खानपान, शारीरिक बनोट, विवाह संस्कार, पारिवारिक चालचलनदेखि सामाजिक मूल्य र मान्यतामा

११ कुराकानीमा आधारित ।

बढी मेल खानुपर्दछ । तराईमा बसोबास गर्ने केही समुदायले पेशागत समानताका आधारमा आफूलाई कुमाल हुँ भन्ने कुराले यी सबै मान्यतासँग केही मेल खाँदैन । तसर्थ, यो कुरा गर्नु एउटा जातिभित्र अर्को जातिले अधिकार प्राप्तिको दाउमा सिङ्गो समाजको मूल्य र मान्यतामा छारो हाल्न खोजेको जस्तो देखिन्छ ।

यस प्रोफाइलका लागि अध्ययनरत क्षेत्र गोरखा, पाल्पा, नवलपरासी, तनहुँ लगायतका कुमालहरूले आफ्नो मौलिक भाषा कुमाल नै रहेको बताए । नवलपरासीको मध्यविन्दु नपा- ६, टाँडीका कविराम कुमाल (७३) ले घरमा बूढाबूढीले कुमाल भाषा बोले पनि छोरा, नातिहरूले खस कुरा नै गर्ने गरेको बताए ।

डोरबहादुर विष्टले बराम र कुमालेहरूका भाषा प्रष्ट रूपमा तिब्बत बर्मेली समूहको हो भनी छुट्टयाउन सकिन्छ भन्ने उल्लेख गरेका छन् (विष्ट २००५: ४९) । पौड्यालले भने भाषिक संरचना शैलीलाई दृष्टिगत गर्दा यो भाषा भारोपेली परिवारभित्रै पर्दछ भनेका छन् (पौड्याल २०४३:३२) । कुमालहरूका भाषा अध्ययनमा लागेका अनुसन्धानकर्ता देवेन्द्र कुमालले कुमालहरूका धेरै शब्द थारू समुदायसँग मिल्ने गरेको बताए । कुमाल भाषाको अध्ययन पुस्तकमा हीरामणि शर्मा पौड्यालले पनि कुमालको भाषा थारूसँग धेरै मिल्ने तुलनात्मक अध्ययन गरेका छन् । थारू र कुमाल भाषाका कतिपय शब्द र कालवाची प्रत्ययहरूका शैलीमा पनि आंशिक सामान्जस्यता देखा पर्छ ।

हीरामणि शर्मा पौड्यालले थारू र कुमालबिच शब्द मात्र नमिल्ने भई वाक्य विन्याससमेत मिल्ने भनेर उदाहरण दिएका छन् । कुमालहरूका बसोबास पहाडका बोटे र दरै/दराई जातिहरूसँग पनि सघन छ । त्यसैले यी दुई जातिसँग पनि कतिपय शब्द र वाक्य विन्यासहरूबिच सामान्जस्य देखिन्छ । तुलनात्मक रूपमा अध्ययन गर्दा कुमाल, थारू, बोटे र दरैबिचको धेरै शब्दमा पनि सामान्जस्यता पाउन सकिन्छ । त्यसबाहेक पौड्यालले कुमाल र भोजपुरी, कुमाल र अवधी तथा कुमाल र स्थानीय नेपाली भाषिकाको तुलनात्मक अध्ययन पनि गरेका छन् । यसले ठाउँ विशेषअनुसार धेरै भाषाको आगन्तुक शब्दले कुमाल भाषामा प्रभाव पारेको देखिन्छ ।

त्यसो त पौड्यालले पाल्पाको घोरबन्दा तथा माडी क्षेत्र र नवलपर ासीको हर्दिया बरुवामा बोलिने यी तीन क्षेत्रको भौगोलिक भेदको पनि तुलनात्मक अध्ययन गरेका छन् । यसले कुमालहरूका भाषा समृद्ध रहेको देखाउँछ । २०३८ सालमा गरिएको यस अध्ययनले वर्तमान परिस्थितिमा भने कुमालहरूका भाषिक समृद्धिपन भने हराउँदै गएको देखाउँछ। किनकि पाल्पाको घोरबन्दा क्षेत्रमा जाँदा केही वृद्धवृद्धालाई मात्र यो भाषा अपवादको रूपमा बोल्न आउने स्थितिले यो तथ्य प्रस्ट्याउँछ । कल्पना कुमालका अनुसार आफ्नो भाषा नेपालीसँग बढी मिल्ने भएको तथा नेपाली भाषा नै बिगारेर बोल्ने जस्तो देखिएकोले धेरैले कुमाल भाषा नबोली नेपाली बोल्न रुचाएको पाइन्छ ।

## १०.१ मातृभाषामा पुस्तक, पत्रिका

कुमाल जातिको हक अधिकारलाई सुनिश्चित र सचेतना गराउने गरी कुमाल भाषामा कुनै पनि पत्रपत्रिकाहरूको प्रकाशन भएको पाइएको छैन । सूर्यबहादुर कुमालले प्राथमिकस्तरको पाठ्यक्रम/पाठ्यपुस्तक तयारीको लागि कुमाल भाषा अध्ययन प्रतिवेदन २०५५/२०५६ तयार पारेका छन्। पाल्पा, गुल्मी, अर्घाखाँची, तनहुँ र गोरखामा स्थलगत अध्ययन तथा सङ्कलन गरी सामग्री निर्माण गरिएको प्रतिवेदन भनिए पनि यसमा कुनै सुझाव प्रतिवेदन छैन । अपितु अनौपचारिक कक्षाका लागि नेपालीमा तयार गरिएको नयाँ गोरेटोजस्तो विभिन्न पुस्तकको पाठको उल्था यसमा समावेश छ। जम्मा ३० पाठ समेटिएको यसको सामग्रीमा कुमाल संस्कृतिको कुनै मौलिकता भेटिँदैन । यस्तै कृष्णबहादुर कुमालको मातृभाषामा 'कुमाल जाति जानपहिचान' कृति प्रकाशोन्मुख रहेको छ । यो पुस्तक भने कुमाल रीतिसंस्कृति बुझ्न धेरै हदसम्म सहयोगी हुने देखिन्छ ।

प्रकाशनको सवालमा कुमाल भाषाबाट नभई नेपाली भाषाबाट भने केही प्रयासहरूका सुरुवात भएको पाइन्छ । यसै क्रममा कुमाल विद्यार्थीले २०६२ सालमा पहिलो पटक 'अभियान' वार्षिक पत्रिकाको प्रकाशन गरेको थियो । सो पत्रिकालाई वार्षिक रूपमा प्रकाशित गर्ने भनिए पनि निरन्तर रूपमा प्रकाशित हुन सकेन । २०६४ मा सोही पत्रिकाको दोस्रो पटक प्रकाशित भएको भयो । कुमाल विद्यार्थी मञ्च, कास्की र तनहुँको प्रयासमा २०६५ मा 'कुमाल विद्यार्थी मञ्च' नामक भित्तेपात्रो प्रकाशन गरिएको

थियो । त्यसैगरी एनेकपा माओवादीको भातृसंगठन कुमाल राष्ट्रिय मुक्ति मोर्चाले पनि 'कुमाल आवाज' नामक स्मारिका २०६५ सालमा प्रकाशन गरेको छ ।

विश्वविद्यालयका प्राध्यापक र विद्यार्थीहरूले शोध कार्य गर्दा केही मात्रामा भए पनि कुमाल जातिको आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिकलगायत पक्षलाई अध्ययन क्षेत्रको दायरामा पारेका छन् । तर ती शोधपत्र केवल पुस्तकालय दराजमा मात्र सीमित हुन पुग्छन् । प्रकाशनको गति प्रायः शुन्य छ । हीरामणि शर्मा पौडेलको 'कुमाल भाषा एक अध्ययन' (२०४३) शोधपत्र मात्रै पुस्तकको रूपमा प्रकाशित भएको छ । यस पुस्तकमा खास गरी कुमाल भाषाको भाषिक विभेदको चर्चा समेटिएको छ ।

सिनास, त्रिविले पिछडिएका जातिहरूका एक अध्ययन (२०५६) अन्तर्गत कुमालहरूका बारेमा अध्ययन गरी पुस्तकको रूपमा प्रकाशित गरेको छ । माथि चर्चा गरिएका यी दुवै पुस्तक पनि बजारमा अपर्याप्त छन् । नेपाल प्रज्ञा-प्रतिष्ठानबाट बाघवीर मुखिया कुमालको 'कुमाल जातिको अध्ययन' (२०७०) पुस्तक प्रकाशित छ । यसमा कुमालहरूका लोकसंस्कृति, भौतिक संस्कृति, सामाजिक प्रचलन, नृत्यलगायत पक्ष समेटिएको छ ।

यस्तै तिलकबहादुर कुमालले तयार गरेको 'कुमाल भाषा र नेपाली भाषाको व्यतिरेकी अध्ययन' नामक शोधपत्र रहेको छ । यसमा विशेषतः कुमाल भाषाका पुरातन मौलिक शब्द र भाषिक शैली समेटिएको छ ।

दाङदेउखुरीका युवा गजलकार गुरुप्रसाद कुमाल 'बुलबुल'ले जिल्लामा कुमाल भाषा तथा साहित्य संरक्षण मञ्च गठन गरी कुमाल भाषाको 'फूलरिया' साहित्यिक मासिकको सम्पादन गरी प्रकाशन गरेका छन् (थापा, २०७३: १२१) । यद्यपि यो नियमित भने छैन । उनी नेपाली भाषाको साहित्य लेखनमा पनि क्रियाशील रहेका छन् ।

लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासको प्रक्रियासँगै कुमाल समुदायलाई अन्य जनमानसमा परिचित गराउनमा गोरखापत्र दैनिकले नयाँ नेपालको समावेशीकरण अङ्कले गहन भूमिका खेलेको छ । गोरखापत्रले २०६४ असोजबाट विभिन्न भाषासँगै कुमाल भाषामा पनि कहिले मासिक त कहिले पाक्षिक रूपमा प्रकाशन गर्ने गरेको छ । यसको संयोजन

हाल तिलकबहादुर कुमालले गरेका छन् । अन्य केही राष्ट्रिय मिडियाहरूले समेत कुमाल समुदायको परम्परालाई केही हदसम्म भए पनि पस्कदै आएका छन् । यसरी सञ्चार माध्यमहरूले उपयुक्त स्थान दिन नसके पनि उनीहरूका दृष्टि कुमाल समुदायको समस्या उजागर गर्नमा लागी परेको देखिन्छ ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट 'कुमाल शब्दकोश' (२०६४) तथा गणेशकुमार कुमालको कुमाल मातृभाषामा कवितासङ्ग्रह (२०७४), कुमाल लोककथा तथा मिथक सङ्कलन (२०७७) पुस्तक प्रकाशन भएको देखिन्छ ।

पाल्पाबाट कुमालहरूका जनजीवनी संस्कृतिमा आधारित 'दोभान' चलचित्र बनेको छ । सामाजिक श्रोत विकास परिचालन केन्द्र, पाल्पाले कुमालहरूका बारेमा वृत्तचित्र बनाइरहेको जानकारी दिएको छ । तनहुँ जिल्लाका आलोक कुमालले 'माटो' नामक चलचित्र तयार पारी प्रदर्शन गरेका छन् ।

विद्युतीय सञ्चार माध्यममार्फत् पनि कुमालहरूका आवाजलाई सञ्चार माध्यमसम्म ल्याउने कार्य बिस्तारै हुन थालेको छ । २०६४ सालदेखि धादिङको 'लोकतन्त्र एफ.एम.'बाट सुरु भएको कुमाल भाषा समाचार हाल स्थगित भएको छ । त्यसो त २०६५ साल पुसदेखि तनहुँको 'रेडियो तनहुँ एफ.एम.'बाट कुमाल भाषाको हामर चिनारी नामक साप्ताहिक कार्यक्रम सुरु भएको थियो । त्यस कार्यक्रममा कुमाल समुदायको रीतिरिवाज चालचलन, संस्कृति र व्यवहारलाई समेट्ने गरिन्थ्यो । सञ्चालिका मार्टिना कुमालले कार्यक्रम चलाउन छाडेपछि २०६६ कार्तिकबाट स्थगित भएको छ ।

हालसम्म कुमाल भाषामा एक मात्र चलचित्र 'औंठेछाप' निर्माण भएको छ भने वृत्तचित्र 'माटो', 'हामी कुमाल', 'कुमाल जातिको सामाजिक संस्कार र संस्कृति' नामक वृत्तचित्र विद्युतीय सञ्चारमाध्यम युट्युबमा सार्वजनिक गरिएका छन् । नेपाल टेलिभिजनको आधिकारिक च्यानलमा सार्वजनिक 'हामी कुमाल' नामक वृत्तचित्रमा समावेश धेरै विषय सामग्रीमा कुमाल जातिलाई अन्य जातजातिसँग जोडेर देखाइएको छ, जुन कुरा गलत भएको समाजका महासचिव गणेश कुमाल बताउँछन् । कुमाल मातृभाषामा करिब आधा दर्जन मात्र गीत सङ्गीत बजारमा आएका छन् ।

## ११. शिक्षा

सन् १९९१ को तथ्याङ्कअनुसार कुमालहरूका साक्षरता ३० प्रतिशत रहेकोमा सन् २००१ मा ४९ प्रतिशत पुग्यो । सन् २०१४ को एक रिपोर्टअनुसार भने उनीहरूका साक्षरता प्रतिशत ५२ पुगेको छ (सुब्बा र अन्य, सन् २०१४) । अर्को तथ्याङ्क अनुसार प्रविणता तह पास गर्ने कुमालको सङ्ख्या ०.४ प्रतिशत मात्रै रहेको छ (नेकुससुस २०६२: ९-१०) । सन् २००१ को कुमालहरूका उच्च शिक्षाको तथ्याङ्क हेर्दा यस जातिबाट २०४८ मा केवल २० जनाले मात्रै स्नातक गरेको देखिन्छ । सोको एक दशकपछि २०५८ मा करिब छ गुना बढेर १४८ जना कुमालले स्नातक गरेको देखिन्छ (गुरुङ २०६६: ५४) । स्नातकोत्तर गर्नुभएकी कुमाल महिला समाज सुधार समितिका अध्यक्ष कल्पना कुमालका अनुसार २०६६ सम्ममा करिब आधा दर्जन कुमाल महिलाले मात्रै स्नातकोत्तर गरेका थिए ।

कुमाल विद्यार्थी समाजका अध्यक्ष नविन मुखिया कुमालका अनुसार २०८० सालको सेरोफेरोमा आइसक्दा भने शिक्षा क्षेत्रमा कुमाल समुदायमा सुधार आएको छ । करिब एक दर्जन कुमालहरू चिकित्सा शिक्षा अध्ययन गरेर सेवामा कार्यरत छन् भने दुई दर्जनभन्दा बढी सङ्ख्यामा इन्जिनियर छन् । सौम्य जैविक प्रविधि विज्ञानमा अध्ययन अनुसन्धान गरिरहेका कुमाल विद्यार्थी समाज अध्यक्षसँगै कुमाल समुदायका तीन जना सोही क्षेत्रमा सक्रिय छन् । साथै, विज्ञान र प्राविधिक शिक्षामा पनि कुमालहरूका उपस्थिति बढ्दो देखिन्छ ।

नेपाल कुमाल समाज सुधार समितिबाट २०६२ मा नुवाकोटमा गरिएको एक अध्ययनअनुसार कुमाल बालबालिकाहरू विद्यालय नजानुको विभिन्न कारणमध्ये बाबु आमाले नचाहेर नजानेहरूका प्रतिशत (३३.८९%) सबैभन्दा बढी रहेको थियो । त्यस्तै, घरमा काम सघाउनु परेर २३.९१ प्रतिशत तथा अत्यन्त महँगो भएर विद्यालय नजानेमा ९.४६ प्रतिशत थिए । प्राथमिक तहमा कुमाल बालबालिकाका उपस्थिति सन्तोषजनक रहे पनि कक्षा उक्लिने क्रमसँगै कक्षा छाड्नेहरूका उल्लेख्य वृद्धि देखिन्छ । विदेश कमाउन जाने कुमालहरूका कमाइले राम्रा स्कूलमा पढाउने हैसियत हुनेले पनि छोराछोरीको शिक्षामा खासै ध्यान दिएको देखिँदैन । जे भए पनि कुमाल बालबालिका विद्यालय जाने क्रम बढेको छ, तर कम युवाले मात्र उच्च

शिक्षाको दैलो टेक्न सकेका छन् । जागिरे तहमा छिर्ने शिक्षा कुमाल युवाहरूले गर्न सकिरहेका छैनन् । पुर्ख्यौली सीप बिर्सदै जानु तथा पाएको शिक्षाले नयाँ काम नदिनाले उनीहरूका अवस्था अझ जोखिमपूर्ण भएको छ (भूर्तेल र क्षेत्री सन् २००६: ३५) ।

२०६६ सालमा कुमाल समुदायबारे अध्ययनका लागि जाँदा महेन्द्र उच्च मावि, कुन्दुरटार गोरखाका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टोपबहादुर कुमाल थिए । सो विद्यालयमा दुई जना कुमाल शिक्षक पनि थिए । स्थानीय धनबहादुर कुमाल आफू प्रधानपञ्च छँदा त्यो स्कूल २०१८ सालमा स्थापना गराएका थिएछन् । हाल निधन भइसकेका उनी आफू सक्रिय राजनीतिपछि प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षसमेत लामो समय सम्हालेका थिए । स्थापना कालदेखि हालसम्म विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष ९ जना भएकोमा ७ जना कुमाल समुदायका छन् । यसरी कुमाल क्षेत्रको गाउँमा निकै पहिलेबाट विद्यालय खुले पनि, व्यवस्थापन समितिमा कुमालहरू नै भए पनि मावि स्तरसम्म छिचोल्नेको सङ्ख्या निकै कम छ ।

कुमाल महिला समाज सुधार समितिकी अध्यक्ष कल्पना कुमालले शिक्षा र कुमालका सम्बन्ध बारेमा नुवाकोटको एक घटना यसरी सुनाइन्- 'आफ्ना छोराछोरीहरू नजिकको विद्यालयमा पढून् भनेर नुवाकोटको पिपलटारस्थित माध्यामिक विद्यालयलाई कुमाल समुदायले ७२ रोपनी जग्गा दान गरेको छ । यसले उनीहरू शिक्षा बारेको जनचेतनामा पछि नरहेको देखाउँछ । तर त्यहाँ एक जना शिक्षक पनि कुमाल जातिको राखिएको छैन ।' कुमाल विद्यार्थीहरूलाई छात्रवृत्तिको सुबिधा उपलब्ध गराउनु त छँदैछ, आफ्नै समुदायका शिक्षक पर्याप्त मात्रामा व्यवस्था नहुँदासम्म कुमालहरूका साक्षरता दर उकालो लाग्ने देखिँदैन ।

उता पाल्पा घोरबन्दास्थित श्रीराम निम्न माविका प्रधानाध्यापक रामप्रसाद शर्मा पौडेलले कुमाल विद्यार्थी बढून्, धेरै पढेपछि कुमाल स्वयम् पनि शिक्षक बन्न सक्छन् भन्ने सन्देश जाओस् भनेर विद्यालयमा दुई जना कुमाल शिक्षक निजी स्रोतमा भए पनि राखेको जानकारी दिए । तर कुमाल विद्यार्थीको भर्ना दर राम्रो भए पनि नियमित विद्यालय आउने र जाँचमा सहभागी हुनेहरूका सङ्ख्या सन्तोषजनक छैन । यहाँ विद्यालयको व्यवस्थापन

समितिको ९ सदस्यीय कार्यसमितिमा एक जना कुमाल रहेका थिए ।

विगत एक दशक (सन् २००१-२०१०) देखि पाल्पा घोरबन्दास्थित श्रीराम निम्न माविमा अध्ययनरत कुमाल विद्यार्थीहरूलाई मात्रै लक्षित गरी जीवनज्योति संस्थाले साँझ-बिहान कोचिङ कक्षाको व्यवस्था गरेको थियो । विद्यालयसँगै जोडिएको जीवनज्योतिले दिउँसो कुमाल विद्यार्थीहरूलाई मात्रै खाजाको पनि व्यवस्थाका साथै ती विद्यार्थीहरूलाई स्टेशनरी र पोशाक सहयोग पनि दिएको थियो । सो क्षेत्रका कुमालहरूका आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले सहयोग गरिएको जीवनज्योति संस्थाकी सिस्टर भावनाले जानकारी दिएकी थिइन् ।

नेपाली भाषासँग कुमाल भाषाको अन्तरघुलन भई नेपाली भाषा बुझ्न कुनै कठिनाइ देखिँदैन । त्यसैले विद्यालयमा कुमाल मातृभाषामा शिक्षा दिनु जरुरी नरहेको प्रायः कुमाल अभिभावकहरूले बताएका थिए ।

## १२. स्वास्थ्य

कुमालहरूका बसाइँ निकै अन्कण्टार टारहरूमा पनि रहेको छ । त्यसैले, बाटोघाटोको असुविधाले बिरामीलाई स्वास्थ्य चौकी, अस्पताल लान बोक्नुपर्ने अवस्था छ । नुवाकोटको विदुर नगरपालिकामा कुमाल समुदायमा गरिएको एक अध्ययनअनुसार ८.७ प्रतिशतले मात्रै परम्परागत धामी, झाँक्रीबाट उपचार लिने गरेका छन् । २४ प्रतिशतले डाक्टरबाट तथा ५२ प्रतिशतले मेडिकलका सामान्य स्वास्थ्यकर्मीबाट उपचार लिने गरेका छन् । यसले कुमालहरू स्वास्थ्यप्रति सचेत भएको देखाउँछ । तर १५ प्रतिशतले कसैसँग परामर्श नै नलिई आफ्नै तरीकाले उपचार गर्छन् वा रोग दबाएर बस्छन् (नेकुससुस २०६२: ११) । यसरी १५ प्रतिशत शहरी क्षेत्रका कुमालहरूले स्वास्थ्य परामर्श लिदैनन् भने ग्रामीण क्षेत्रका कुमालहरूले स्वास्थ्य परामर्श लिने अवस्था कस्तो होला स्वतः अनुमान गर्न सकिन्छ ।

नदी, खोला किनारमा बस्ने भएकाले कुमाल समुदायमा खानेपानीको खासै असुविधा भने छैन । अधिकांश कुमाल गाउँमा खानेपानीको धारा देख्न सकिन्छ । घरबाहिरको सरसफाइको अवस्थामा भने अझै पनि पर्याप्त ध्यान पुग्न सकेको छैन ।

पाल्पा घोरबन्दाका कुमाल समुदायका अधिकांश पुरुष तानसेनमा भारी

बोक्ने काम गर्छन् । ती भरियाहरूको स्वास्थ्य अवस्था नाजुक भेटिन्छ । सामान्य ज्वरो आयो भने जँचाउदैनन् । बरु त्यस्तो अवस्थामा यसैले ठीक पार्छ भनेर रक्सी खाइदिन्छन् । यसो गर्दा टाइफाइड लगायत बिग्रिनाले अल्पायुमै बित्ने गरेका छन् । गाउँमा खास उमेरले पाको मान्छे भेटिन्नन् ।

कुमालहरूमा धामी झाँक्री प्रथा पनि विद्यमान छ । स्थलगत अध्ययनको क्रममा गोरखा कुन्दुरका बुधे कुमाल धामीका रूपमा भेटिए । १ सय १ वर्ष पुगेका उनी राम्ररी हिँड्डुल गर्न सक्दैनन् । त्यसैले अन्य गाउँलेले बोकेर पनि धामी कामका लागि लग्छन् । आफ्ना मामा कप्तानबाट मन्त्र सिकेका उनले आफूले जम्मा २/३ जना चेला बनाएको बताए । उनका माइला र कान्छा छोराले पनि केही मन्त्र सिकेका छन्, तर धामी काम गर्दैनन् ।



*तस्बिर १७: गोर्खा कुन्दुरका धामी बुधे कुमालसँग कुराकानी गर्दै अनुसन्धानकर्ता डा. कृष्णराज सर्वहारी*

कुन रोगमा कुन जडीबुटीले काम गर्छ कण्ठस्थ राखेका बुधे कुमाल उमेरका कारण राम्ररी आँखा नदेख्ने भएकाले उनकी साइली बुहारीले सघाउँछिन्। उनले जडीबुटीको ज्ञान लिएकी छिन्। अब वनमा जुडीबुटी लोप हुँदै गरेको, बारीमा लगाउन नसकिएको तथा चासो राख्ने मान्छे नहुँदा यो विद्या लोप हुँदै गएको उनको भनाइ छ ।

बुधे कुमालले केही रोगमा निम्न परम्परागत औषधीबारे जानकारी दिए- गानोको लागि फिटकिरी, टिमुर, रानी सिन्का बराबर मिलाई पिसेर दिनको दुई पटक खाने । पिनासले टाउको दुखेमा गिठरीको बोक्रा र ऐँसेलुको जरा पिसेर खाने । टाउको दुखेर ज्वरो आएमा मकै, चामल, मास भुट्ने त्यसलाई तेलले झानेर खाने । पेटमा जुका परेमा कमेरो माटो पानीमा भिजाएर कपरछान गरी खाने । रगतमासीले सताएमा कोइरालो र अम्बाको पात वा बोक्रा, दही, चिउरामा चिनी मिसाएर खाने ।

मदनकुमार रिमालले पनि कुमाल जातिको अध्ययनमा नवलपरासीका एक कुमाल धामीसँग परम्परागत औषधीबारे केही जानकारी समेटेका छन् । औलोका लागि सिसौ, खमारी, असुरोको बोक्रा मिलाएर पिसेर त्यसको रसले नुहाउने, खोकी लागेमा दूधेको बोक्रा ख्वाउने, पखाला लागेमा असम र धँएराको फूल दहीमा मिलाएर खाने, गानोको लागि मैन काँडाको बोक्रा वा जरा, सिन्दूरेको बोक्रा, सिमलको खोटो पिसेर झोल बनाई खाने । ज्वरो आएमा खमारी, सिसौ, बेतलोरीको बोक्रा तीनै भाग मिलाई पिसेर खाने । गर्मीको लागि गिदरीको बोक्रा वा घोरटाप्रे पिसेर खानुपर्छ ।

आधुनिक औषधीले जडिबुटी ज्ञान हराउन थालेको छ । उपचारका लागि फलाक्ने कुमाल धामीसँग रहेका मन्त्र सङ्कलन जरुरी छ । किनकि यी मन्त्रमा पनि कुमाल इतिहास लुकेको हुन्छ ।

## १३. भूमिहरणको इतिहास

भनिन्छ, विकासले कहिलेकाही विनाश पनि निम्त्याउँछ । यसको प्रत्यक्ष उदाहरण संखुवासभा तुम्लिङटारका कुमाल समुदाय साक्षी रहेका छन् । खाँदबारी नगरपालिका वडा नम्बर १२ र १३, तुम्लिङटारमा बसोबास गर्ने कुमालहरूका करिब ८० प्रतिशत जग्गा तुम्लिङटार विमानस्थलको नाममा गुमाउनुपर्‍यो । उनीहरूका लागि ‘अभाग’ र ‘दुःख’ बोकेर आयो- तुम्लिङटार विमानस्थल । शम्भु कट्टेलको एक अध्ययनअनुसार स्थानीय मुखियाको जालझेलमा कुमालहरूले महँगो जग्गा गुमाउनुपर्‍यो । सरकारले विमानस्थल बनाउने भएपछि कुमालहरूलाई फकाई फुल्याई उचित क्षतिपूर्ति दिने भनेर उनीहरूका ७ सय ३७ रोपनी जग्गा अधिग्रहण

गरियो । त्यति मात्रै होइन, १ सय ५० कुमाल परिवारले विमानस्थल बनाउन निःशुल्क दान पनि गरे । विमानस्थलका कर्मचारीले विना रकम तिरी उनीहरूका हाँस, कुखुरा खाए । तर पछि अधिग्रहण स्वरूप जग्गा हेरी रोपनीको जम्मा २९ रुपैयाँदेखि एक सय रुपैयाँसम्म मात्रै दिने निर्णय भयो । यो भन्दा त अर्को ठाउँमा जग्गा नै राम्रो भन्ने मनसाय कुमालहरूले गरेपछि निवेदन लिएर गैरकुमाल मुखिया रत्नध्वज काठमाडौं गए । महिना दिनपछि उनी मोरङको गोविन्दपुरमा सरकारले सट्टा भर्ना जग्गा दिएको समाचार लिएर आए । झारी, बुट्यान, बलौटे जग्गा भएकोले केहीलाई त्यो जग्गा मन परेन । कोही जग्गाको आशा नगरी भारत कमाउन गए । कोही घरबास मात्रै भए पनि विकास आउने लोभले तुम्लिङटारमै बसे । तर ती कुमाल समुदायमाथि त्यतिबेला कहर वर्षियो, जतिखेर उनीहरूले थाहा पाए, सट्टा भर्नावापत पाएको भनी ठानिएको मोरङको गोविन्दपुरको जग्गा पनि मुखिया रत्नध्वजकै नाममा रहेछ । उनीहरूलाई त्यो जग्गा पनि किन्नुपऱ्यो । यसरी तुम्लिङटार विमानस्थलको ७ सय ३७ रोपनी जग्गाको न सट्टा भर्ना पाए, न त रकम नै (कट्टेल सन् २००६: ४३) ।

तुम्लिङटारमा कुमाल समुदायको ८० प्रतिशत जग्गा ओगटेका मुखिया समूहले त्यतिमा चित्त बुझाएन । बाँकी बँचेको कुमालहरूका २० प्रतिशत जग्गा पनि कसरी फुत्काउने भन्ने दाउमा लाग्यो । एक घटनाअनुसार प्रेमबहादुर कुमाल वडा सदस्य थिए । एक दिन उनलाई मगर गाउँबाट बोलावट आयो । दुई कुमाल दाजुभाइले १० हजार बराबरको जग्गा बेच्दै रहेछन् । साक्षीको रूपमा उनलाई पनि सही गर्न भनियो । निरक्षर भएकाले तिनले औंठाको छाप लगाए । त्यो घटनाको दुई वर्षपछि उनलाई जिल्ला अदालतबाट बोलावट आयो । वडा सदस्यलाई केही कामले बोलाए होलान् भनेर गएको त तिनी त्यतिखेर छाँगाबाट खसेझैं भए, जतिखेर म प्रेमबहादुर कुमालले 'आफ्नो १८ रोपनी खेत र ३२ रोपनी बारी फलानालाई ८० हजार रुपैयाँमा बेचें' भन्ने उनले नै कागज गरेको भनिएको तमसुक तेर्स्याइयो । यसरी अर्काको जग्गा किनबेचको साक्षी बस्न गएका वडा सदस्य प्रेमबहादुर कुमालले आफ्नै जग्गा गुमाउन पुगे । नक्कली कागज खडा गरी एक गौतम र दुई तामाङ थरका पढालेखाहरूले प्रेमबहादुरको जग्गा आफ्नो नाममा

बनाएका रहेछन् । पैसा पनि फिर्ता नगरेको र जग्गा पनि पास नगरिदिएको भनेर मुद्दा परेको रहेछ । प्रेमबहादुरले पुनरावेदन गरे, तर जग्गा जोगाउन सकेनन्, मुद्दा हारे । ७ हजार घुस ख्वाएर बडो मुश्किलले घरबाससम्म जोगाउन सके (कट्टेल सन् २००६: ४३) । यसरी वडा सदस्य जस्तालाई त ठगियो भने बाँकी सोझासाझालाई कति ठगियो होला स्वतः अनुमान गर्न सकिन्छ ।

भूमिपति कुमालहरू कसरी रातारात भूमिहीनहरू भए भन्ने प्रसङ्गमा बूढापाकाको भनाइअनुसार केही कारणहरू पाउन सकिन्छ । समथर टार र फाँटमा बसोबास गर्ने कुमालहरूका बस्तीमा औलो उन्मुलन भएपछि अन्य जातिहरू ती टार, फाँटमा बसाइँ सर्न थाले । तिनले बिस्तारै कुमालहरूलाई सहयोगको नाउँमा केही पैसा ऋण दिन थाले । तर, अनपढ कुमालहरू आफूले १ सय रुपैयाँ ऋण काँढेर ल्याएमा पछाडि जिरो थपिदिएर १० हजार रुपैयाँ पुगेको त्यतिबेला थाहा पाए, जब उनीहरूका जग्गा गुम्ने स्थिति आयो । ऋणै नलिए पनि कसरी सोझासाझा कुमाललाई फँसाए भन्ने उदाहरण वडा सदस्य प्रेमबहादुर कुमालको छ । यसरी बाबुले लिएको कथित ऋण छोरा नाति पनातिसम्मलाई दुःख दियो । सामन्तहरूले कुमालको राम्रा ठूल्ठूला टारहरू आफ्नो अधिनमा लिई पास गराए ।

यसरी कुमालहरूका भूमि खोसिदै गयो । केही कुमालहरूले आफ्नो बारीमा अर्कोले हक दाबी गरेपछि मुद्दा लडे पनि तारिखमा जानुपर्ने, तारिख लड्ने खर्च नहुने, अदालतमा आफ्नो पक्षको बहस गर्ने कोही नहुने, घुस दिन नसक्ने कारणले जग्गाको स्वामित्व छाडे । तनहुँ कलेस्ती कुमाल गाउँका नारान कुमालका अनुसार वर्षौदेखि कमाउदै आएको आफ्नो बारीमा सहपति नामले चिनिने एक बाहुनले मेरो भनेर अदालतमा मुद्दा हाले । आफूहरूसँग तारिख लड्ने पैसा नहुँदा आफ्नो विपक्षमा फैसला भई आफ्नो बुबा गंगटेलगायत धेरैले खेतबारी छोड्नुपरेको तीतो यथार्थ सुनाए ।[१२] आफूले कमाइरहेको खेतबारी नछाडेमा मुद्दा हाल्छु भनेपछि कुमालहरू डराएर मुद्दा नहाल्नुस्, म तपाईंलाई नै दिन्छु भन्दै जग्गा अर्का हातमा सुम्पिदै गए ।

---

१२ कुराकानीमा आधारित ।

खास गरी, पञ्चायतको समयमा कुमालहरूका जग्गामा गाउँको ठालुले मुद्दा हाल्छु भनेपछि र यतिसम्म कि मुद्दा भन्ने वाक्य सुन्ने वित्तिकै कुमालहरू डराउने कुरा सोही गाउँका वयोवृद्ध ७५ वर्षीय दलबहादुर कुमालले बताए । उनले भने- 'मेरा जग्गा जमिनसमेत त्यसैगरी क्षेत्री बाहुनले हडपेका हुन् । उनीहरूका प्रशासनमा सिधै पहुँच थियो, हाम्रो को न को ।'[१३]

त्यसैगरी, भानु-६, तनहुँका वीरबहादुर कुमालका अनुसार राणाकालमा उसको धेरै जग्गा छ भन्दै बाहुनहरूले पोल लगाइदिए । जग्गाको बाली सेर्मा (कर) मा पनि वृद्धि गरिदिएपछि उब्जनी नहुने जग्गाको कर तिर्न नसक्दा 'मैं कर तिरी दिन्छु' भन्दै आफ्नो जग्गा बाहुनले खाएको बताए । तनहुँको भानु- ६, रिठाबोटका दलबहादुर कुमालका अनुसार नक्कली तमसुक बनाइ ऋण बढाएपछि उनको जमिन एक बाहुनले लिए । उनी आफ्नै जगामा अधिया गर्न थाले । पाँच खन्ने अर्थात् पाँच भागमा चार भाग साहुलाई दिनुपर्ने, एक भाग मात्र आफ्नो भागमा परेपछि थप धान मालिकको घरबाट ल्याउँदा ऋण लाग्यो । सारा खेत र घरबास समेत गुमेपछि उनी ऐलानी पर्तीमा बस्न बाध्य भए । उनी त्यहीँ बाहुनकहाँ हलिया बसे । उनको ऋण कहिल्यै सकिएन । केही वर्ष अघि हलिया प्रथा उन्मुलन भएपछि बल्ल उनी मुक्त भए ।[१४]

पञ्चायतको समयमा समेत गाउँमा कोही नयाँ व्यक्ति आएमा कुमालहरू डराएर घरभित्र लुक्ने गर्दथे । अनुसन्धानको सिलसिलमा आफू केही वर्ष अघिसम्म तनहुँको गड्यौलीटार, पुट्टार, जघौली, गजरकोटको कुमाल गाउँमा जाँदा कोही नयाँ मान्छे देख्यो भने नबोल्ने, घरबाट बाहिर ननिस्कने गरिएको पाइएको अनुसन्धानकर्मी देवेन्द्र कुमाल बताउँछन् ।

## १४. सहभागिता परामर्श

कुमालसँग प्रत्यक्ष सरोकार राख्ने गैससहरू नभए पनि पनि केही संस्थाहरूले कुमाल समुदायमा काम गरेका छन् । जस्तै- कतै कतै कुमालको घना बस्ती भएको ठाउँमा स्थानीय निकायबाट हुने आर्थिक सहयोग, धारा निर्माण आदि

१३ कुराकानीमा आधारित ।

१४ कुराकानीमा आधारित ।

कार्यमा सहयोग गरेको पाइन्छ । सामाजिक स्रोत विकास केन्द्र, पाल्पाले सो जिल्लाका कुमाल समुदायमा केन्द्रित रहेर विभिन्न आयआर्जनको कार्यक्रम सञ्चालन गरेको छ । केन्द्रका कार्यक्रम अधिकृत चोपलाल गिरी कुमाल समुदायसँग सरकारी, गैसस पक्षले परामर्श नलिई, उनीहरूलाई सहभागी नगराई अधिकांश कार्यक्रम सञ्चालन गर्नाले उनीहरूका चेतनास्तरदेखि आर्थिक स्तरमाथि उठ्न नसकेको धारणा राख्छन् ।

गिरीले एक घटना सुनाए- 'पाल्पा गेजा क्षेत्रका कुमाल बस्ती हुँदै पल्लो गाउँको बाहुन क्षेत्री बाहुल्य रहेका बासिन्दाले नहरमार्फत् सिँचाइ गर्थे, तर कुमालले पाउँदैनथे । उनीहरूलाई सहभागी गराई तपाईंहरूका खेत हुँदै जाने नहरको पानी पाउने तपाईंहरूका अधिकार हो भन्ने परामर्श दिएपछि माग गरे । नपाउँदा आन्दोलन गरे र अन्तमा सिँचाइ सुविधा पाइछाडे । नेतृत्व विकासको तालिम पाएपछि हौसिएर समिति गठन गरेका पाल्पा गेजाका कुमालहरू आफ्नो क्षेत्रको बजेटको लागि जानकारी राख्ने मात्रै होइन, योजनासमेत ल्याउन थालेका छन् ।'

कुमाल समाज सुधार समितिका एक केन्द्रीय पदाधिकारीले नेपाल आदिवासी जनजाति महासंघले कुमालको आवाज प्राथमिकतामा नपारेको आरोप लगाउँछन् । स्मरण रहोस्, नेपाल आदिवासी जनजाति महासंघको अध्यक्षमा नगेन्द्र कुमाल रहिसकेका छन् । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले आ.व. २०६१/६२ देखि आ.व. २०७४/७५ सम्म कुमाल समुदायका मातृभाषा संरक्षण तथा विकास कार्यक्रमअन्तर्गत मातृभाषा शिक्षण प्रशिक्षणका दुई कार्यक्रम गरेको छ । त्यस्तै, मानव संसाधन कार्यक्रमको यूवा रोजगारमूलक सीप तथा व्यवसायिक सशक्तीकरण प्रशिक्षणमा पनि एक कार्यक्रम सम्पन्न भएको छ । कुमाल जातिको अमूर्त संस्कृतिसम्बन्धी श्रव्यदृश्य छायाङ्कन तथा कुमाल जातिको माघे सङ्क्रान्तिसहित दुई कार्यक्रमहरू सांस्कृतिक सम्पदा संरक्षण तथा विकास कार्यक्रम अन्तर्गत सम्पन्न भएका छन्। यसरी नै चेतना अभिवृद्धि तथा सशक्तीकरणमा जनचेतना अभिवृद्धि, संस्थागत सुदृढीकरण, तिनीहरूको साझा मुद्दा र अधिकार बारेमा चेतनामूलक कार्यक्रम,

समावेशीकरण तथा सामाजिक न्याय, लैङ्गिक मूलप्रवाहीकरण आदि समसामयिक विषयमा सचेतना अभिवृद्धि गर्ने कार्यक्रमका साथै दिगो शान्ति कार्यशाला गोष्ठीसहित दश फरक कार्यक्रमहरू भएका छन् । कुमाल समुदायको संस्थागत सुदृढीकरण गर्ने सन्दर्भमा कार्यालय व्यवस्थापनसहित तिनीहरूका नेतृत्व विकास प्रशिक्षणलगायत दश कार्यक्रमहरू सञ्चालन भएका छन् भने सामुदायिक भवन निर्माण तथा जीर्णोद्धारअन्तर्गत कुमाल सामुदायिक भवन निर्माणमा एउटा तथा दुई वटा कार्यक्रम अध्ययन अनुसन्धान तथा प्रकाशनअन्तर्गत सम्पन्न भएका छन् (मेचे, सं. २०७५: ३४/३५) ।

कुमालहरूका मुख्य माटोका भाँडो बनाउने पेशामा समेत सरकारले चासो नदिनु, प्लाष्टिकको भाँडाकुँडालाई मात्रै प्रोत्साहित गर्नु र भाँडा बनाउन चाहिने उपयुक्त माटोहरू पनि अन्य जातिकै अधिनमा गएपछि पुर्ख्यौली पेशासमेत संकटमा परेको छ । कुनै समय ठूल्ठूला टारका मालिक रहेका कुमालहरूलाई शासकका चक्रव्यूहमा पारी दिन प्रतिदिन आर्थिक अवस्था कमजोर भई उनीहरूलाई आफ्नै खेतमा अधिया गर्नेदेखि हलिया बस्नुपर्‍यो । हाल मुख्य पेशा खेती भए पनि परम्परागत खेती प्रणाली भएकोले वर्षभरी खान पनि धौ धौ छ । कुमाल महिला समाज सुधार समितिका अध्यक्ष कल्पना कुमाल दुई रोपनी जग्गाको कमाइले कुमालहरूका समग्र जीवनस्तर उठ्न नसक्ने भएकाले समग्र प्याकेजमा उद्यमशीलताको कार्यक्रम कुमाल बस्तीमा लगिनुपर्ने आवश्यकता औंल्याउँछिन् ।

आदिकवि भानुभक्त बहुमुखी क्याम्पस दमौली, तनहुँका स्वतन्त्र विद्यार्थी युनियनका तत्कालीन सभापति राजेन्द्र कुमालका अनुसार समावेशीकरणको सवालमा कुमालहरूलाई बिस्तारै विभिन्न उपभोक्ता समिति, पार्टी इकाइमा समावेश गर्न थालिएको छ तर त्यो पर्याप्त छैन ।[१५]

## १५. उपसंहार

कुमाल आदिवासी जनजाति अन्तर्गतको एक अल्पसङ्ख्यक र सिमान्तीकृत समुदाय हो । राज्यको सम्पूर्ण क्षेत्रमा यस जातिको सहभागिता दयनीय

१५ राजेन्द्र कुमालसँग २०६६ फागुन १२ मा गरिएको कुराकानीमा आधारित ।

छ । नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत् शब्दकोशमा 'कुमाल' उल्लेख नभई 'कुमाले' शब्दको परिभाषा दिइएको छ। जसको अर्थ 'माटाको भाँडा बनाउने एक जाति कुम्भकार, कुम्हाल' भनिएको छ। यसरी आम बुझाइमा माटोको भाँडाकुँडा बनाउने कुम्भकार अर्थात् शिल्पकार नै हालको कुमाल जाति हो भन्ने मान्यता पाइन्छ। तराईका पण्डित, काठमाडौं उपत्यकाका प्रजापति, थारू समुदायका कुम्हार पनि माटोको भाँडा बनाउने भएता पनि वास्तविक कुमाल जातिको आफ्नै फरक पहिचान छ । त्यसैले, अन्य जातजातिको पेशागत समानताका आधारमा मात्र एउटै जातिको रूपमा सबैलाई कुमाल जातिमा परिभाषित गर्न नमिल्ने बलियो धारणा छ ।

कुमालहरूका जनसङ्ख्याको हिसाबले सबैभन्दा घना बस्ती नवलपरासीको नयाँ बेलहानी र तमसरीया क्षेत्रमा भेटिन्छ। अनुसन्धानको क्रममा अधिकांश कुमालले आफ्नो पुर्ख्यौली थलो स्याङ्जा, पाल्पा, गोरखा आदि जिल्ला रहेको बताउँछन् । स्याङ्जाको गरुङकोटमा कुनै समय कुमाल राजाले राज्य गरेको किंवदन्ती छ । त्यसैले, स्याङ्जा नै कुमालको मूलथलो रहेको तर्क गर्नेहरू पनि छन्। यद्यपि नेपाल कुमाल समाज सुधार समितिका पदाधिकारीहरू पाल्पा, गोरखा तथा संखुवासभाको तुम्लिङटारलाई नेपालका समग्र कुमालहरूका पुर्ख्यौली थलो मान्दछन् । कुमालका थरको सूची हेरेर सामान्यतया विशेषता केलाउँदा स्थानको नामबाट धेरै थरको नाम आएको देखिन्छ ।

जनसङ्ख्याको करिब १० प्रतिशतले मात्र कुमाल मातृभाषा बोल्ने गरेकोमा यो भाषा लोपोन्मुख अवस्थामा रहेको देखिन्छ। मातृभाषामा साहित्य रचना, पुस्तक पत्रिका प्रकाशनको गति सुस्त रहेको, कुमाल भाषामा पाठ्यपुस्तक बन्न नसकेकाले समुदायका अगुवा तथा कुमाल बसोबास क्षेत्र भएका प्रदेश, स्थानीय सरकारले यसतर्फ ध्यान दिनु जरुरी छ ।
अनुसन्धानकर्मी हीरामणि शर्मा पौड्याल लगायतले कुमालहरूका मूल धर्म हिन्दू रहेको तर्क गरेका छन्। तर कुमाल आदिवासीहरूले मनाउने चाडपर्व, चालचलन, संस्कृति हेर्दा, भूमिलाई देवताको रूपमा मान्ने हुनाले यिनीहरू

प्राकृतिक धर्म मान्ने गरेको तथा हिन्दू धर्म पछिबाट थोपरिएको अनुमान गर्न सकिन्छ । किनकि आम नेपालीले मनाउने चाडपर्वबाहेक कुमालका अन्य मौलिक चाडपर्व, नाचगान रहेका छन् । अध्ययनको क्रममा विभिन्न जिल्लामा चण्डी पूजा गर्ने कुमालहरूका छुट्टै थान भएको, तर ती जमिन्दारहरूले हडपी आम मन्दिरमा परिणत गरी पूजा गर्न बाध्य पारिएको उदाहरण पाइन्छ । यिनको खोजबिन गरी संरक्षण जरुरी छ ।

पहिले गाउँको जान्ने, बुझ्ने अगुवाको रूपमा मुखियालाई लिइन्थ्यो, तर हाल आएर कुमाल समुदायको परम्परागत संगठन प्रणाली लोप भइसकेको छ । कुमाल समाज सुधार समितिलगायत समुदायको छाता संगठन समयअनुसार गति लिन सकेका छैनन् । कुमाल राष्ट्रिय मुक्ति मोर्चा, लोकतान्त्रिक कुमाल संघ लगायत राजनीतिक इकाइ पनि निस्क्रिय प्रायः रहेकाले मूलधारको राजनीतिमा पहुँच पुग्न नसक्दा स्थानीय चुनावमा समेत कुमाल जनप्रतिनिधि नगन्य रहेका छन् । अहिले स्थानीय निकायमा वडाध्यक्षसमेत अपवादका रूपमा मात्र रहेको तथा निर्णय प्रक्रियामा कुनै प्रभाव पार्न नसक्ने वडा सदस्यमा मात्र सीमित रहेको देखिन्छ ।

शिक्षामा पनि कुमाल समुदायको अवस्था सन्तोषजनक छैन । नेपालका कुनै पनि विद्यालयमा कुमाल मातृभाषामा पठनपाठन भएको छैन । आधुनिक चिकित्सा प्रणालीको पहुँचसँगै कुमाल समुदायका धामीहरूको मन्त्र ज्ञान, जडिबुटी ज्ञान लोप हुने पुगेको छ ।

अनुसन्धानको क्रममा कुमाल समुदायको भूमिहरण भएको थुप्रै प्रमाण फेला पर्छ । यसको एक ज्वलन्त उदाहरण सरकारले विमानस्थल बनाउन संखुवासभाको तुम्लिङटारमा उनीहरूका ७ सय ३७ रोपनी जग्गा अधिग्रहण गरी नाम मात्रको क्षतिपूर्ति दिनु हो । जुनसुकै क्षेत्रमा निर्णायक तहमा सम्बन्धित समुदायको समानुपातिक सहभागिता नहुँदासम्म कुमाललगायत आदिवासी जनजातिहरूका उत्थान हुने देखिँदैन । यसका लागि समुदाय स्वयम् पनि उत्तिकै चनाखो हुनु जरुरी छ । समुदायमा जागरण ल्याउन छाता संगठनको सक्रियता अपरिहार्य छ ।

**सन्दर्भ सामग्रीः**

त्रिपाठी, बासुदेव र बल्लभमणि दाहाल, विशेष सं. (२०५५) नेपाली बृहत् शब्दकोश, काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

विष्ट, डोरबहादुर (सन् २००५) *सबै जातको फूलबारी, ललितपुरः* हिमाल एसोसिएसन । पृ. ४९ ।

रिमाल, मदनकुमार (२०५६) *कुमाल जातिको अध्ययन, नेपालका केही पिछडिएका जातिहरूको सामाजिक-आर्थिक अध्ययन;* दाहाल, डिल्लीराम, सं., काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिवि ।

शर्मा पौड्याल, हीरामणि (२०४३) *कुमाल भाषाको अध्ययन, पर्वतः* इन्दिरा शर्मा पौड्याल ।

कुमाल, कृष्णबहादुर । कुमाल जाति जानपहिचान, प्रकाशोन्मुख पुस्तक ।

कुमाल, नविन मुखिया । https://ne.wikipedia.org/wiki/कुमाल) जाति, Accessed at 22 Oct, 2019.

कुमाल, सूर्यबहादुर (२०३७) प्राथमिक स्तरको पाठ्यक्रम/पाठ्यपुस्तक तयारीको लागि कुमाल भाषा अध्ययन प्रतिवेदन २०५५/२०५६ प्रकाशोन्मुख प्रतिवेदन ।

कुमाल, ज्ञानेन्द्र (२०६५) कुमाल जाति एक विवेचना, *कुमाल आवाज,* काठमाडौंः कुमाल राष्ट्रिय मुक्ति मोर्चा, पृ.२३-२५ ।

कुमाल, तारा (२०६५) कुमालको पहिचान र आधारहरू, *कुमाल आवाज,* काठमाडौंः कुमाल राष्ट्रिय मुक्ति मोर्चा, पृ.२९-३२ ।

कुमाल, तिलकबहादुर (२०७३) कुमाल जातिको संस्कार र संस्कृति, *सयपत्री,* काठमाडौंः नेपाल प्रज्ञा-प्रतिष्ठान ।

थापा, निमबहादुर (२०७३) प्राचीन आदिवासी जनजाति कुमालः मौलिकता र आधुनिकता, पहिचान, *आदिवासी जर्नल,* दाङ : नेपाल आदिवासी जनजाति महासंघ, लमही नगर समन्वय परिषद् तथा दलित सचेतना अभियान, पृ. ११२-१२२ ।

मुखिया, बाघवीर (२०७०) *कुमाल जातिको अध्ययन,* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

मेचे, सन्तलाल, सं. (२०७५) *आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा सम्पन्न कार्यक्रमहरूको संगालो,* ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

सर्वहारी, कृष्णराज (२०७१) कुमालहरूको सांस्कृतिक चिनारी, *आदिवासी जर्नल,* दाङ : नेपाल आदिवासी जनजाति महासंघ, चैलाही गाविस समन्वय परिषद्, पृ. २४-३७ ।

गुरुङ, हर्क (२०६६) *बहिष्करणदेखि समावेशीकरणसम्म,* काठमाडौंः सामाजिक समावेशीकरण अनुसन्धान कोष, एसएनभी नेपाल, पृ. ५४ ।

पाण्डेय, मधूसुदन (२०६३) *नेपालका जनजातिहरू,* काठमाडौं : पैरवी प्रकाशन, पृ. ५-७ ।

पाण्डेय, रामचन्द्र (२०६१) कुमाल जातिको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थाः नुवाकोट, विदुर-६ महारानी डिहीको एक अध्ययन, पाटनः समाजशास्त्र विभागअन्तर्गत पाटन संयुक्त क्याम्पसमा बुझाइएको एमए शोधपत्र (अप्रकाशित) ।

देवकोटा, प्रकाश (२०५९) हलवार गाविसका कुमाल जातिको सामाजिक, आर्थिक अवस्थाको समाजशास्त्रीय अध्ययन, पाटनः समाजशास्त्र विभागअन्तर्गत पाटन संयुक्त क्याम्पसमा बुझाइएको एमए शो धपत्र (अप्रकाशित) ।

Bhurtel, Bidyanath and Chhetri Ram B. 2006. Developement and Livilihood Changes among the Kumals in the Pokhara Valley Nepal. In *Occasional Papers in Sociology and Anthropology*, Kathmandu: Central Department of Sociology and Anthropology, TU. Vol. 33. p. 15-37.

Gurung, Harka, Yogendra Gurung, Chhabilal Chidi. 2006. *Nepal Atlas of Ethnic and Caste Grops*. Lalitpur: National

Foundation for Developement of Indigenous Nationalities [NEFDIN] p. 96-97.

Gurung, Harka, Yogendra Gurung, Chhabilal Chidi. 2006. *Nepal Atlas of Language Grops*. Lalitpur: National Foundation for Developement of Indigenous Nationalities [NEFDIN] p. 14

Nepal Kumal Community Developement Committee. 2062. Socio Economic and Cultural Survey of Kumals in Nuwakot District. Kathmandu: Nepal Kumal Community Developement Committee.

Paudel, Santosh Kumar, 2010. An Ethnic Study of Kumal Tribe. MA dissertation of RD, TU.

Subba, Chaitanya and other 2014. *A Study on the Socio-Economic Status of Indigenous Peoples in Nepal.* Kathmandu: Lawyers' Association for Human Rights of Nepalese Indigenous Peoples (LAHURNIP).

Subedi, Maya. Bhatta, Gopal Datta. 2006. Gender Role in Household Decision-Making among Kumal Community in Sukranagar, Chitwan. *Journal of Himalayan College of Agricultural Sciences and Technology.* vol. 4, issue 1. p.77-88.

Sambhu, P. Kateel. 2006. Developement as a Process of Margilization: A Case Study of the Arun Valley Kumal Community. In *Occasional Papers in Sociology and Anthropology*, Kathmandu: Central Department of Sociology and Anthropology, TU. Vol. 33. p. 39-59.

## परिशिष्ट १ः कुमाल भाषाका सय शब्द र नेपाली अर्थ

| कुमाल शब्द | नेपाली अर्थ |
|---|---|
| १. खान्कि | खाना |
| २. खोराक | पोषण |
| ३. पुइँ | पानी |
| ४. बल | गुब्बडा |
| ५. जिनिस | सामान/वस्तु |
| ६. बेला | समय |
| ७. भँडे | भाँडो |
| ८. तिउन | तरकारी |
| ९. छोप | अचार |
| १०. मङ्स | मासु |
| ११. खिच्रो | खिचडी |
| १२.नजर | आँखा |
| १३. लेखनि | कलम |
| १४. माकइ | मकै |
| १५. पत्त | पात |
| १६. रस्ति | घर |
| १७. नाला | गोठ |
| १८. थाङ्ना | लुगाफाटो |
| १९. छउँडा | छोरा |
| २०. भउजि | भाउजू |
| २१. दाजइ | दाजु |
| २२. बउ | बुबा |
| २३. आँबइ | आमा |
| २४. कतरा | कराइ |

| | |
|---|---|
| २५. ढेबरी | पानस बत्ती |
| २६. ढेबर | ओठ |
| २७. कन्ना | ढाड |
| २८. जनमास | जनता |
| २९. मछरी | माछा |
| ३०. बकरी | बाख्रो |
| ३१. गौ | गाई |
| ३२. गुँदरि | गुन्द्री |
| ३३. जिमरि | डोरी |
| ३४. नँबरि | नाम्लो |
| ३५. खपडि | टाउको |
| ३६. अनार | अनुहार |
| ३७. चन्कटि | चकटी |
| ३८. दइल | ढोका |
| ३९. आगि | आगो |
| ४०. अइना | चुल्हो |
| ४१. अदन | ओदान |
| ४२. देवता | देवता |
| ४३. बट्टे | बाटो |
| ४४. मुन्छे | मानिस |
| ४५. जाहान | परिवार |
| ४६. अँगुरि | औंला |
| ४७. डस्यान | ओछ्यान |
| ४८. मुजेत्रा | पछ्यौरा |
| ४९. दरि | तन्ना |
| ५०. डालि | डालो |

| | |
|---|---|
| ५१. रउसि | रक्सी |
| ५२. मुन | जाँड |
| ५३. गाना | गीत |
| ५४. बदलि | बादल |
| ५५. पठनि | किताब |
| ५६. गोसाँह | श्रीमान् |
| ५७. गोसेनि | श्रीमती |
| ५८. नउँ | नङ |
| ५९. बुनि | बहिनी |
| ६०. दिदइ | दिदी |
| ६१. मुसि | सानिमा |
| ६२. मुसाबा | सानोबुबा |
| ६३. छौडि | छोरी |
| ६४. नातपात | नातागोता |
| ६५. फुजि | फुपू |
| ६६. पुँसाइ | फुपाजु |
| ६७. भेना | भिनाजु |
| ६८. भानिज | भान्जा |
| ६९. घैला | घैँटा |
| ७०. पोड्का | पटुका |
| ७१. खरक | बेँसी |
| ७२. दमालि | साथी |
| ७३. दार | काठ |
| ७४. झिँजा | दाउरा |
| ७५. कुख्रा | कुखुरा |
| ७६. कदम | पाइला |

| | |
|---|---|
| ७७. मट्टि | माटो |
| ७८. पट्टि | पाटो |
| ७९. झाइ | नाटक |
| ८०. माहा | ठूलो |
| ८१. अरनि | खाजा |
| ८२. रोटा | रोटी |
| ८३. गौडिँगा | वस्तुभाउ |
| ८४. माखा | झिँगा |
| ८५. पाठशाला | स्कूल |
| ८६. उपरि | माथि |
| ८७. उँधो | तल |
| ८८. आँसि | हँसिया |
| ८९. रासन | अन्नपात |
| ९०. दङ | अचम्म |
| ९१. हाम्रे | हामी |
| ९२. हामर | हाम्रो |
| ९३. तोर | तेरो |
| ९४. तरु | तपाईं |
| ९५. मइ | म |
| ९६. ज्यू | ढोग |
| ९७. आसिक | आशीर्वाद |
| ९८. चर | प्वाल |
| ९९. मए | माया |
| १००. पिरिम् | प्रेम |